वर्ष : १३, अंक : १०, काठमाडौं, २०७४ असार २ गते शुक्रबार 16 June 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## तीन चरणको चुनाव मधेशका लागि घातक : यादव


उपेन्द्र यादव

विराटनगर । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले दुई नम्बर प्रदेशको चुनाव तेस्रो चरणमा असोज २ गते गर्ने सरकारको निर्णयप्रति तीव्र असन्तुष्टि जाहेर गरेका छन् । मधेशलाई घेराबन्दीमा पार्न नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले मिलेर षड्यन्त्र बनाएको र राष्ट्रिय जनता पार्टीको दिशाहीनताले त्यो योजना सफल भएको यादवले आरोप लगाएका छन् । गृहनगर विराटनगर आफ्नै निवासमा बिहिबार संचारकर्मीसँग कुरा गर्दै फोरम नेपालका अध्यक्ष यादवले भने,- 'कांग्रेस र माओवादीले पहिलेदेखि नै चाहन्थे कि दुई नम्बर प्रदेशको निर्वाचन तेस्रो चरणमा होस् । अन्य सबै ठाउँमा निर्वाचन सम्पन्न भइसकेपछि दुई नं. लाई घेराबन्दी गर्न सजिलो हुने योजनाले उनीहरूले यस्तो गरेका हुन् ।' आठ जिल्लामा तेस्रो चरणमा निर्वाचन गर्ने सरकारी निर्णयले सिङ्गो मधेशको अस्तित्व माथि ठाडो प्रहार भएको यादवले टिप्पणी गरेका छन् । 'मेचीदेखि महाकालीसम्म बीस जिल्लाको तराई मधेशलाई आठ जिल्ला सीमित पार्ने षड्यन्त्र भएको छ । आठ जिल्लाको भूभाग मात्रै मधेश हो भनेर मान्यता उनीहरूले स्थापित गर्न खोजिएको छ ।'- यादवले भने । तीन चरणको चुनाव मधेशको लागि घातक भएको भन्दै अध्यक्ष यादवले राजपाको दिशाहीनता र अपरिपक्व रवैयाले गर्दा कांग्रेस माओवादीको योजना सफल भएको टिप्पणी गरे । उनले भने,- 'तीन चरणको चुनावले मधेशलाई नै घाटा हुन्छ । चुनाव जति लम्बिँदै गयो र टुक्राटुक्रामा हुने चुनावले मधेशलाई नै क्षति पुग्छ ।' दिशा र गन्तव्य बिर्सेर अनिर्णीयको बन्दी बनेको टिप्पणी गर्दै अध्यक्ष यादवले राजपाले आन्दोलनको नाममा मधेशमा अराजकता मच्चाउने कार्य गरेकोले आठ जिल्लालाई छुट्टयाएर तीन चरणमा चुनाव गर्ने कांग्रेस माओवादीको योजना सफल भएको बताए । राजपाको दिशाहीन राजनीतिले गर्दा कांग्रेस माओवादीले मधेशको सिङ्गो मधेशको अस्तित्वमाथि प्रहार गर्ने मौका पाएको उनले जिकिर गरे ।

'पहाडमा एमालेसँग पराजय भोगेका कांग्रेस माओवादीलाई पहिलेदेखि नै थाहा थियो मधेशमा पनि पराजय निश्चित छ'- संघीय समाजवादी फोरम नेपाल मधेशमा पहिलो पार्टी बन्ने दाबी गर्दै अध्यक्ष यादवले भने,- 'त्यहीँ डरले उनीहरूले आठ जिल्लाको निर्वाचनलाई स्थगित गरेका हुन् ।'

## उपेन्द्र यादव खसवादीको प्रवक्ता : महतो


राजेन्द्र महतो

राकेश यादव, रौतहट । दोस्रो चरणको स्थानीय निर्वाचनको बहिस्कार गर्दै आन्दोलनमा रहेको राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको मानसिक बिग्रेको बताएका छन् । रौतहटको सदरमुकाम गौरमा प्रेस मन्च नेपाल जिल्ला शाखाले आयोजना गरेको पत्राकार सम्मेलनमा सम्बोधन गर्दै नेता महतोले मधेशको नेता भनिने उपेन्द्र यादव अहिले खसवादीको प्रवक्ता भएर हकअधिकारको लडाईमा छातीमा गोली खाने मधेशीहरूलाई गाली गरिरहेको आरोप लगाएका छन् । संवैधानिक दायराभित्र रहेर आन्दोलन गरिरहेका मधेशीलाई अवमूल्यन गरी सरकारले तराई-मधेशमा जबरदस्ती चुनाव गराउन खोजे मुलुक ठूलो द्वन्द्वतर्फ जाने चेतावनी दिँदै महतोले राजपा चुनावमा जान तयार रहेकोले चुनावको वातावरण बनाउन सरकारसँग आग्रह गरे ।

अध्यक्ष मण्डलका अध्यक्ष समेत रहेका महतोले भने, 'संघर्षका एजेण्डा पुरा गर्न तयार रहेको लिखित प्रतिवद्धता सरकारले गर्नु पर्छ हामी चुनावमा सहभागी हुन आतुर छौं ।' नेपाली काग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिलेर बनाएको त्रुटीपुर्ण संविधानमा सुधार गर्न पटक पटक आग्रह गर्दै आइरहेको उल्लेख गर्दै महतोले त्रुटी सुधार नगरेसम्म कुनैपनि हालतमा चुनाव हुन नदिने जिकिर गरे ।

२० वर्षसम्म देशमा निर्वाचन नहुँदा केही विग्रने २, ३ महिनापछि गरे के बिग्रिन सक्छ प्रश्न गरे । मधेशी, दलित, जनजाति, आदीवासी, मुस्लिम, सीमान्तकृत वर्ग, समुदायलाई अधिकारविहिन गरी बनाइएको संविधानलाई ठप्पा लगाउने उदेश्यका साथ सरकारले दोस्रो चरणको चुनाव गराउन लागिएको बताउँदै महतोले खसवादी सरकारको मानसिकता पुरा हुन नदिने दावी गरका छन् । संविधान संशोधन, झुठा मुद्दा फिर्ता, शहिद घोषणा, घाइतेहरूको उपचार खर्च सहितको क्षतिपूर्तिको माग सरकारले पुरा नगरेसम्म चुनावको परिकल्पना गर्न नसकिने महतोको भनाई रहेको छ । पत्रकारहरूको प्रश्नको जवाव दिँदै अध्यक्ष महतोले भने, 'गल्ती गर्ने दलहरू मध्ये नेपाली काग्रेस, नेकपा माओवादी मधेशको माग पुरा गर्न तयार देखिएपनि एमाले अहिलेसम्म आफ्नो भुल सुधार गर्न तयार रहेका छैन जबसम्म सुधार गरिदैन तबसम्म आन्दोलन रोकिन्नँ ।'

# असोज २ को निर्वाचन राजपाका लागि निल्नु न ओकल्नु

मधेशवाणी डेस्क

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालले आम हड्तालसहित आन्दोलन घोषणा गरेसँगै आसन्न दोस्रो चरणको स्थानीय चुनावबारे उत्पन्न भएको संशय अन्ततः तेस्रो चरणको निर्वाचन गर्ने गरी अन्त्य भएको छ । तर, अहिले पनि तेस्रो चरणको निर्वाचन हुने अनिश्चित नै छ । बिहीबार नै सरकारले आन्दोलनरत राष्ट्रिय जनता पार्टीसँग छलफल गरी यसअघि तय भएको दोस्रो चरणको निर्वाचनबाट प्रदेश नम्बर २ लाई अलग गरी असोज २ गते गर्ने निर्णय गरेको छ । यद्यपी सरकारको यस प्रकारको निर्णय राजपाको आग्रहमा भएपनि उसले निर्वाचनमा सहभागी हुने विश्वासका साथ गरिएको छ । तर सरकारको यो पछिल्लो निर्णय प्रति राजपाको पछिल्लो धारणा स्पष्ट भइसकेको छैन ।

सरकारले पछिल्ला केही दिनदेखि राजपालाई मनाउने प्रयास नगरेको होइन तर, सहमति हुन सकेको छैन । निर्णायक भनिएका वार्ताहरू एकपछि असफल हुँदै गर्दा राजपाले आन्दोलनको घोषणा गरेको छ । राजपाले असार २ को उम्मेदवारी दर्तामा अवरोध गर्न ३० गतेदेखि नै चार दिन आम हड्ताल गर्ने बताएको छ भने १४ गतेको मतदानलाई अवरोध गर्न असार १० गतेदेखि नै अनिश्चितकालीन बन्द आह्वान गरेको छ । यससँगै प्रश्न उठेको छ कि असार १४ को चुनाव अब के हुन्छ ? प्रदेश नम्बर १, ७ र ५ का पहाडी भूभागमा त सहजै चुनाव होला । तर, राजपाको आन्दोलनका बीच प्रदेश नम्बर २ र ५ का केही जिल्लामा शान्तिपूर्ण रूपमा चुनाव हुन सक्ला ? राजपा नेता महेन्द्र राय यादवका अनुसार अब बल सरकारको कोर्टमा रहेको छ । उनले यो आन्दोलनका क्रममा पनि आफूहरूले सरकारसँगको वार्तालाई जारी राख्ने बताइरहदा सरकार र राजपाबीच भएको पटक पटकको वार्ता र छलफल अहिले तार्किक निष्कर्षमा पुग्न सकेको छैन ।


राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलीय नेतागण । फाइल तस्वीर ।

राजपाको मुख्य माग संविधान संशोधन र तराइमा जनसंख्याको आधारमा स्थानीय तहको संख्या वृद्धिको माग यथावत छ । पछिल्लो निर्णय अनुसार प्रदेश नम्बर २ अर्थात समग्र मधेशमा असोज २ गते तेस्रो चरणमा निर्वाचन हुने भनिए पनि संविधान संशोधन गरी हुने वा नहुने अहिले पनि भविष्यकै गर्भमा छ । असोज २ गते निर्वाचन गर्न आजको मितिबाट ठिक तीन महिना बाँकी छ र यो समय भित्र संविधान संशोधन गर्न नसकिएला भन्न सकिदैन तर संविधान संशोधनप्रति ठूला दलहरूको असंवेदनशीलताले यसै होला भन्न सकिने आधार छैन ।

राष्ट्रिय जनता पार्टीको माग पूरा गर्न सत्तारूढ दलले चुनावको मिति सार्न गरेको निर्णय तत्कालीन राजनीतिक दृष्टिकोणले उचित भएपनि यसले केही गलत नजिरको स्थापना गरेको छ । चुनावको मिति सारेर न राजपा खुशी भएको छ, न अन्य दल । चुनाव सार्ने निर्णयले तराईका जिल्लामा टायर बालेर शुरू गरिएको आन्दोलन मत्थर त हुन सक्छ तर सरकारको निर्णयले स्वतन्त्र संवैधानिक निर्वाचन आयोगको निर्णय क्षमतामाथि पनि अंकुश लगाइदिएको छ ।

प्रधानमन्त्रीलाई भोट हाल्न पाए दौडिएर आउने र अरूबेला आन्दोलन भन्ने राजपा नेतृत्वको कार्यशैलीलाई पनि जनताले रूचाएका छैनन् ।

राजपाको घोषित आन्दोलन र सरकार दुबैको अग्नि परीक्षा अब सुरू भएको छ । आउँदो आइतबार उम्मेदवारी दर्ताको दिन हो । हरेक स्थानीय तहको उम्मेदवारी जिल्ला सदरमुकाममा होइन, स्थानीय तहको केन्द्रमा हुनेछ । यदि राष्ट्रिय जनता पार्टीले तराई मधेसका अधिकतम स्थानीय तहमा उम्मेदवारी दर्ता नै विथोल्यो भने उसको पल्ला भारी हुनेछ । र, सरकार सहमति खोज्न बाध्य हुनेछ ।

१, ७ र ५मा तेस्रो चरणको निर्वाचनमा राजपाले भाग लिन्छ लिदैन, उम्मेदवारी दिन्छ, दिदैन भन्ने हेर्न बाँकी छ । सत्ता गठबन्धनसँगको छलफलमा राजपाले चुनाव सार्ने विषयमा सहमति गरेको छ । यद्यपि उसले तेस्रो चरणमा हुने दुई नम्बर प्रदशको चुनावमा भाग लिने कुनै प्रतिबद्धता गरेको छैन । तेस्रो चरणमा गर्ने निधो गरिएको चुनावमा फेरि राजपाले कुनै अर्को नयाँ विषय ल्याएमा के अब देउवा फेरि चुनाव सार्न अघि सर्नेछन् या चुनाव गराउने बाटोमा जानेछन् ?

तर, राजपाले सोचेको जस्तो आन्दोलन भएन र, उम्मेदवारी दर्ता खासै प्रभावित भएन भने असार १४ को चुनाव पनि हुन्छ । र, यो राजपाका लागि सबैभन्दा घातक हुनेछ, किनकि उ स्थानीय सत्ताबाट ५ बर्षलाई बाहिरिने छ । यसको लाभ सबैभन्दा धेरै कांग्रेसलाई हुनेछ । त्यसपछि उपेन्द्र यादवलाई । एमाले नेताहरूले अहिले शंका पनि गर्ने गरेका छन् कि कतै कांग्रेसले आफू ठूलो दल बन्न राजपालाई बाहिर राख्न खोजेको त होइन ? सहिद घोषणा, मुद्दा फिर्ता जस्ता माग सम्बोधनका लागि भइरहेको ढिलाइ र एकै पटक गर्दा हुने ऐन कानुन संशोधनलाई चरण चरणमा गर्नुले यो शंकालाई बल दिएको छ ।

## राजपालाई सीके राउतको पत्र


डा. सीके राउत

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुरलाई स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा. सीके राउतले कोठाबाहिर मतदान अभियानमा सहभागी हुन पत्राचार गरेका छन् । आइतबार गठबन्धनका संयोजक डा. राउतले राजपाका अध्यक्ष ठाकुरलाई तीनबुँदे सुझावसहित पत्र पठाउँदै मतपत्रमा कोष्ठबाहिर छाप लाउँदै निर्वाचनको सक्रिय बहिष्कार गर्न आग्रह गरेका छन् । उनले राज्य सत्ताले मधेशी दलहरूसँग जतिसुकै सहमति/सम्झौता गरेपनि मधेशीलाई अधिकार नदिने ठोकुवासमेत गरेका छन् । राउतले 'सक्रिय बहिष्कार (मतपत्र बदर) लोकतान्त्रिक 'राइट टू रिजेक्ट' को प्रयोग उपयुक्त विकल्प हुन्छ । ५० प्रतिशत बढी मतदाताले यो प्रयोगअन्तर्गत कोष्ठबाहिर मतदान गर्नु भनेको मधेश र मधेशीलाई बाहिर राख्दै, अधिकारविहीन गराउँदै जारी गरेको संविधानको औचित्य स्वतः अन्त्य हुनु हो ।' पत्रमा उल्लेख गरेका छन् ।

## समय सन्दर्भ

ललित कुमार यादव



# कता जान सक्छ मधेश ?

पहिलो चरणको निर्वाचन सम्पन्न भई (भरतपुर वाहेक) मत परिणाम समेत आइसकेको अवस्थामा दोस्रो चरणको निर्वाचन गराउनुको विकल्प छैन । मधेशकेन्द्रित दललाई सहभागी गराउन पहिलो र दोस्रो चरणको निर्वाचनमा एक महिनाको फरक पारियो । एक महिनाको समयमा सत्ता पक्षले माग पुरा गर्न सकेन । राजपाले निर्वाचन वाहिस्कार गर्ने आफ्नो अडान कायमै राखेका कारण दोस्रो चरणको लागि निर्धारित मतदान मिति अहिले असार १४ मा पुऱ्याएको छ ।

यसरी पटक पटक मिति सार्दा आम जनताहरूमा निर्वाचन नै नहुने हो की भन्ने शंका पैदा नभएको पनि होइन । तर, सत्तापक्षबाट जसरी पनि निर्वाचन गराउने प्रतिवद्धता आए पश्चात हुने निश्चित जस्तै भयो । निर्वाचनमा जाने संकेत गर्दै केही दिन पहिला राजपा पनि तयारीमा जुटेको थियो तर, सत्तारूढ दलले गरेको लिखित प्रतिबद्धता पूरा नगरेको भन्दै निर्वाचन नै हुन नदिने खालका आन्दोलनका कार्यक्रमहरू घोषण गरेको अवस्थामा निर्वाचन हुनेमा जनताहरू अझै पनि निश्चिन्त हुन सकेका छैनन् । असार १४ गतेकै निर्वाचन सम्पन्न गराउनका लागि मौसमको पनि चुनौती छ । देशको आवश्यकता र जनताको चाहना समेत निर्वाचन नै रहेकोले सरकार पनि असार १४ मै निर्वाचन सम्पन्न गराउनु पर्ने बाध्यतामा छ ।

सकेसम्म धेरै भन्दा धेरै मतदान र क्रियाशील सम्पूर्ण राजनीतिक दलहरूको सहभागितामा उत्सवकै रूपमा निर्वाचन सम्पन्न गराउनु राज्यको दायित्व पनि हो । राजपा बाहेकका मधेशकेन्द्रित दलहरू सहभागी हुने निश्चित नै भैइसकेको छ । राजपा पनि सहभागी हुन लचिलो भएको संकेत गरेको छ । राजपालाई पनि निर्वाचनमा लिएर जानु नै राम्रो हुन्छ ।

मुलुकलाई संघीयतामा ल्याउने मूख्य भूमिका निर्वाह गरेका उपेन्द्र यादव नेतृत्वको तत्कालीन फोरमको नेतृत्वमा भएको मधेश आन्दोलनकै थियो । तसर्थ संघीयतालाई मधेश आन्दोलनको उपलब्धी मान्नु पर्छ । मधेश आन्दोलनकै कारण ठूला दलहरू संघीयतामा जान सहमत भएका थिए । यससँगै मधेशमा अधिकार र मागका आवाजहरू उठ्ने क्रम शुरू भयो । सँगसँगै विभिन्न पार्टीमा रहेका मधेशी नेताहरू पार्टी परित्याग गर्ने र मधेशको झण्डा बोकेर मधेशकेन्द्रित राजनीति गर्ने क्रमले निकै नै तीव्रता पायो । त्यतिबेलादेखि नै मधेशकेन्द्रित दलहरू मधेशको मुद्दा उठाइरहेको भएपनि सम्बोधन गराउन सकेको छैन । मधेशी जनतामा असन्तुष्टि बढ्दै छ ।

> मधेश लामो समयदेखि आन्दोलनमा भएपनि मधेशको माग पूरा नभएकोले मधेशमा असन्तुष्ट मतदाताको जमात बढ्दै छ । असन्तुष्ट जमात कुनै न कुनै रूपमा डा.सीके राउतको अभियानतिर आकर्षित हुन थोलेको छ ।

गणतन्त्रले दशकको यात्रा तय गरिसक्नु अगावै मधेश तीन पटक आन्दोलित भइसकेको छ । यो नै मधेश अग्रगामी र क्रान्तिकारी रहेको प्रमाण हो । यसले मधेश परिवर्तनको पक्षमा उभिएको पुष्टि हुन्छ । यद्यपी मधेशको माग पुरा भएको छैन । अहिलेसम्ममा सयौं मधेशी सपुतहरूले सहादत प्राप्त गरी सक्दा समेत मधेशले आफ्नो अधिकार नपाएकोमा धैर्यता चाँही गुमाएको छैन । अहिले पनि मधेश आशाकै दृष्टिले राज्यलाई हेर्दैछ ।

२०६४ को संविधानसभाको निर्वाचनबाट एउटा शक्तिको रूपमा उदाएका थिए मधेशकेन्द्रित दलहरू । सत्ताको खेलमा लाग्दा पटक पटक विभाजनाको सामना गर्नु पर्दा कमजोर नहुने कुरै भएन । विभाजनले कमजोर भइसकेकोले २०७० को संविधान सभाको निर्वाचनमा मधेशी मतदातालाई यिनीहरूले आकर्षित गर्न सकेन । फलस्वरूप संविधान सभामा यिनीहरूको उपस्थिति निकै नै कम भयो । अनि संविधान सभामा मधेशको मुद्दा छाँयामा पर्न गयो । २०७० सालमा मधेशी मतदाताका साथ अपेक्षाकृत रूपमा नपाएका मधेशकेन्द्रित दलहरूले मधेशको मुद्दा उठाउँदा मधेशी जनताको भरपुर साथ र समर्थन अहिलेसम्म पाईरहेकै छन् ।

संविधान घोषणा हुनै लाग्दा संविधानमा मधेशको अधिकार नसमेटिएको भन्दै फेरि मधेशकेन्द्रित दलहरू आन्दोलनमा जाने निर्णय लियो । गच्छदार नेतृत्वको फोरम लोकतान्त्रिक भने आन्दोलनमा नजाने निर्णय लियो । आन्दोलनमा गएका दलहरूले फेरि मधेशी जनताको साथ र समर्थन पायो । आन्दोलनले कयौं इतिहास रच्न सफल भएपनि आन्दोलन सफल हुन सकेन । यो आन्दोलन शायद विश्वको सबैभन्दा लामो समयसम्म भएको आन्दोलन थियो ।

मधेशकेन्द्रित दलहरूले नाकाबन्दी गर्नुका साथै हुलाकी राजमार्गमा मानव साङ्गलो बनाएर प्रदर्शन गर्नु लगायतका नौलो शैली अपनाएर यो आन्दोलनमा पनि सहादत प्राप्त गर्ने

बाँकी पृष्ठ ५ मा





# सम्पादकीय



## राजपाको अडान र स्थानीय तहको निर्वाचन

नवगठित राष्ट्रिय जनता पार्टी नेपालको आन्दोलनका बीच देश अहिले दोस्रो चरणको स्थानीय तह निर्वाचनको सङ्घारमा जुटेको छ। संविधान संशोधन, दलीय चुनाव चिह्न पाउनुपर्ने माग गर्दै पहिलो चरणको निर्वाचनमा भाग नलिएको राष्ट्रिय जनता पार्टीले चुनावको मुखमा आम हड्तालसम्मको विरोधका कार्यक्रम सार्वजनिक गरेको छ। जसका लागि भनेर चुनावको मिति एकपछि अर्को गर्दै असार १४ पुऱ्याइएको छ उसैले विरोध गऱ्यो वा निर्वाचनमा भाग लिएन भने कसरी निर्वाचन सम्पन्न होला यो पनि गम्भीर विषय बनेको छ। यदि दोस्रो चरणको निर्वाचन तोकिएको मिति असार १४मा हुन सकेन भने निर्वाचनको भविष्य के हुने भन्नेमा अहिले पनि अन्योल नै छ। स्वभाविक रूपमा नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्रबीच भएको सहमति अनुरूप पुष्पकमल दाहालले राजीनामा दिएर काँग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बन्ने सहज वातावरण बनाइए पनि मधेशका लागि अहिले पनि सहज वातावरण बनेको छैन। वास्तवमा संविधान कार्यान्वयनको महत्वपूर्ण पक्ष र पाटो भनेको तोकिएको मितिमा तीनै तहको निर्वाचन सम्पन्न गराउनु हो र योसँगै मुख्य दलहरूद्वारा प्रतिवद्धता जनाइएअनुसार संविधान संशोधन गरी यसको सर्वस्वीकारतालाई बढाउनु पनि हो। जबसम्म मधेशको माग र भावना संविधान भित्र पर्दैन, निर्वाचन गरेपनि यसको सफल कार्यान्वयन हुन सक्दैन। संवैधानिक व्यवस्था अनुरूप तीन तहको निर्वाचन आगामी माघ ७ गतेभित्र सम्पन्न गरिसक्नुपर्नेछ। यस्तो अवस्थामा दोस्रो चरणको स्थानीय चुनाव असार १४ मा हुनसकेन भने अब स्थानीय तहको निर्वाचनको सम्भावना टर्न सक्छ। यसो हुनु भनेको मुलुक थप सङ्कटमा पर्नु हो। अब यो अवस्थालाई पार लगाउने दायित्व र जिम्मेवारी काँग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको काँधमा आएको छ। निश्चय पनि संसद्को सबैभन्दा ठूलो दल र मुलुकको हरेक राजनीतिक आन्दोलनको अगुवाई गरेको काँग्रेसले यो जिम्मेवारी पनि पूरा गर्छ भन्ने विश्वास छ तर सरकार बनेको दुई हप्ता हुन लाग्दा पनि मधेशको मागप्रति संवेदनशील भएको छनक देखिएको छैन। राजपा सहभागी भएन भने पनि निर्वाचन हुन्छ र गरिन्छ भन्ने सरकार र सत्तारूढ दलका नेताहरूको अडानलाई तर्क संगत मान्न सकिँदैन। बल प्रयोग गरी निर्वाचन गराउन सकिन्छ तर निर्वाचनमा जनताको स्वस्फूर्त सहभागिता भएन भने यसको औचित्यमाथि प्रश्न पनि उठ्न सकिन्छ भन्ने हेक्का दलहरूले पनि लिनु पर्छ। राजपाको विरोधका बावजुद् पनि जसोतसो निर्वाचन हुन सक्ला तर काँग्रेसको नेतृत्वमा भएको चुनावको सन्देश के जाला ? यो अवस्था रह्यो भने अरू दुईवटा निर्वाचन काँग्रेसको नेतृत्वमा सम्पन्न होला त ? यो गम्भीरताप्रति काँग्रेस नेतृत्व कति संवेदनशील छ ? यतिबेला काँग्रेस नेतृत्वको सामु सबैभन्दा ठूलो चुनौतीको रूपमा राजपालाई समेत सहभागी गराएर असार १४ को स्थानीय तहको चुनाव सम्पन्न गरी आगामी माघभित्र प्रदेश सभा र केन्द्रीय संसद्को निर्वाचन गराउनु रहेको छ। अहिलेका लागि राजपाले सके प्रमुख तीन राजनीतिक दलबाट संविधान संशोधन गर्ने लिखित प्रतिबद्धता गराउने, नसके यसैलाई मुद्दा बनाएर निर्वाचनमा भाग लिनु सबैभन्दा उत्तम विकल्प हुनेछ।

> जबसम्म मधेशको माग र भावना संविधान भित्र पर्दैन, निर्वाचन गरेपनि यसको सफल कार्यान्वयन हुन सक्दैन। राजपाको विरोधका बावजुद् पनि जसोतसो निर्वाचन हुन सक्ला तर काँग्रेसको नेतृत्वमा भएको चुनावको सन्देश के जाला ?

## साताको सात बात



संविधान संशोधन बिना कुनै पनि चरणको निर्वाचन हुन सक्दैन। सरकार र अन्य प्रमुख दलहरूले हामीलाई पटक-पटक झुक्याउने कुरा गरिराखेका छन्, अब हामी मान्नेवाला छैनौं। संविधान संशोधन पछि मात्र चुनाव सम्भव छ। **महन्थ ठाकुर, अध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल**



राष्ट्रिय जनता पार्टी नेपाल स्थानीय तहको निर्वाचनमा सहभागी हुने ग्यारेन्टी भए मधेसका ११ जिल्लामा तेस्रो चरणमा चुनाव गरौं। तर, असार १४ गते हुने चुनाव अघि संविधान संशोधन हुन सक्दैन। **विजय कुमार गच्छदार, उपप्रधान तथा स्थानीय विकास मन्त्री**



'मधेशका नेता भन्नेहरूले प्रधानमन्त्रीको चुनावमा भोट हाल्ने अनि जनताले मताधिकार प्रयोग गर्न पाउने अधिकारलाई चाहीँ भोट नहाल भनेर दोधारे चरित्र देखाउन मिल्छ ? संघीयता र गणतन्त्रमाथि चौतर्फी रूपमा राजनीतिक प्रहार हुन थालेको छ। **उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल**



संविधान संशोधन, मधेश आन्दोलनको घाइतेहरूलाई क्षतिपुर्ति, मुद्दा फिर्ता र स्थानीय तहको संख्या नबढाएसम्म मधेशमा चुनाव हुन सक्दैन। बलपूर्वक निर्वाचन गराइए मुलुकमा नयाँ द्वन्द्वको विजारोपण हुन्छ। **राजेन्द्र महतो, अध्यक्ष मण्डलका सदस्य, राष्ट्रिय जनता पार्टी नेपाल**



हामीले निर्वाचन बहिष्कार भनेका छैनौं, निर्वाचनमा भाग लिन पाऊँ भनिरहेका छौं। बहिष्कार त घोषित नीतिअनुसार गरिन्छ, वैद्यले पनि गरेका थिए। तर, हामीले त यो माग पूरा भएन भने चुनावमा जान सक्दैनौं भनेका छौं। **शरत्सिंह भण्डारी, अध्यक्ष मण्डलका सदस्य, राष्ट्रिय जनता पार्टी नेपाल**



नेपालको संविधान मधेशमैत्री नहुन्जेलसम्म राजपा नेपाल स्थानीय चुनावमा जाँदैन। सरकार तथा सत्तापक्षले संविधान संशोधन गरेर मधेश र मधेशीलाई उनीहरूको हकअधिकारको ग्यारेन्टी नगरेसम्म मधेशमा कुनै पनि चुनाव नहुने हुन सक्दैन। **अनिल झा, अध्यक्ष मण्डलका सदस्य, राष्ट्रिय जनता पार्टी नेपाल**



संविधान संशोधन गर्छु भनेर सरकारले पटक-पटक लिखित सम्झौता गऱ्यो। तर, अहिलेसम्म कुनैपनि सम्झौता कार्यान्वयन गरेको छैन, अब हामी जालझेलमा पर्दैनौं। **वृषेशचन्द्र लाल, नेता, राष्ट्रिय जनता पार्टी नेपाल**

*प्रस्तुती : संगीता रेग्मी*

# मधेशको सेन्टिमेन्टसँग खेलवाड



मनोज कुमार कर्ण

> काँग्रेसले अंग्रेजको **फुटाउ र राज गर**को शैलीमा केही मधेशवादी दललाई राजपाको सौतामा निर्वाचनमा उतार्दैछ तर उ अज्ञानी छ कि ती मधेशवादी शक्ति कम्युनिस्टका रेजिड्यूहरू छन्। काँग्रेसले गाईमारी गदहा पोस्नतिर लागे।

**'जो रहीम उत्तम प्रकृति, का करी सकत कुसंग ! चन्दन विष व्याप्त नहीं, लिपटें रहत भुजंग !!'**
माथीको रहीमको वाक्यको सीधा अर्थ हो: जो मनुज स्वयँ अनुशासित र सत्य बाटोमा हुन्छ, उसलाई अरू बाईचान्स खराब व्यक्तिको संगत जीवनमा हुन गयो भने उसले केही बिगार्न सक्दैन ठिक त्यसरी नै जसरी चन्दनको वृक्षलाई विषतुल्य पार्न गोमन सर्पले पटक-पटक टोक्दापनि त्यसलाई केही असर गर्न सक्दैन। त्यस्तै, अर्को छ, अपने मन मीया मिट्ठू अर्थात्, स्वयँको प्रशंसामा लिप्त रह्नु। यी दुइटै सत्यवचन भारतीय न्यूज च्यानेल एबीपीका जनमन कार्यक्रमका प्रस्तोता दिबाङ्गबाट पहिला सिकेकोमा पुन: सिकेको हुँ। नेपालमा स्थानीय निर्वाचन दोस्रो चरण आउने आषाढ १४ गते मधेशी बाहुल्य प्रदेशहरू समेतमा सम्पन्न गर्न भनिएकोमा माथीका दुइटै सत्यवचनहरूमा कसरी मधेशी दलहरू, गैरमधेशी दललगायत सरकारी संयन्त्र लागि परेका छन् र मधेशीको सेन्टिमेन्टसंग खेलिरहेका छन्, त्यससँग जोड्ने प्रयास गरिएको छ।

### मधेशप्रति एमालेको वर्तमान अलायन्स

सबैलाई थाहा छ, एमाले मधेशविरोधी कित्तामा एक नम्बरमा पर्दछ। उसको वर्तमानमा सत्तामा जान पुरानो प्रतिस्पर्धी काँग्रेस तथा वर्तमान प्रतिस्पर्धी माओवादी केन्द्र हुन्। भारतीय सहयोग, समर्थन नेपालमा विपी कोइरालाकै पालादेखि कि काँग्रेस वा अन्य गैर कम्युनिस्टप्रति छ, रहनेपनि छ। त्यसमा एमाले र माओवादी पर्दैन। पछिल्लो चरणमा शेरबहादुर देउवाको सरकार बन्ने बेलामा एमाले अध्यक्ष केपी ओली स्वयँले एउटा राज खोले, 'हामीमात्र मधेशविरोधी हौं र ? काँग्रेस-माओवादीको वर्तमान अलायन्सले पाँचसयमाथिको नाम पदकको लागि राष्ट्रपति समक्ष सिफारिस गरिंदा नेपालमा ५१ प्रतिशत मधेशी रहेकोमा जम्मा ५१ जनाको नाम मधेशी तथा काँग्रेसी गृहमन्त्री विमलेन्द्र निधिले किन सिफारीस गरे ?' यस अघि मधेशका केही पूर्व नगरपालिकालाई उप र महामा परिणत गर्दै थप गाउँपालिका थप्ने कुरा संविधानमा संशोधनमा लाने भनेर प्रचण्डको सरकार शासनको अन्तिम चरणमा राजपालगायतलाई फकाउने उद्देश्यले काम गर्न थाल्दा उनै ओलीले प्याच्च बोले, 'एमालेले निर्वाचन संगठितरूपमै हराउने उद्देश्यले तयार पारिएको यो स्थानीय निकाय थप कदापी मान्य हुँदैन।' यसले प्रस्ट पाऱ्यो: मधेशी वा मधेशवादी दलको जनसंख्याको अनुपातमा विश्वव्यापी प्रचलन अनुसार स्थानीय निकाय थपको माग एमालेको भाषामा 'भारतीय डिजाइन, नेपाललाई फिजीकरण गर्ने नभई' एमालेले निर्वाचन हार्ने भएकोले अमान्य छ। योपनि प्रस्ट भयो, मधेशमा एमालेको संगठन छैन, अपितु सरकारी संयन्त्रको मधेशीमाथि प्रायोजित दुरूपयोग तथा मधेशी केही कथित् अवसरवादी बुद्धिजिवीको हुटिट्टयाउँको भरमा उसको पार्टी आजसम्म जितेको छ, चलेको छ। मधेशीले कम्युनिस्टहरू फाप्दैन बुझिसकेका छन्। तसर्थ, मधेशी फ्याक्टरलाई प्राय: प्रो इन्डियन भनेर उसको मागलाई एमाले वा उसको अलायन्सले दुत्कार्नुको सीधा अर्थ हो 'भारतको लगाव मधेशीसँग देखाएर चीनसँग एमालेले समीपभएर काँग्रेसलाई सत्ता षड्यन्त्रमा पछार्नु।' एमालेको दुर्भाग्य, चीनले उसको यो सकुनी चाल बुझिसक्यो। सीधा प्रश्न नेपालका मधेश, भारतविरोधी कम्युनिस्ट तथा चीनका कथित् मित्रहरूलाई: 'भविष्यमा मानौं यीनीहरूले चिताए अनुसार भारत/चीन बीच युद्ध भयो भने भारतको एउटै मिसाईल नेपालबाट यीनीहरूले राकेर चीनलाई बचाउन सक्छन् ? सक्दैनन् भने यी फटाहाहरूको पछाडी लाग्नुको साटो चीनले भारतसँग मित्रवत्‌रूपमा सीमा विवाद मिलाउँदै एशियालाई विश्वमा सुपरपावर किन नबनाउने ?' सायद यही बुझेर होला, माओवादीका प्रचण्ड सरकारले भारतविरूद्ध गएर पनि चीनसँग ओबरमा सम्झौता गरेर एमालेलाई नंग्याइदिए र औकातमा ल्याइदिए।

### मधेशप्रति काँग्रेस तथा मधेशवादीबाहेक गैरमधेशी अलायन्स

काँग्रेस सभापति तथा प्रम देउवा अझैसम्म सम्पूर्ण नेपाल र नेपालीको प्रधानमन्त्री बन्न सकेका छैनन्। त्यो **प्रचण्ड** हो, जो पहिला मधेशीको **एक मधेश प्रदेश**को मागमा कैंची लगाउन **अखण्ड चितवन**को नारा उराले र दोस्रो नम्बरमा त्यसको **कपीपेष्ट देउवा**ले सुदूर पश्चिम (सुप)मा गरे। देउवालाई अहिलेसम्म सुपको गुठियार बन्न नै मनलागेको कुरा उनका आजसम्मको व्यवहारले प्रष्ट पारेको छ। एकजना फर्मुल्ला मन्सुर, विमलेन्द्र निधिलाई केही काम आफ्नो मन्त्रालयमा कानुनसम्मत तथा स्वयँको विवेकले गरेर प्रसिद्धि र काबिलियत कमाउन नदिएर हातगोडा बाँधेर **पीउन मन्त्री** बनाउँदैमा काँग्रेसप्रति मधेशको सेन्टिमेन्ट सकारात्मक बन्दैन। हिजो पहाडे बाहुन दाजुभाई बीपी/जीपीले मधेशी महेन्द्रनारायण निधिलाई रूवाएकै हुन्, आज काँग्रेसमा आफ्ना गुटका चाणक्य विमलेन्द्र निधिलाई बनाएर पार्टी महाधिवेसन नै जितेरपनि उनै मधेशी निधिलाई सुपका गुठियार पहाडी देउवाले उपसभापति नबनाएर रूवाएका छन् भने उनलाई मधेशवादी दलसँगको सत्तामा देखिने रोडा हटाउने जिम्मा दिएर अझै पश्चिमका जिल्लालाई मधेशमा मिल्न नदिएर राख्न सकिन्छ कि भन्ने दिवास्वप्नमा देउवा रहेर एमालेका भीम रावल तथा माओवादीका लेखराज भट्टसँग षड्यन्त्रमा लिप्त छन्। भोली दोस्रो चरणको स्थानीय निकायको निर्वाचनपछि गरिने भनिएको संविधान संशोधन यदि हालनै संसदमा बहुमत पुग्ने छ र नियत सफा छ भने राजपालाई निर्वाचनमा भागलिन किन तत्काल संशोधन नगर्ने र एमालेलाई नंग्याउने ? तसर्थ, बोलीमा डिप्लोम्याट देउवा व्यवहारमा समग्र काँग्रेसलाई एमालेबाट पृथक गर्न नसकेको आम मधेशी बुझाई छ। यस अलायन्सको राजावादी पुराना राजनीतिक शक्तिहरू हाल राजावादी, हिन्दू राष्ट्रको मुद्दाबाट धेरै पर धकेलिएकोले यीनको औकात मधेशीको मागमा संसदमा भोट नहालेमा भारतका केही दल वा नेताविशेषबाट पाउँदै आएका हिन्दू राष्ट्रको मुद्दाको रकम बन्द तथा पूर्वराजाबाट पाउने 'चन्दा'पनि बन्द भई राजनीतिक खेतिपाती समाप्त हुनेछ। काँग्रेसका मधेशमा यस्तै उभयलिङ्गी रवैयाले उसका सबै कार्यकर्ता मधेशवादी दलमा गएको छ भने केही योगदान नभएकालाई उम्मेदवार नपाएर जनकपुर जस्तामा उम्मेदवार बनाउँदैछ। काँग्रेसले मन्त्रीमा मधेशी अनुहार आफ्नो कोटाबाट ५० प्रतिशत पुऱ्याउनु पर्छ र हरेक राजनीतिक, शैक्षिक नियुक्तिमा यो अनुपात बढाउनै पर्छ नत्र आज मधेशमा उम्मेदवार नपाएझैं मधेशमा सम्हलिन उनी अब पूर्ववत् मधेशी मुद्दामा अडिग रह्ने छन् भन्ने पत्याउन अब भाषण होइन कि उनको पर्फोमेन्सलाई नै मधेशीले कुरिरहेका छन्। स्मरण रहोस्, कुनै मुद्दा वा विद्रोह सधैंभरी कसैको पेवा होइन।

### सीके राउत बनाम् जेपी गोइत

यी दुवै जना एक अर्काका विपरीत् मधेशी मुद्दा स्थापित गराउने माध्यममा छन् तर यी दुवैजनाको उद्देश्य एउटै हो: मधेशलाई नेपालबाट अलग पारेर नयाँ देश बनाउने। कन्सस, सबकन्सस र अन्कन्सस माईन्डको उपजमा मधेशी युवालगायत वयोवृद्ध नेता महन्त ठाकुरसमेतले यस कुरालाई नकार्न सकेका छन् र जानीनजानी कतै बोलिहाल्छन्। यहाँ बुझ्नुपर्ने कुरा के छन् भने (१) राज्यले वैधानिकरूपमा सेना/प्रहरीलाई सशस्त्र मान्छेमार्ने तालिम दिएर मधेशी वा अपोनेन्टलाई अहिंसाको पाठ पढाउँछन्। तिमिले माऱ्यौ भने राज्यको सुरक्षा तर मधेशीले पहिचान र मुद्दा स्थापितको लागि हतियार उठाए भने हिंसा भयो ? अहिंसा प्रकृतिको नियम होइन: भैंसी, कुकुर वा मानिसनै मन नपरेकोलाई हिर्काउँछ। अब किन राज्यले कसैलाई बेवकूफ बनाउने ? पहिला हिंसा आयो, पछि अहिंसा। अहिंसा मानवसमाज र संस्कृतिको ठूलो तपस्विले ल्याएको हुनैपर्छ जसको लागि सहअस्तित्व एक नम्बरको शर्त हो तर नेपालका पहाडी रूलिङ्ग क्लास तथा काठमाडौंका घरभाडा लगाउने घर/जमीन धनीमा मधेशीप्रतिको सहअस्तित्वको भावना केवल उसँग र उसको भूमीबाट तेल, ग्यास, अनाज काठमाडौंमा बसेर खानेबेलामा याद आउँछ। बाँकी समयमा मधेशीले संघीयता र पचास प्रतिशतको माग माग्दा मधेशीलाई मार्छन् वा मार्न लगाउँछन्। यसैले पीडित थारूले मोहन वैद्दले जिम्मा लिएका अनुसार वा अधिकार माग्दा आईलाग्ने माथि स्वयँको आन, मान, सम्मानको लागि जाइलाग्दा कोही **टीकापुर वा महोत्तरीमा** मरे भने भारतीय चलचित्र 'द लेजेन्ड अफ् भगत सिंह'को नायक अजय देवगनको भाषामा त्यो प्रतिउत्तरको हत्या हिंसा नभई **प्रतिरक्षा** हो। सुरक्षाबलको जिम्मा शान्ति सुव्यवस्था निश्चित सीमामा रहेर कायम गर्नु हो, उसले **राजनीतिक माग**मा कोही मधेशविरोधी नेताद्वारा परिचालित भएर आम जनतामाथि गोली बर्साए भने स्वयँपनि ब्याटलफिल्डमै मारिने हो। जनताको सेन्टीमेन्टसामु प्रहरी, सेना उचाल्ने नेता जोगाउन आउँदैन। त्यसैले ०४६ सालताका वा स्वयँ मारिनु अघि राजा विरेन्द्रले आन्दोलनरत दलहरू वा माओवादीविरूद्ध कहिल्यै सेना परिचालन गर्ने गल्ति गरेनन् तर भाई राजा ज्ञानेन्द्रले गर्दा आज सबै ज्ञान अज्ञानमा परिणत भई भोटपनि भोटरलिस्टमा नाम नभई खसाल्न नपाउने स्थितीमा पुगेका छन्। (२) जबसम्म रूलिङ्ग क्लासको जीउज्यान, हक, प्रोपर्टीमा अपोनेन्टबाट एकमुष्ट थ्रेट देखिंदैन, तबसम्म संसारमा कुनै माग पूरा भएको छैन। के उपेन्द्र यादवले यो बुझेर हाल मधेशी जनता वा राजपा शक्तिलाई धोखा दिएका छन् र निर्वाचनमा भाग लिइरहेका छन् ? गोइत कागजी बाघमा परिणत भएका छन् किनकि उनले स्वयँको गाविसमा पनि ०७० सालको निर्वाचन बिथोल्न सकेनन् भने संविधान संशोधनको बेला मधेशीलाई कुकुर/बिरालो जस्तो पहडीया सरकारका पहडीया पुलिसले मारिरहँदा एउटै काउन्टर अटैक गर्न सकेनन्। अब फुस्रा भाषण दिएर किन मधेशी युवालाई आगोमा झोंक्नु ? गृहकार्य छैन, जीभ्रोमात्र बाहिर आयो। राउतको निर्वाचनमा भागलिएर मतपत्रबाहिर भोट चिन्ह लगाएर बोगस गर्नु र वर्तमान संविधान कति प्रतिशत मधेशीले अस्विकारेको हो भने सन्देश संसारमा फैलाउनु गलत होइन।

> मधेशविरोधीलाई भोट हाल्न काठमाडौं वा कार्यक्षेत्र छोडेर गाडीभाडा खर्च गरेर आन्दोलनको बीच गाडीमा ज्यानको बाजी राखेर भोट हाल्न किन जाने ? यसको सीधा अर्थ हो, न काँग्रेसको विरोधमा जानु, न राजपा/सीके राउतको समर्थनमा जानु। सत्य एउटै हुन्छ, थोरै हुन्छ र स्थिर पनि। त्यो हो, मधेशीको मुक्ति जरूरी छ।

राजनीतिक नियुक्तिको लागि भोली बुद्धिजिवी पनि पाउने छैन ! काँग्रेसले अंग्रेजको **फुटाउ र राज गर**को शैलीमा केही मधेशवादी दललाई राजपाको सौतामा निर्वाचनमा उतार्दैछ तर उ अज्ञानी छ कि ती मधेशवादी शक्ति कम्युनिस्टका रेजिड्यूहरू छन्। काँग्रेसले गाईमारी गदहा पोस्नतिर लागे।

### संघीय समाजवादी तथा नयाँ शक्ति

संघीय समाजवादीको तर्क 'निर्वाचनमा भाग नलिए धेरै वर्ष पहाडीहरूले राज गर्नेछन्' भन्ने (कु)तर्क पहाडीहरूको **फुटाउ र राज गर**को माखेसाङ्लोमा फसेको बताउँछ। यही त हिजो डा. बाबुराम भट्टराईले संविधान जारी गर्ने बेलामा भन्थे। आज यी दुवैजनाको संयुक्त विज्ञप्तिले **चोंचमा चोंच मिलेको** र निकट भविष्यमै पार्टी एकीकरणमा गईरहेको प्रस्ट छ। उपेन्द्र यादव पुराना कम्युनिस्ट छन् भने डा. भट्टराई जेएनयुबाट मार्क्सवादमै अर्थशास्त्रमा विद्यावारिधी छन्, जो गैरकम्युनिस्ट बन्नै सक्दैनन् र उनी मधेशमा भेष बदलेर पहाडी सेन्टिमेन्ट स्थापित गर्न **कारिन्दा**लाई चुन्न सफल भएका छन्। भविष्यमा मधेशी साधारण अवाम्ले यस धोखाधडीलाई राम्रो मूल्यांकन गर्नेछन् किनकि मधेशी दल वा जनता भनेको कसैलाई सरकारमा पठाउन सम्झौतामा सम्झौता गर्न जन्मेको समाज होइन। ज्ञातब्य छ, उपेन्द्र यादवको राजनीतिक मुद्दा मधेश एक प्रदेशमा विचलन कोशीवारी र पारी गरि मधेशलाई दुई प्रदेशमा बाँड्नेबाट करिब सात/आठ वर्ष अघिदेखि नै छ भने उजागरमात्र सोही पार्टीका जेपी गुप्ताले हृद्देश त्रिपाठीसँग डा. बाबुराम भट्टराईको सरकारमा सरकारसँग दुई मधेश प्रदेशमा गरेर गरे। दुषपरिणाम स्वयँहरू आज भोग्दैछन्। उपेन्द्र यादव आदिवासी, जनजाति ( मधेशीमाग तथा भारतविरोधी र चीन समर्थक)संग पार्टी एकीकरणमा गएकोले

### राजपा तथा मधेशी बुद्धिजिवी

राजपामा अहं छ कि मधेशी तथा मधेशमा आन्दोलन गर्ने भनेको केवल उही हो, आज एकत्रित ठाउँमा वा अलग भएरपनि। तर उसले के बुझ्नै पर्छ भने बाटामा जति मान्छे मारिएपनि काँग्रेसमा मधेशी, थारू, मुसलमानले नेतृत्वसँग विद्रोह गरेर संसद तथा पार्टीलाई मधेशप्रति लचिलो नपारेसम्म पछिल्लो धेरै माग पूरा हुनेवाला थिएन। राजपालाई मधेश आन्दोलनमा भागलिन सबै मधेशी चाहियो तर क्रेडिटलिने बेला, राजनीतिकक नियुक्तिको बेला खाली उसका **लठैत वा सगोत्री वा दानदक्षिणा** चाहियो ! मलाई लाग्छ, मधेशवादी दलमा लाग्दैमा मधेशी मुद्दाको हितैषी हो र काँग्रेसमा लागेका तर मधेशी मुद्दामा वकिल, प्राध्यापक, कर्मचारी तहबाट सम्झाउने राजपाको भाषामा दलाल र उसको दुश्मन हो भन्ने मनोविज्ञानलाई त्याग्नुपर्छ र मित्र चिन्नुपर्छ। हो, राजपालगायतको सीट संख्या संसदमा संशोधनाको लागि पर्याप्त छैन र विगतमा मन्त्री नबनेर लाग्दै आएको आरोपलाई खण्डनपनि गरेको छ। राउतको विचारलाई निर्वाचनमा नभिडाएर मतदानमा मधेशीले बहिष्कार गर्नुपर्छ भने राजपाको मधेशीप्रतिको आग्रह भविष्यमा यही बाइकटको बेस बनाएर संसारमा मधेशी अजेन्डा स्थापित गरि संविधान मधेशीले नमानेको प्रस्ट म्यासेज दिनुछ। आह्वान गर्न त सजिलो छ, तर लाइक फोर्सेज र लाइक इस्यूज्वालाहरूसँग कतिको मन मिलेको छ ? नभए, स्वयँ त नष्ट राजपा हुने नै हो, अवसर दिने भनेको संघीय समाजवादी जस्तालाई हो।

मधेशी बुद्धिजिवी: एकजना विगतमा पत्रकार रहेकाले तमलोपाबाट फोरम लोकतान्त्रिक हुँदै अदालतमा राजनीतिक नियुक्ति खाएको छ भने कान्तिपुरमा झा थरकी एक महिलाले तमलोपाको फेर समातेर त्रिविमा स्थायी जागिर खाएर हाल एमालेको कोटामा मनोनित छिन्। त्यसतै, भर्खर झा थरकै एकजना एमाले हुँदै माओवादीमा गएर पुन: जनकपुरको मेयर बन्न एमालेमा प्रवेश गरेको छ। आश्चर्य छ, कोहि मधेशी कसरी यसरी दिमागको दिवालीयापनको शिकार बन्न सक्छन् कि खानाको नाममा विष अर्थात् एमाले जस्तो पार्टीमा प्रवेश गर्न सक्छन् ? सिरहाको सरकारी विद्यालयका एक हेडमास्टर (रि.) राम आशिष यादबले अत आइतवार बताए, 'मधेशी तथा मधेशवादी दलहरू आपसमा अर्गेनाइज्ड् नहुनुको उदाहरण हो उनीहरू पदको लोभमा एमालेमा प्रवेश गर्नु। केवल एउटा पार्टी संगठन गर्नुमात्र अर्गेनाइज्ड् हुनु होइन अपितु, आफ्नो मुद्दाप्रति जहाँ रहेपनि समर्पित हुनुमात्र अर्गेनाइज्ड् हुनु हो। हामीसबैले यो स्थानीय निर्वाचन बहिष्कार गरौं र यसरी आपसमा चर्चापरिचर्चा गरिनुपनि भोली दरिलो अर्गेनाइज्ड् हुनुकै प्रकृया हो। एक त सबै मधेशी दललाई हुनैपर्छ, त्यो मधेशी मुद्दाको अपरिहार्यताले गर्नेछ।' बर्दियाको गुलरीयामा करिब ६ वर्षअघि मधेश एक प्रदेशको कार्यपत्र प्रस्तुत गर्न यो स्तम्भकार जाँदा सामान्य किसानले स्तम्भकारको गाडीसम्म छुन र कुरा गर्न आतुर थिए र भने 'मधेशी म को हुँ ? यसको जानकारी हजूरको कार्यपत्रले दिएको छ, यसलाई हनुमान चालिसा जस्तो सीरानीमुनी हामी राख्नेछौं हजूर तर यहाँले काठमाडौंमा जाँदा नेताहरूलाई एकभएर जान भन्नुस् र पत्रिकामा लेख्नुस् कि पढेलेखेका जति अवसरवाद र गद्दार हामी होइनौं !'

### मधेशीले के गर्ने निर्वाचनमा

प्रस्ट छ, यो स्तम्भकार मधेशी मुद्दामा समर्थन र कार्यमा प्रगति नदेखाउने काँग्रेस, एमाले, माओवादी, संघीय समाजवादी कसैको प्रति झुकाव राख्दैन। विपी कोइरालाले देशको राजनीतिक संघर्षको नीति बनाउँदा किसानको फोटोलाई अगाडी सारी साक्षी राखेका थिए र भोला चट्टर्जीको हरेक कृषि उपकरण, नीतिमा हलो जोत्ने किसानलाई लाभ हुन्छ कि हुँदैन भनेर सोधेका थिए। मधेशका निमुखावर्ग, किसानको माग पूरा भएको छैन तसर्थ, मधेशविरोधीलाई भोट हाल्न काठमाडौं वा कार्यक्षेत्र छोडेर गाडीभाडा खर्च गरेर आन्दोलनको बीच गाडीमा ज्यानको बाजी राखेर भोट हाल्न किन जाने ? यसको सीधा अर्थ हो, न काँग्रेसको विरोधमा जानु, न राजपा/सीके राउतको समर्थनमा जानु। सत्य एउटै हुन्छ, थोरै हुन्छ र स्थिर पनि। त्यो हो, मधेशीको मुक्ति जरूरी छ। हाल हाम्रो यस्तो निर्णयले कसलाई लाभ/हानी पुऱ्यायो भन्दापनि 'जनताको आवाज भगवानको आवाजभन्दा माथी हुन्छ' बुझ्दा नै जाती।

*(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्।)*

# चुनावपछि राजपाको मागमा छलफल गरौं



**सुवास नेम्वाङ**
**पूर्वसभाध्यक्ष तथा सांसद्**

नयाँ संविधानबाट मधेशकेन्द्रित दलले धेरै ठूला उपलब्धि हासिल गरेका छन् । केही कुरामा विमति छन् । छुट्टै दल भइसकेपछि विमत्ति हुनु अचम्मको कुरो होइन । विमत्ति नहुने हो भने हामी सबै एउटै दल भइहाल्थ्यौं नि । हाम्रो विमत्ति छ । किन भने हामी फरक-फरक दल छौं । त्यसकारण कुनै पनि कुरामा फरक दृष्टिकोण हुनु अचम्मको कुरा होइन ।

**० मधेशको समस्या समाधान नेकपा एमाले किन उदासिन ?**

– राष्ट्रिय जनता पार्टीका मागमा हामीहरू नकारात्मक छैनौं । मागहरूमा छलफल गर्न हामी तयार छौं । तर, यसलाई ठिक ढंगले कुरालाई अगाडि बढाउने प्रयास भएन । सत्ता पक्ष माग सम्बोधन गर्न तयार रहेको तर, एमाले बाधक रहेको प्रचार गरिएको छ । अर्को कुरा जसले यो माग उठाइरहेका छन्, उसको पनि आफ्नै किसिमको काम कारबाही रह्यो । हामीले प्रष्ट रूपमा भनेका छौं कि स्थानीय तहको चुनाव सकिएको भोलिपल्ट यो विषयमा कुरा गरौं । स्थानीय तहको संख्याको विवाद निर्वाचनको मुखमा आएर होइन पहिल्यै मिलाउनुपर्ने थियो । त्यतिखेर जेठ ३१ गते दोश्रो चरणको निर्वाचनको मिति तोकिएको थियो । असार १ गतेबाट यसविषयमा छलफल गर्न तयार रहेको भनेका थियौं । नेकपा एमाले कही पनि इमान्दारीका साथ आफ्नो कुरा राख्दै आएको छ ।

**० तर, नेकपा एमालेले त विगतदेखि नै मधेशकेन्द्रित दलका एजेण्डामा कुरा गर्न नचाहेको आरोप छ नि ?**

– अहिले जुन संविधान बनेको छ, त्यो हुन् । मेरो कुरा हुँदै हुँदैन भनेर अरूमाथि थोपर्न खोजियो भने त्यो सम्भव हुँदैन । त्यसकारण जनतामा जाऔं, प्रक्रियामा जाऔं । यो नै उपयुक्त बाटो हो । म एउटा उदाहरण भन्न चाहन्छु । हामीले पञ्चायती संविधानलाई फ्याकेर २०४७ सालमा संविधान बनाएका थियौं । त्यसमा हाम्रो ठूलो मतान्तर थियो । हामी त्यसमा सहमत थिएनौं । तर, तत्कालीन मालेले २७ बुँदा रिजर्भेसन राखेर आगाडि बढेको थियो । हामी संविधानअन्तर्गत चुनावमा भाग लियौं र अहिले यो ठाउँमा आइपुग्यौं । त्यसकारण लोकतान्त्रिक प्रक्रियाअनुसार अगाडि बढ्नुपर्छ ।

**० विगतका थुप्रै परिवर्तन आन्दोलनबाटै भएका छन् । पछिल्लो एक दशकमा मधेश आन्दोलनका क्रममा एक सयभन्दा बढी मानिसको मृत्यु भइसकेको छ । र, मधेशकेन्द्रित दलले आन्दोलनबाटै समस्याको समाधान खोजेका छन् । मधेशको सवालमा आन्दोलन किन परिवर्तनका कारक बन्न नसक्ने ? मतदान नै किन ?**

– यो देशमा थुप्रै राजनीतिक दलहरू मात्र राष्ट्रिय जनता पार्टीले ? फोरम नेपालले ? विजय गच्छदारजीको पार्टीले ? कांग्रेस ? एमाले ? कसले प्रतिनिधित्व गर्छन् त ? त्यसकारण हामीले मात्र प्रतिनिधित्व गर्छौं भन्ने कुरा नठानौं । सबैले प्रतिनिधित्व गर्छन् । हामी फरक फरक दृष्टिकोण भएका पार्टी छौं, हाम्रो कुरा मिल्दैन । यही संविधानमा एमालेका पनि कतिपय कुरा राखिएका छैनन् । नेकपा एमाले त प्रत्यक्ष निर्वाचन प्रधानमन्त्री भन्दै आएको थियो । माओवादी प्रत्यक्ष निर्वाचित राष्ट्रपति भन्दै थियो । नेपाली कांग्रेस बेलायत जस्तो संसद् भन्दै थियो । आखिरमा यी सबै दलले कम्परमाइज गरेका छन् ।

**० ठूला दलले मधेशबाट अत्यधिक मत ल्याएका छन् । यदि त्यसो हो भने ६ महिनासम्म मधेशकेन्द्रित दलहरूले कसरी मधेशलाई ठप्प पारे त ?**

– यो कुरालाई नै पुष्टि गर्न किन चुनावमा नजाने त । स्थानीय तहको चुनावमा गएर देखाइदिए त भइहाल्यो नि । चुनावमा जाऔं सबै पार्टीलाई हराएर देखाए त भइहाल्यो नि । तर, चुनाव नै बहिष्कार गर्ने कुरा मिलेन । चुनावमा आउनुस्, चुनाव जित्नुस्, आफ्ना एजेण्डालाई स्थापित गर्नुस् भनेर म आग्रह गर्दछु । तर, यहाँ भइरहेको छ भने आफू पनि चुनावमा नजाने र अरूलाई पनि चुनावमा नजाने रणनीति लिनु उचित हो र । वास्तवमा यो लोकतन्त्र हो ।

> मधेशलाई कसले प्रतिनिधित्व गर्छन् ? मात्र राष्ट्रिय जनता पार्टीले ? फोरम नेपालले ? विजय गच्छदारजीको पार्टीले ? कांग्रेस ? एमाले ? कसले प्रतिनिधित्व गर्छन् त ? त्यसकारण हामीले मात्र प्रतिनिधित्व गर्छौं भन्ने कुरा नठानौं । सबैले प्रतिनिधित्व गर्छन् । हामी फरक फरक दृष्टिकोण भएका पार्टी छौं, हाम्रो कुरा मिल्दैन । यही संविधानमा एमालेका पनि कतिपय कुरा राखिएका छैनन् । नेकपा एमाले त प्रत्यक्ष निर्वाचन प्रधानमन्त्री भन्दै आएको थियो ।

**० मधेशकेन्द्रित दलले उठान गरेका सबै एजेण्डामा असहमति हो ?**

– नयाँ संविधान पाँच वर्ष ८ महिना लगाएर बनाइएको हो । संविधानका विषयमा नेपालमा शतप्रतिशतको सहमति थिएन । भारतकै कुरा गर्ने हो भने ६५ प्रतिशतको सहमति थियो । अमेरिकामा ५२ प्रतिशतको सहमति थियो । हामीले शतप्रतिशत सहमति गराउन सकेको भए राम्रो हुन्थ्यो, तर सय भएन ९२ प्रतिशतको सहमति थियो । यति सहमति भइसकेपछि हाम्रो आग्रह के छ भने संविधानलाई धेरै चलायो भने बिग्रिन्छ । चुनाव गरिहालौं, संविधानलाई कार्यान्वयन गरौं, अनि जे जति कुरामा चित्त बुझेको छैन, त्यसमा जतिपटक संविधान संशोधन गरे पनि हुन्छ । भारत एक सय २२ पटक संविधान संशोधन भइसकेको छ ।

**० व्यापक धनजनको क्षति भइसक्यो । तर, पनि मधेशका एजेण्डालाई भित्रै मनदेखि आत्मसात गर्न नसकेको आरोप छ नि ?**

– सबैले मिलेर साझा संविधान बनाए । यसमा मधेश र मधेशी जनताको त्यतिकै योगदान छ । तर, केही कुरा मानिदिएन भनेर आन्दोलन गर्नु भन्ने दृष्टिकोण पनि त छ नि । अब के गर्ने ? सबैको कुरा मिलेन । सबैका सबै कुरा पर्ने गरी संविधान बनाउने हो भने यो देशमा सयभन्दा बढी संविधान चाहिन्छ । त्यसैले त साझा आधारको खोजि भएको हो नि ।

**० साझा आधार पनि नबनेको आरोप छ नि । ठूला दललाई कुनै कुरो मिलाउनुछ भने मिलेर गराइहाल्ने । तर, जतिखेर मधेशको कुरा आउँछ त्यतिखेर पन्छिने गरेको आरोप पनि त छ नि ?**

– मधेशलाई कसले प्रतिनिधित्व गर्छन् ? छन् । ती दलहरूले पनि जनतालाई प्रतिनिधित्व गर्छन् । यो कुरालाई बिर्सनु हुँदैन । केही विषयमा मतान्तर छ भने त्यसलाई विस्तारै मिलाउँदै लैजानुपर्छ । सबैका विषय एकैपटक सल्टिँदैन । एमालेको पनि फरक दृष्टिकोण छ ।

बनाउन मधेशकेन्द्रित दलको पनि ठूलो भूमिका छ । नयाँ संविधानबाट मधेशकेन्द्रित दलले धेरै ठूला उपलब्धि हासिल गरेका छन् । केही कुरामा विमति छन् । छुट्टै दल भइसकेपछि विमत्ति हुनु अचम्मको कुरो होइन । विमत्ति नहुने हो भने हामी सबै एउटै दल भइहाल्थ्यौं नि । हाम्रो विमत्ति छ । किन भने हामी फरक-फरक दल छौं । त्यसकारण कुनै पनि कुरामा फरक दृष्टिकोण हुनु अचम्मको कुरा होइन । यो विषयमा स्वयम् मधेशकेन्द्रित दलहरूबीचको पनि त धारणा फरक-फरक छन् । त्यसकारण यसलाई स्वभाविक रूपमा लिनुपर्छ । साथै छलफल गर्दै एउटा टुंगोमा पुऱ्याउने प्रयास गर्नुपर्छ ।

**० भनेपछि समस्याको समाधान के हो त ?**

– यो विषयमा सबै दल छलफल गरेर टुंगोमा पुग्नुपर्छ । हामीले पहिल्यै पनि राजपाका नेताहरूलाई भनेका थियौं कि तपाईंहरू आन्दोलनलाई निर्वाचनसम्म रोक्नुस् । निर्वाचनमा जनताले गर्ने फैसला नै सबैभन्दा ठूलो कुरा हो । त्यसकारण हामीबीच कुनै मतान्तर छ भने यसलाई टुंगोमा पुऱ्याउने तरिका भनेको जनता नै

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश))*

# नेता दलाल हुँदैमा मधेश मुद्दा ओझेलमा पर्दैन

मधेश अब कुनै एउटा नेताको मुख हेरेर बस्ने होइन । नेता अबको समयमा हराएर जान्छ समाप्त भएर जान्छ तर मधेशको माटोमा यति ठूलो शक्ति छ कि त्यो हजारौं हजार नेताहरूको जन्म दिन सक्छ । मधेशका जनताहरू छातिमा गोली खान तयार रहेको अवस्थामा एकदुई जना नेता दलाल हुँदैमा मधेश मुद्दा ओझेलमा पर्दैन ।



**राजकिशोर यादव**
**अध्यक्ष मण्डल, सदस्य राजपा नेपाल**

**० तपाई अहिलेको राजनीतिक अवस्थालाई कुन रूपमा लिनु भएको छ ?**

– मुलुक बडो गम्भिर र संवेदनशील अवस्थाबाट गुज्रिरहेको छ । मुलुक एउटा लामो जनयुद्ध खेपेर शान्ति प्रक्रिया हुँदै १२ बुँदे सम्झौता हुँदै संविधान सभाबाट संविधान जारी गरेर मुलुकमा स्थायी अमन चयन हुनु पर्थ्यो, तर दुर्भाग्य संविधानसभाबाट जसरी संविधान बन्नु पर्थ्यो त्यसको ठिक विपरीत मतादेशलाई अपमान गरेर बनाइयो । संविधान एकपक्षीय खासगरि मधेशी आदीवासी, जनजाति, दलित महिला विरोधी संविधान बनाइयो । हिजोकै शाषकहरूलाई पक्ष पोषण गर्ने प्रपन्च गरियो । त्यसको विरोधमा मधेशीहरूले ऐतिहासिक संघर्ष गरे जसमा हाम्रो पाँच दर्जनभन्दा बढी योद्धाहरूले शहादत दिए । हजारौंको संख्यामा अंगभंग भएर आज बसिरहेको स्थिति छ । निर्वाचनको नाममा मधेशसँग जसरी बेइमानी गरिरहेको छ त्यसको विरोधमा राजपा दतचित भएर मधेशी जनता, आदीवासी, शोषित जनताको पक्षमा खडा भएको छ । जसले गर्दा मुलुकमा ठूलो मुठभेडमा गइरहेको नेपाली जनतामा शंका बढेर गएको छ । मधेशीलाई पेलेर जान कोशिस गरियो भने त्यसको परिणाम जे पनि हुन सक्छ । त्यसको जिम्मेबारी यो सरकारले लिनुपर्छ । त्यसैले अहिलेको स्थितिलाई सरकारले गम्भिर रूपमा लिएर मधेशको समस्यालाई समाधान गरेर अगाडी बढनु पर्ने अवस्था रहेको छ ।

**० तपाईहरू सहमति गरेर पालैपालो प्रचण्ड र शेरबहादुर देउवालाई प्रधानमन्त्री निर्वाचनमा मतदान गर्नुभयो तर, सहमति पूरा किन हुँदैन ?**

– हामी नेपाली शाषण सत्ताको विरूद्धमा लडाई लडिरहेका छौं । हाम्रो आन्दोलन, लडाई या मधेश विद्रोह सरकारको विरूद्धमा मात्र भएको होइन । हामीले के भनेका छौं भने यो संविधान मधेश विरोधी हो, यो संविधान नश्लीय हो । त्यसैले संविधान संशोधबन गर्नका लागि सरकारले मात्रै चाहेर हुने कुरा होइन । संविधान संशोधन गर्न सरकारले वा पार्टीले चाहेर हुँदैन । संविधान संशोधन हुनका लागि राज्यसत्ता पनि तयार हुनु पर्छ । तीन बुँदे सम्झौताले मधेशलाई रणनीति जीत दिलाएको छ । यो देशका संविधान निर्माताहरू भन्थ्यो कि ९० प्रतिशत जनप्रतिनिधिहरूले बनाएको संविधान हो । त्यो तीन बुँदे सम्झौताले गलत साबित गरिदियो नि । अहिले काँग्रेस एमाले र माओवादीले पनि भन्दै छ कि संविधान संशोधन गर्नु आवश्यक छ । यसले के भन्न सकिन्छ भने मधेश जितेको छ । अब देउवा सरकारसँग हामीले केही नयाँ कुरा गरेका छैनौं । हामीले सहमतिको कागजलाई नवीकरण मात्रै गरेका हौं । वास्तवमा यो सरकारले हामीसँग गरेको बाचा, प्रतिवद्धता वा सहमति पुरा गर्न सकेन । त्यसैले कागज नविकरण गरेर उनीहरूलाई याद दिलाइ दिएको हो । तिमी हाम्रा ऋणी हौं, हाम्रो बलमा सरकार निर्माण गरेका छौं, तिमीले यो कामको जिम्मेवारी लिएका थियौं, यति काम गऱ्यौं र यति काम बाँकी छ भनेर हामीले कागज नवीकरण स्मरण गराउनका लागि मधेशले देउवा सरकारलाई समर्थन गरेको हो ।

**० देउवा सरकारलाई राजपा र फोरम नेपाल दुईटै समर्थन गरेको हो । तर उपेन्द्र यादव छुटिएपछि राजपालाई आफ्नो मुद्दा सरकारसँग सम्बोधन गराउनका लागि कमजोर परेको हो वा उपेन्द्र यादवको खाँचो खटकिएको अवस्था छ ?**

– उपेन्द्रजी त्यसरी किन जानु भो त्यो थाहा भएन । तर, उपेन्द्रजीको अध्यक्षतामा जो सहमति भएको थियो त्यो बुँदालाई नै सम्बोधन गराउनको लागि राजपा दतचित भएर लागि परेको छ । उपेन्द्रजी रातारात के पाउनु भो कोसँग के लिनु भो त्यो उहाँ नै जानून् । उहाँ आफैले एक महिना अगाडी यो संविधान पुनर्लेखनको कुरा गर्नु हुन्थ्यो । यो संविधानलाई कुनैपनि हालतमा लागु हुन दिदैनौं भन्नुहुन्थ्यो । मधेशमा महाभारत गर्छु भन्नु हुन्थ्यो । म भन्न चाहन्छु उपेन्द्र यादवले बोलेका कुरा लागु गराउन सके त ? आज उहाँ के पाउनु भो जो सरकार र निर्वाचन आयोगको प्रवक्ता जस्तो बोलिरहनु भएको छ । मलाई लाग्छ यो भन्दा ठूलो राजनीतिक बेइमानी केही पनि हुन सक्दैन । उहाँले जनताका छोराछोरीलाई हत्या गराएर आफनो राजनीतिक दुनो सोझ्याउन जुन कुकर्म गर्नु भएको छ, शब्दमा जति भनेपनि कम हुन्छ । हामी क्रान्तिमा होमिएका शक्तिहरू हाम्रो छेउछाउमा को छ भनेर हेर्दैनौं । हामी निरन्तर संघर्षको बाटोमा अगाडी बढिरहेका छौं । यो मुलुकमा स्थायी शान्ति चाहिएको छ भने मधेशलाई अन्देखा गरेर हुन सक्दैन । मधेश आफैमा एउटा शक्ति हो, मधेशलाई कुनै नेताले शक्ति बनाई दिएको होइन ।

**० ठाउँ-ठाउँमा राजपा कार्यकर्ताले उपेन्द्र यादवको विरोध गरिरहेको छन्, राजपा र फोरम आफैमा लडिरहेको अवस्था छ । यसले गर्दा मधेश मुद्दा ओझेलमा पर्दैन ?**

– राजपाको त्यस्तो कुनै रणनीति छैन र राजपा कार्यकर्ताले गरेको पनि होइन । उहाँले जनतासँग जुन कबुलनामा गरेको थियो, प्रतिवद्धता गरेको थियो, आन्दोलनमा जाउँ भनेका थिए ती पिटाइ खाएका जनताहरूले लखेटेका हुन् । मधेश अब कुनै एउटा नेताको मुख हेरेर बस्ने होइन । नेता अबको समयमा हराएर जान्छ समाप्त भएर जान्छ तर मधेशको माटोमा यति ठूलो शक्ति छ कि त्यो हजारौं हजार नेताहरूको जन्म दिन सक्छ । मधेशका जनताहरू छातिमा गोली खान तयार रहेको अवस्थामा एकदुई जना नेता दलाल हुँदैमा मधेश मुद्दा ओझेलमा पर्दैन ।

**० राजपाले मधेशमा भइरहेको रंगभेद र कार्यगत पुर्वाग्रहको सवालमा के कस्तो काम गरेको छ अथवा गर्ने रणनीति बनाएको छ ?**

– निश्चित रूपमा राजपा गठन हुनु आफैंमा मधेशको राजनीतिक इतिहासमा नयाँ ढँगबाट सुरूवात गर्ने पहलकदमी हो । हिजोसम्म कहावत थियो कि मधेशी दलहरू स्वार्थमा लागेर लोभलालचमा लागेर यिनीहरू फुट्न मात्रै जानेका छन् । जुट्न जानेकै छैन । हामीले जुटेर त्यो कुरालाई गलत शाबित गरिदियौं । राजपा खाली राजनीतिक शक्ति मात्रै होइन, सम्पूर्ण शोषणमा परेको जनताको मुक्तिको लागि गठन भएको हो । राजपाले मधेशको मुक्तिको शिवाय अरू कुनै कुरा जाने कै छैन । त्यसमा हामीले बारम्बार भनेका छौं भविष्यमा हामीले सफल अवतरण गर्न सक्छौं । हामी त्यसका लागि विभिन्न नीति र कार्यनीति बनाएका छौं । राजपा मधेशी जनताको अन्तिम विकल्पको रूपमा लडेको छ । मधेश मुदालाई र मधेश पक्षलाई सदाको समाप्त गर्नका लागि मनोवैज्ञानिक रूपमा दबाउनको लागि एउटा ठूलो ग्राण्ड डिजाइन अन्तर्गत काम गरिएको छ । त्यसैले उपेन्द्रजी जादैंमा केही हुदैंन । राजपाले जनताको भावनालाई शिरोधार्य गरेर जाँदैछ, त्यसले प्रमाणित हुन्छ कि मधेशी जनताको ढुकढुकी र आशाको किरणको रूपमा राजपा उदाएको छ ।

**० राजपा नेपालको अबको बाटो के हुनेछ ?**

– हामीले जसरी आन्दोलनको शंखनाद गऱ्यौं त्यसलाई निश्चित रूपमा दतचित भएर अगाडी बढाउँछौं । अब राजपा बिनाको चुनाव संभव छैन भन्ने कुरा हामीले पनि महशुस गरेका छौं । राज्यले द्वन्द्व गर्ने तर्फ गयो भने राजपा त्यसको जवाफ दिन पछि पर्दैन । त्यसैले राजपालाई दबाउन खोज्यो भने राजपा यो भन्दा कडा र अप्रिय निर्णय लिन बाध्य हुनेछ । उपेन्द्रजी र विजय गच्छदारले साचिक्कै मधेशको मुक्ति चाहेका हुन भने अहिले पनि आफ्ना गल्तीलाई सुधारेर आउनुपर्छ । राजपा स्वागत गर्न तैयार छ । जब शाषकहरू शाषण गर्न एक भएको छ भने हामी शोषितहरू एकजुट भएर त्यसबाट मुक्त किन हुन सक्दैनौं ।

**० अन्त्यमा मुलुकलाई यस्तो गम्भिर परिस्थितिबाट निकास दिनका लागि राजपा नेपाल कतिको जिम्मेवार छ ?**

– निश्चित रूपमा राजपा नेपाल पनि एउटा पक्ष हो । तर जोसँग साधन स्रोत सबै कुरा छ त्यो पक्षले पनि मुलुकमा शान्ति अमन-चयन दिनका लागि जिम्मेबार बन्नु पऱ्यो । बारम्बार हामीसँग सम्झौता गरे तर त्यो उल्लंघन गरियो । हामीले आजसम्म शान्तिपूर्ण रूपमा आन्दोलन गरिरहेका छौं । यो निकासको लागि त हो नत्र आन्दोलनले अर्को रूप लिन सक्थ्यो । त्यसैले राजपा मधेशको मुद्दामा जिम्मेवार छ । तर, हामीभन्दा पनि बढी जिम्मेवार तिनीहरू हुन् जो मधेशसँग बेइमानी गरिरहेका छन् । जबसम्म मधेशको समस्या समाधान हुँदैन तबसम्म देशले राजनीतिक निकास पाउन सक्दैन । जसले अधिकार खोसेर बसेका छन्, उनीहरू नै बढी जिम्मेवार हुने हो । उनीहरू जिम्मेवार र विश्वासका साथ आए भने राजपा सधैं जिम्मेवार रूपमा अगाडि बढ्छ ।

*(मधेशवाणीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)*

# सफल संवैधानिक निकाय



लक्ष्मी विलास कोइराला
सहसचिव

नेपालको निजामती प्रशासनको ईतिहास मूल्याकंनगर्दा तात्कालीन शासक राजाहरू मुखको भरमा सरकारी कर्मचारीको नियुक्ति र पजनी गर्ने गर्दथे । सरकारी सेवामा तोक आदेशको भरमा कर्मचारी नियुक्त गर्दै आएको जहानीया निरंकुस राणा शासनमा पनि योग्य उम्मेदवारको योग्यता परीक्षण गरेर मात्र निजामती सेवामा योग्य र सक्षम कर्मचारी राख्नु पर्दछ भन्ने ज्ञान आए पछि नेपालको वैधानिक कानून २००४ मा मुलुकभर सवै ठाउँमा योग्य कर्मचारीहरू भर्ना हुन भनी एक दरखास्त परिषद खडा गरि नियमबमोजिम सरकारी नोकरीका लागि उम्मेदवारहरूको दरखास्त लिन र परिषद्ले उनीहरूको योग्यता वा ल्याकत जाँचबुझ गरी नियुक्तिका लागि सरकारमा सिफारिस पेश गर्ने व्यवस्था गरिएको थियो । नेपालमा वनेका र कार्यान्वयन भएका सवै संविधानहरूले लोकसेवा आयेगलाई उच्च स्थान दिएका थिए । लोक सेवा आयोग २००८ साल असार १ गते स्थापना भएको हो । असार १ गते लाई आयोगले “लोक सेवा दिवश” को रूपमा वार्षिकोत्सव मनाउदै आएकोछ ।

यसकारण सरकारी सेवाका लागि योग्यता प्रणालीको आधारमा योग्य उम्मेदवारको खुवी परीक्षण गर्नु पर्दछ भन्ने आवश्यक पर्ने स्पष्ट हुन्छ । योग्य सरकारी कर्मचारीको आवश्यकता जहिले पनि हुन्छ र त्यस्ता उम्मेदवारको ल्याकतको परीक्षण योग्यता प्रणालीमा आधारित भएर मात्र गर्नुपर्दछ । यद्यपि, पञ्चायत कालमा लोक सेवा आयोगलाइृ निलम्वन गरेर सरकारले कर्मचारी नियुक्तिमा मनोमानी गरेको थियो । नेपालको संविधान (२०७२) मा पनि लोकसेवा आयोगलाई निजामती सेवा वाहेक अन्य सरकारी सेवा (सुरक्षा निकाय र संगठित संस्था) हरूको लागि लिखित परीक्षा सञ्चालन गर्ने थप जिम्मेवारी दिएको छ । संविधानअनुसार निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुने व्यवस्था रहेकोछ । साथै आयोगले निजामती कर्मचारी सेवा शर्त र सुविधा तथा कर्मचारी माथि हुन सक्ने विभागीय कारवाही संवन्धमा परामर्श दिने जिम्मेवारी पनि लोकसेवा आयोगको छ ।

आयोग आफुलाई सुम्पिएको जिम्मेवारी कुशलता, निष्पक्षता र तटस्थतापूर्वक सम्पादन गर्न कटिवद्ध र सक्षम छ । आफनो जिम्मेवारी पुरा गर्ने संवन्धमा आयोगको कार्य सिद्धान्त, कार्य प्रणाली र कार्य व्यवस्थाका संवन्धमा छोटो जानकारी बुँदागत रूपमा प्रस्तुत गरिएकोछ ।

१. आयोगको परीक्षालाई विश्वसनीय, निष्पक्ष र मर्यादित गराउन भएको व्यबस्था :

- आयोगले आफनो कार्य वार्षिक कार्य तालिका वनाएर सम्पन्न गर्ने गरेकोछ ।
- विषयगत खण्ड खण्डको छुटटा छुटटै उत्तरपुस्तिकाको व्यबस्था भएको
- उत्तरपुस्तिका दोहोरो परीक्षण : आयोगले तोकेको पदको परीक्षाको उत्तरपुस्तिका दोहोरो परीक्षण गराउने व्यवस्था गरिएकोछ । रा.प. प्रथम तथा द्धितीय श्रेणीको उत्तरपुस्तिका दुइ जना परीक्षकवाट परीक्षण गराइ परीक्षणको कार्यलाई अझ स्वच्छ र निष्पक्ष गराउने कार्य आरम्भ गरिएको र क्रमश : सवैमा लागू गर्दै लगिने योजना रहेको ।
- कम्तीमा पाँच सेट कच्चा प्रश्नपत्रवाट तीन सेट परिमार्जित प्रश्न पत्र निर्माण गरी प्रश्नपत्र वैंकमा राख्ने व्यबस्था
- परीक्षाको दिनमात्र परीक्षामा प्रयोग हुने प्रश्नपत्रको सेट अध्यक्षवाट छान्ने र छपाई गर्ने व्यबस्था
- उत्तरपुस्तिकाको दोहोरो कोडिंग फरक फरक शाखावाट हुने द्धिअन्ध प्रणालीको व्यबस्था भएको अर्थात एउटा शाखाको कोर काममा अर्को शाखा संलग्न नहुने व्यबस्था भएको
- Optical Mark Reader (OMR) को व्यबस्था गरि छिटो उत्तर पुस्तिका परीक्षण गर्ने व्यवस्था गरिएको
- आयोगको कार्यालयभित्रै रहेर उत्तरपुस्तिका परीक्षण गर्नुपर्ने व्यबस्था भएको
- लिखित नतिजामा उम्मेदवारको नाम थाहा हुने तर प्राप्तांक थाहा नहुने गर्न डबल ल्वाइण्ड व्यबस्था भएको
- अन्तरवार्तामा न्यूनतम ४० र अधिकतम ७० प्रतिशतमा रहेर नम्वर दिनुपर्ने व्यबस्था भएको
- अन्तरवार्ताको विज्ञले अन्तरवार्ता हुने दिनमा मात्र अन्तरवार्तामा वस्ने जानकारी पाउने व्यबस्था भएको
- आफ्नो नातामा पर्ने व्यक्तिले आयोगको कोर कार्यमा संलग्न हुन नपाउने व्यबस्था भएको
- लोकसेवा आयोगको तयारी कक्षा पढाउने कार्यमा संलग्न विज्ञलाई आयोगको कुनै पनि कोर कार्यमा संलग्न नगराउने व्यबस्था भएको,

२. आयोगका गम्भीर चासोका विषयहरू :

- निजामती सेवाको रिक्त दरवन्दीको जानकारी समयमा प्राप्त नहुने गरेको । रिक्त पद लुकाएर राख्ने प्रवृत्ति तथा माँग गरी प्रतिशत निर्धारण भैसकेको पदमा अन्यत्रवाट सरूवा गरी ल्याउने प्रवृत्तिले सिफारिस उम्मेदवारको नियुक्तिमा कठिनाई र ढीलाई हुने गरेको ।
- सेवा समूह संचालन गर्ने निकायवाट आवश्यक शैक्षिक योग्यता परिमार्जनमा चासो नराख्ने गरेको ।
- वढुवाका लागि भौगोलिक क्षेत्रको अंक गणना गर्दा रूजु २३३ दिन हाजिर भएको हुनुपर्नेमा रूजु हाजिरको व्याख्या हुन नसकेकोले अंक गणनामा कठिनाई रहेको ।
- समावेशीतर्फ अपांगको लागि छुटयाईने पदहरूमा कस्तो अपांगले भाग लिन पाउने परिभाषा गर्नुपर्नेमा हालसम्म नभएकाले भकभकाउने, सास फेर्दा गाह्रो हुने, र औलाको टुप्पोमा घाँस काटदा खोस्रिएकाले पनि अपांग भन्दै अवसर लिईरहेको अवस्था ।
- सरकारका विशिष्ट श्रेणीका पदमा वढुवा सिफारिशका लागि कार्यकुशलताको मापन सूचकहरू तयार हुन नसकेको ।
- आयोगको परामर्श औपचारिकतामा सिमित गर्दै लोकसेवा आयोगको सामान्य सिद्धान्त विपरित कार्य प्रवृति गर्ने ।
- लोकसेवा आयोगमा रिक्त पदपूर्तिका लागि माग गरीसकेपछि सोही पदमा सरूवा गरी पदपूर्ति गर्ने प्रवृति ।

३. आयोगको अगाडि रहेका चुनौतिहरू :

- कर्मचारीतन्त्रमा कार्यसम्पादन क्षमता भन्दा ज्येष्ठताको भारले महत्व पाउदै जाने प्रवृतिले मेरिट सिद्धान्तको परिपालना फिक्का हुने आंशका रहेको ।
- निजामती सेवाभित्र जनशक्ति वजारको अव्वल दर्जाको समूहलाई आकर्षित गर्न विशेष व्यवस्था र आधारभूत कार्यक्रमहरू संचालन गर्न नसकिएको ।
- आयोगको काम कारवाहीलाई पूर्णत सूचनामैत्री गराउन आवश्यक तालिम, क्षमता विकास एवं पूर्वाधारहरू तयार गर्नुपर्ने देखिएको ।
- आयोगले संचालन गर्ने परीक्षालाई प्रभावकारी एवं सुनिश्चितताको लागि आयोगको केन्द्र तथा क्षेत्रमा आफ्नै परीक्षा भवन तयार गर्नु पर्ने देखिएको ।
- आयोगको संगठनात्मक सक्षमता विकास गर्नुपर्ने भएको ।

४. परामर्श कार्यान्वयनको अवस्था :

- निजामती सेवाका कर्मचारीको अवकाश उमेर ५८ वर्षवाट ६० वर्ष वनाई सरकारी कर्मचारीको अवकाश उमेरमा समानता कायम गर्न दिइएको सुझाव कार्यान्यिन नभएको ।
- निजामती सेवामा रहने विभिन्न पदहरूको लागि न्यूनतम योग्यता परिमार्जन गर्न दिइएको सुझाव ।
- निजामती कर्मचारी माथि हुनसक्ने विभागीय कारवाही सम्वन्धमा छुटृै कार्यविधि वा निर्देशिका वनाउन दिइएको सुझाव ।
- समावेशी पदपूर्ति व्यबस्था अनुसार कुन पद कुन किसिमको अपांगता भएको उम्मेदवारका लागि उपयुक्त हुने हो सो को निक्र्यौल गरी राजपत्रमा सूचना प्रकाशन गर्न दिएको सुझाव ।
- निजामती सेवा ऐन २०४९ अनुसार सम्वन्धित निकायहरूवाट रिक्त पदको माँग सम्वन्धी जानकारी समयमा दिनु भनी दिएको सुझाव ।

५. अनुभूत गरेका सुधारका क्षेत्रहरू:

- परिवर्तित सन्दर्भ अनुकूल लोक सेवा आयोग ऐन २०७२ को स्वीकृति ।
- लोक सेवा आयोग प्रादेशिक लोकसेवा आयोगको अविभावकको रूपमा भूमिका निर्वाह गन उचीत हुने साथै प्रादेशिक लोक सेवा आयोगहरूले संघीय लोकसेवा आयोगका सामान्य सिद्धान्तहरू र प्रक्रियाको अवलम्वन गर्न, संघीय लोकसेवा आयोगको अनुभववाट प्रादेशिक आयोगलाई सक्षम वनाउन, संघीय लोकसेवा आयोग र प्रादेशिक लोकसेवा आयोग वीच परामर्श गर्न आवश्यक हुने देखिन्छ ।
- समावेशी प्रतिनिधिमूलक सक्षम निजामती सेवा (Inclusion Based Competent Bureaucracy) सार्वजनिक प्रशासनको विकास गर्ने ।
- जनशक्ति वजारवाट मेधावी (Talent) जनशक्तिलाई आकर्षित गर्नुपर्ने :
- निजामती कर्मचारीहरूको उत्पादकत्वको अध्ययन विश्लेषण गर्नुपर्ने : आयोगले सिफारिश गरेका कर्मचारीहरूको नैतिकता, सक्षमता, कार्य क्षमता, उत्पादकत्व, जिम्मेवारी एवं उत्तरदायित्व वहन समेतको अध्ययन गरी नियमित सुझाव गर्नुपर्ने ।
- आयोगलाई प्रविधिमैत्री गराउदै लानु पर्ने : आयोगको परीक्षा संचालन सम्बन्धी परम्परागत पद्धतिको संरक्षण, अवलम्बन गर्दै, सूचना संचार प्रविधिको क्रमशः प्रयोग गर्दै जाने । आयोगका सवै कर्मचारीलाई नियमित रूपमा प्रविधिमैत्री तालिम उपलव्ध गराउने ।
	- ICT based Office Automation लाई प्रभावकारी गराउदै लाने ।
	- क्रमशः Computer Based Examination लागू गर्दै जाने,
	- आयोगका सवै कामलाई क्रमशः online मा आधारित गराउने ।
- परीक्षण विधि र प्रविधिमा सुधार गरी उम्मेदवारको Knowledge का साथै गुण (traits) सीप र मनोवैज्ञानिक व्यक्तित्व र सिमुलेशन अभ्यास विधिहरू अवलम्वन गरिने Assessment Centre Methodologies (ACM) क्रमशः लागू गर्दै जाने ।
- समावेशी निजामती सेवा लगायत सवै सरकारी सेवालाई समावेशी वनाउन गरिएको आरक्षणको व्यवस्थालाई लक्षित वर्गसम्म पुर्‍याउन विद्यमान व्यवस्थामा पुनरावलोकन गर्न आयोगले परामर्शदायी भूमिका निर्वाह गर्नु पर्ने ।
- राज्यका तीनैतहका कर्मचारीतन्त्रको अन्तरसम्वन्ध, गतिशिलता, समन्वय र कार्य संजालमा आधारित सुशासन (Network Governance) कायम गर्ने ।

६. कार्यसम्पादनका सिलसिलामा गरिएका आयोगका महत्वपूर्ण सुधारहरू

- विद्युतीय माध्यम (Online) बाट उम्मेदवारहरूले दरखास्त फाराम भर्न सक्ने व्यबस्था कार्यान्वयनमा ल्याइएको । यसबाट आयोगका प्रकियाहरू नवीन प्रविधि मैत्री बनाउन सहयोग मात्र पुगेको नभई लाखौं उम्मेदवारहरूको समय र लागत बचत भएको छ । हाल सवै दरखास्तहरू online मार्फत मात्र लिने गरिएको छ ।
- आयोगले आफ्ना काम कारबाहीलाई कमशः पारदर्शी बनाउँदै लान लिखित र अन्तरवार्ताबाट सफल उम्मेदवारहरूको लब्धांक पत्र (Mark Sheet) आवश्यक गोप्यता कायम रहने गरी आफ्नो website मा संम्बन्धित व्यक्तिले हेर्न सक्ने ।
- रा.प.तृतीय श्रेणी (अप्राविधिक) का लागि मात्र लागू भइरहेको सामुहिक छलफल ( Group Discussion) लाई रा.प.तृतीय (प्राविधिक) पदहरूको लागि पनि (१० पूर्णाङ्कको) लागू गर्ने ।
- नेपालको संविधानले संगठित संस्थाको पदपूर्ति गर्दा लिखित परीक्षा लोक सेवा आयोगले लिने व्यवस्था गरेकोमा तदनुरूपको कानून जारी नभएसम्म आफ्नो संवैधानिक भूमिका निर्वाह गर्न, आयोगको प्रतिनिधिले परीक्षा सम्बन्धी सबै गोप्य काम गर्ने गरी पदपूर्तिका परीक्षा संचालन गर्न आयोगमा नयाँ महाशाखा खडा गरिएको ।
- सडक यातायातको सुविधा नपुगेको पहाडि दुर्गम जिल्ला डोल्पा र हुम्लामा तथा तराईमा सिरहाको लाहान, पर्साको विरगन्जमा प्राविधिक अप्राविधिक रा.प.अ.प्रथम र रा.प.अ.द्धितीय पदको परीक्षा केन्द्र राख्ने ।
- दृष्टिविहीन परीक्षार्थीहरूका लागि विभिन्न परीक्षामा सोधिने मनोवैज्ञानिक परीक्षणको खण्डमा रहने विभिन्न Reasoning Test मध्ये Abstract/ Pictorial Reasoning का प्रश्नहरूको जवाफ दिनु नपर्ने तथा सहयोगी लेखक आवश्यक हुने विषयगत लिखित परीक्षाको लागि प्रति घण्टा १० मिनेटका दरले थप समय प्रदान गर्ने ।

प्रशासन हाम्रा मान्छेहरूले चल्दैन । प्रशासन चलाउन राम्रा मान्छे चाहिन्छ र त्यस्ता राम्रा सक्षम मान्छेहरू निष्पक्ष र मेरिटमा आधारित भई लोक सेवा आयोगले छनौट गर्नु पर्दछ भन्ने मान्यताका कारण लोक सेवा आयोगको महत्व वढदै गएकोछ । वार्षिक कार्यतालिका वनाउने र सो कार्यतालिकाअनुरूप कार्य निष्पक्षतासाथ सम्पादन गर्ने र सो कार्यको जनताले उच्च मूल्यांकन गरि लोक सेवा आयोगप्रति जनताको अगाध विश्वास रहेको स्पष्ट नै छ । लोक सेवा आयोगले नेपाली समाजमा शीर उँचो राख्न सकेको छ र सर्वसाधारण जनताले आयोगलाई पत्याएका छन् । यसकारण लोक सेवा आयोग एक सफल संवैधानिक निकाय हो । आयोगको गरिमालाई चीरकालसम्म उच्च राख्न आयोग सदैव प्रतिवद्ध, सचेत र क्रियाशील एवं रहिरहनु पर्दछ प्रदेश लोक सेवा आयोगको पथपर्दशक हुनु पनि पर्दछ ।

# राजपाको आन्दोलनमा फोरम, लोकतान्त्रिक र नयाँ शक्तिको समर्थन

रविन्द्र यादव, नवलपरासी । नवलपरासीमा राष्ट्रिय जनता पार्टी नेपालको आन्दोलनमा संघीय समाजवादी फोरम नेपाल, नेपाल लोकतान्त्रिक फोरम र नयाँ शक्ति पार्टी नेपाल नवलपरासीले पनि समर्थन जनाएका छन् । संयुक्त लोकतान्त्रिक मधेशी थरूहट मोर्चाका जिल्ला संयोजक मुकुर्जी गिरीको अध्यक्षतामा बुधबार परासीमा बसेको बैठकमा समाजवादी फोरम, लोकतान्त्रिक फोरम र नयाँ शक्तिले समर्थन जनाएका हुन् ।



राजपाको घोषित आन्दोलनको समर्थनमा निकालिएको लाठी जुलुसमा नेतागण ।

यी तीन दलहरूलाई राजपाको आन्दोलनमा समर्थन नजनाउन केन्द्रीय निर्देशन रहेपनि मधेशका माग सम्बोधन गराउन मधेशवादी दलहरू जिल्लमा एकताबद्ध रहेकाले जिल्लास्थित नेताहरूले नवलपरासीको आन्दोलनलाई समर्थन गरेका हुन् ।

यसअघि पनि ती दलका जिल्लास्थित नेता तथा कार्यकर्ताहरूले संयुक्त लोकतान्त्रिक मधेशी थरूहट मोर्चासँगै आन्दोनलमा होमिएका थिए । बुधबारको बैठकबाट मोर्चाका नेताहरूले राजपा नेपाल, संघिय समाजबादी फोरम, नेपाल लोकतान्त्रिक फोरम र नयाँ शक्ति पार्टी नेपालको जिल्लामा मोर्चा बनाएर नै आन्दोलन गर्ने औपचारिक निर्णय गरेका छन् ।

राजपा र अन्य तीन दलका जिल्लास्थित केन्द्रीय सदस्य, जिल्ला अध्यक्ष तथा अगुवा कार्यकर्ताहरूको उपस्थितमा बुधबार परासीमा गरेको बैठकमा परासी क्षेत्रका पाँचवटै स्थानीय तहमा आन्दोलन चर्काउनका लागि १ सय १ सदस्यीय आन्दोलन समिति गठन गरिएको राजपाका प्रवक्ता राधेरमण पाण्डेले जानकारी दिए ।

सरकारले राजपालाई बहिष्कार गरी असार २ गते मनोयन दर्ता गराउन पर्यत्न गरे राजपाको गठित समितिले मनोयन विथोल्नका लागि आन्दोलन गर्नेछ । जसअन्तर्गत रामग्राम नगरपालिकामा नेपाल लोकतान्त्रिक फोरमका जिल्ला अध्यक्ष शुबास गिरीको संयोजकत्वमा समिति गठन गरिएको छ ।

यस्तै, पाल्हीनन्दनको संयोजकमा मुकर्जि गिरी, सरावल गाउँपालिकामा राधेश्याम चौधरी, प्रतापपुर गाउँपालिकामा रामपृत यादव र सुस्ता गाउँपालिकामा प्रेमचन्द्र गुप्ताको संयोजकत्वमा आन्दोलन समिति गठन गरिएको छ ।

समितिहरूमा जिल्लास्तरका नेता र सम्बन्धित स्थानीय तहका अगुवा कार्यकर्ताहरू रहेका छन् । यस्तै बैठकले मधेशवादी दलको माग सम्बोधन नभएसम्म ति स्थानीय तहहरूमा असार २ गते उम्मेदवारहरूलाई मनोयन दर्ता नगराउन र चुनावको प्रचार प्रसार रोक्नलाई मोर्चाले आग्रह समेत गरेको छ भने बन्द हडतालमा मोटरसाईकल चलाउन छुट दिईएपनि अब मोटरसाईकल चलाउँदा कालो झण्डा बाँधेर चलाउनु पर्ने मोर्चाले सर्वसाधरणलाई जानकारी गराएको छ ।

राजपाले आह्वान गरेको बन्दको दोस्रो दिन बुधबार पनि सदरमुकाम परासीसहित दक्षिणी क्षेत्रको जनजीवन प्रभावित बनेको छ । बुधबार पनि मधेशवादी दलका नेता तथा समर्थकहरूले विभिन्न ठाँउहरूमा टायर बालेर नारबाजी गर्दै प्रदर्शन गरेका छन् ।

## मधेश अपडेट

### उपेन्द्र ओलीको नयाँ अवतार : राजेन्द्र महतो



राजेन्द्र महतो

वीरगंज । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले एमाले अध्यक्ष केपी ओलीको नयाँ अवतारका रूपमा उपेन्द्र यादव प्रकट भएको आरोप लगाएका छन् । वीरगंजको घण्टाघर चोकमा बुधबार प्रेस मंच नेपाल पर्सा शाखाले आयोजन गरेको पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै महतोले हिजोको आन्दोलन पारीको भएको भन्ने केपी ओलीको भनाई र आजको आन्दोलनमा पारीको सहभागिता देख्ने उपेन्द्र यादवको कुराले ओलीको नयाँ अवतार यादव भएको भन्दै आलोचना गरे । उनले संविधान संशोधन सहित मधेशका माग पुरा गरे आफूहरू निर्वाचनमा जान प्रतिबद्ध रहेको बताए । माग पुरा नहुँदासम्म महतोले आन्दोलन कुनै हालतमा फिर्ता नहुने दावी गर्दै मधेशलाई शोषन गर्ने बेलामा कांग्रेस, माओवादी, एमाले एक भएको र अहिले अधिकार दिने बेलामा विभाजनको नाटक रहेको आरोप समेत लगाए । जनसंख्याको आधारमा गाउँपालिका, नगरपालिकाको घोषणा, मधेश आन्दोलनमा लागेका झुठा मुद्दा फिर्ता, शहिद घोषणा, घाइतेको उपचार र क्षतिपूर्ति लगायतका माग पुरा भए आफूहरू निर्वाचनमा जान तयार रहेको समेत महतोले बताए ।

### फोरमको शक्ति प्रदर्शनमा राजपाको विरोध

भैरहवा । संघीय समाजवादी फोरम नेपाल रूपन्देहीले गरेको चुनावी प्रचार प्रसार केन्द्रीत शक्ति प्रदर्शनमा राष्ट्रिय जनता पार्टी नेपालका कार्यकर्ताहरूले विरोध स्वरूप कालो झण्डा देखाएका छन् । शक्ति प्रदर्शनको क्रममा फोरमले निकालेको मोटरसाइकल तथा गाडी सहितको र्‍याली पटखौली पुग्दा राजपाका नेताहरूले सडकमा टायर बाल्नुका साथै कालो झण्डा समेत देखाएका थिए । संविधान संसोधन विना कुनै पनि हालतमा चुनाव हुन नदिने संघीय गठबन्धनको निर्णय भए पनि पछिल्लो समय फोरमले मधेशको मागहरूलाई वेवास्ता गरी चुनावमा सहभागी हुन लागेकोले त्यसको विरोध स्वरूप कालो झण्डा देखाइएको राजपा रूपन्देहीका जिल्ला सह-संयोजक प्रशान्त गुप्ता महेन्द्रले बताए । उनले संविधान संसोधन मार्फत मधेशको माग सम्बोधन नगरिए सम्म मधेशमा चुनाव हुन नदिने समेत चेतावनी दिए ।

### सिरहामा उपेन्द्र यादवको पुतला दहन



सिरहा । राष्ट्रिय जनता पार्टी नेपालका नेता कार्यकर्ताहरूले संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको पुतला दहन गरेका छन् । राजपा नेपालका नेता कार्यकर्ताहरूले फोरम अध्यक्ष यादव मधेश विरोधी भएको भन्दै आक्रोश पोख्दै पुतला जलाएका हुन् । राजपा नेता कार्यकर्ताहरूले फोरम अध्यक्ष यादवको विरूद्धमा नाराबाजीसमेत गरेका छन् । मधेश बन्दको दोस्रो दिन जिल्लाका विभिन्न ठाउँहरूमा नारा जुलस लगाएका छन् । यसैगरी, राजपाका नेता कार्यकर्ताहरूले मोटरसाइकल रैली पनि निकालेको थियो । विभिन्न ठाउँहरूमा मोटरसाइल रैली गर्दै कोण सभामा परिणत भएको राजपाका केन्द्रीय सहमहामन्त्री सुरेश मण्डलले बताएका छन् । सहमहामन्त्री मण्डलले मधेशको माग पूरा नभएसम्म कुनै पनि निर्वाचनको प्रक्रिया अगाडि बढ्न नदिने चेतावनी दिएका छन् ।

### “संयुक्त मधेश संघर्ष समिति” गठन

जनकपुरधाम । जनकपुरधामका युवाहरूले मधेशको माग पूरा गराउन ‘संयुक्त मधेश संघर्ष समिति (एसएमएसएस)’ गठन गरेका छन् । बुधबार जनकपुरधामको गोपाल धर्मशालामा बसेको युवाहरूको बैठकबाट एसएमएसएस घोषणा गरिएको छ । निर्माण गरिएको नयाँ समितिको संयोजकमा धर्मेन्द्र साह, सहसंयोजक सरोज मिश्र, सचिव लव कुमार झा, कोषाध्यक्ष नवीन यादव, प्रवक्ता मोहम्मद साफी जानी खान, कानूनी सल्लाहकारमा प्रदीप मिश्र, सल्लाहकार रामबाबु साह, मनोज साह, शंकर प्रसाद साह सहितको ११ सदस्यीय समिति निर्माण गरिएको छ ।

### इटहरीमा साझा पार्टीको उम्मेदवार घोषणा

इटहरी । साझा पार्टीले स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा प्रान्त नम्बर एकको देशकै एउटा प्रमुख उपमहानगरपालिका इटहरीमा मेयर र उपमेयरमा उम्मेदवारी दिने निर्णय गरेको छ । पार्टी निर्माण प्रक्रियाको ६ हप्तामैं काठमाडौं र ललितपुर महानगरपालिकामा उम्मेदवारी दिएर सम्मानजनक मत ल्याएपछि वैकल्पिक राजनीतिका लागि परिपक्व विकल्पका रूपमा हेरिएको साझा पार्टीले ईटहरीको मेयरका लागि प्राध्यापन र समाजसेवामा संलग्न डाक्टर तारा काफ्ले र उपमेयरका लागि पत्रकार तथा मानव अधिकारकर्मी प्रकाशचन्द्र परियारलाई उठाउने निर्णय गरेको हो । दोस्रो चरणको निर्वाचनमा साझा पार्टीका तर्फबाट उमेदवारी दिन दर्जनौं अनुरोधहरू प्राप्त भएका भए पनि संगठनको अभावमा पार्टीले मूलतः ईटहरीमा मात्र आफ्नो ध्यान केन्द्रित गर्ने लक्ष राखेको जनाएको छ ।

### टीकापुरमा नयाँ शक्तिका महिला उम्मेदवार

कैलाली । दोस्रो चरणअन्तर्गत असार १४ गते हुन लागेको स्थानीय तहको निर्वाचनका लागि नयाँ शक्ति पार्टी नेपाल कैलालीले टीकापुर नगरपालिका-७ मा सवै पदमा महिला उम्मेदवार उठाउने निर्णय गरेको छ । सात नं. वडालाई महिलामैत्री र नमुना वडा बनाउने उद्देश्यले सबै पदमा महिला उम्मेदवार मात्र उठाउने निर्णय गरेको सात नं. प्रदेशकी संयोजक लीला भण्डारीले जानकारी दिए । संयोजक भण्डारीले महिला नेत्री प्रमुख बन्न सक्षम भए पनि पहिलो चरणको निर्वाचनमा महिला उपप्रमुखमै सीमित बनाइएकाले पुरूषवादी सोच र चिन्तन तोड्नका लागि उक्त वडामा महिलाहरूको मात्र उम्मेदवार घोषणा गरेको बताए ।

### शैलजा आचार्यको स्मृतिमा दिवस मनाइयो

विराटनगर । कृष्णप्रसाद सेवा गुठीले विभिन्न कार्यक्रम गरी नेत्री शैलजा आचार्यको ८औं स्मृति दिवस मनाएको छ । सो अवसरमा गुठीले विराटनगरस्थित कोसी अञ्चल अस्पतालका बिरामीलाई रू ५० हजार मूल्य बराबरका फलफूल वितरण गरेको गुठीका अध्यक्ष मीता आचार्यले जानकारी गराए । गुठीले जेहेन्दार तथा विपन्न समुदायका १५ छात्रालाई नगदसहित पुरस्कृत पनि गरेको छ ।

### कपिलवस्तुमा कांग्रेसका उम्मेद्वार छनौट

मणि प्रसाद गैह्रे, कपिलवस्तु । नेपाली कांग्रेस जिल्ला कार्य समिति कपिलवस्तुले आगामी असार १४ मा हुने स्थानीय तहको निर्वाचनको लागी १० वटै तहको प्रमुख तथा उप प्रमुखको उमेद्धारी छनौट गरेको छ । जिल्लाका नेताहरूमा काठमाण्डौमा पुगेर केन्द्रिय कार्यालयमा केन्द्रिय नेताहरू संग बसेर उमेद्धार छनौट गरेको छ ।जिल्लाको सदमुकाममा रहेको कपिलवस्तु नगरपालिकामा मेयरमा किरण सिंह लाई छनौट गरेको छ । सिंह यस अघि कपिलवस्तु नगरपालिकामा उपमेयर निर्वाचित हुन । त्यस्तै उप मेयरमा लक्ष्मी कसौधनलाई उमेद्धारी बनाएको छ । त्यस्तै बुद्धभुमि नगरपालिका केशव कुमार श्रेष्ठलाई मेयरको उमेद्धार छनौट गरेको छ । श्रेष्ठ क्षेत्र नं १ का क्षेत्रिय सभापति हुन । उप मेयरमा मीरा थारू उम्मेदवार बन्ने निर्णय भएको छ । मायादेबी गाउं पालिकाको प्रमुखमा बलीउद्दीन मुसलमान र उप प्रमुखमा साबित्री देबी यादव तथा सुद्धोधन गाउ पालिकाको प्रमुखमा बिशंभर कुमी र उप प्रमुखमा सुधा पाण्डेय उम्मेदवार भएका छन् ।

### कैदी बन्दीहरूले गरे सामूहिक इफतार

नेपालगंज । मुस्लीम समुदायको पवित्र रमजानको अवसर पारेर बाँके जिल्ला कारागारमा रहेका मुस्लिम कैदीहरूलाई वामी नेपालको सहयोगमा मानव अधिकार संरक्षण तथा प्रवर्द्धन केन्द्र (हुरीपप)ले कैदीहरूलाई सामुहिक भोजन दान अर्थात इफतार गराएको छ । इफतार कार्यकमका प्रमुख अतिथि मो.हारूनले दुनियामा धर्मका नाममा फैलिरहेको हिसां र प्रतिहिंसाले पिरोली रहेका बेला नेपाली मुस्लिम, हिन्दु र अन्य धर्म मान्नेहरू भने बाँकेको कारागारमा बन्दी जीवन बिताई रहेकोले आपसी सदभाव स्थापना गर्न तर्फ लाग्न सबैसँग अपिल गरेका थिए । यता कारगारको नाईकेको जिम्मेवारी पाएका राजा खानले आफूहरू रमजानको रोजा निरन्तर बस्दै आएको र समाजिक सदभावका लागि आफूहरू दैनिक नमाज पछि छलफल गर्ने गरेकोले कारागारमा कुनै धार्मिक विवाद नरहेको प्रष्ट पारे ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# चुरे संरक्षणको महत्व र वर्तमान चुनौती



हेम चन्द्र महतो

> अत्यधिक चरचिरण, वन पैदावारको अत्यधिक प्रयोग, चुरे क्षेत्रमा ढुंगा गिटीका खानी जथाभावी सन्चालनको असर तराई मधेशमा देखिएको र त्यसले तराईको अन्न उत्पादनका साथै भविष्यमा वातावरणीय तथा गम्भीर मानवीय संकट निम्त्याउन सक्ने भएको हुँदा तल्लो तटीय क्षेत्रलाई जोगाई राख्न चुरे संरक्षणका लागि नेपाल सरकारबाट विभिन्न नीति, कार्यविधि, गुरूयोजनाहरू लागु भएता पनि यसलाई सधैं राजनीतिक चश्माले हेरिएकाले सबै सरोकारवालाहरूको प्रतिबद्धता हुनु चुनौती रहेको छ।

पूर्वी इलाम देखी पश्चिम कन्चनपुर सम्म ३६ जिल्लालाई छुदै नेपालको कुल भूभागको करीब १२.७८ प्रतिशत क्षेत्रफल ओगटेको चुरे क्षेत्र भौगोलिक रूपले कमजोर र ५० प्रतिशत भन्दा बढी जनसंख्यासँग प्रत्यक्ष रूपमा सम्बन्धित भएकोले वातावरणीय तथा समाजिक रूपले अत्यन्त महत्वपूर्ण मानिन्छ। वि.सं. २०५७ बैशाष १९ गते नेपाल सरकार मंत्रिपरिषदबाट स्वीकृत भई तयार भएको संशोधित वनक्षेत्रको नीति २०५७ बाट नै महत्व एवं प्राथमिकता पाएका चुरे क्षेत्रको संरक्षणमा चुनौतिहरू थपिदै गएको देखिन्छ।

"चुरे क्षेत्र" भन्नाले चुरे पहाडी श्रृंखला, सो क्षेत्र भएर बग्ने तराई मधेश क्षेत्रसम्मको नदी प्रणाली र सोको जलाधार क्षेत्रलाई सम्झनु पर्छ। नेपालमा चुरे भन्ने वितिकै चुरे श्रृखला वा चुरे पहाड बुझने गरेको पाईन्छ। चुरे श्रृखलाको उतरी पानी ढलो, जुन भित्रि मधेश उपत्यका पर्दछ, देखि चुरे श्रृखलाको दक्षिणी पानी ढलो अर्थात भावर देखि उतर चुरे श्रृखला भनी वुझनुपर्दछ। करिब चार करोड बर्ष पहिले गेग्रायन थुप्रिएर भौगर्भिक दरारको बीचमा रहेको भूभाग नै चुरे हो।

**चुरे संरक्षणको महत्व के हो ?**

चुरेक्षेत्रको ज्यादैनै महत्व रहेको कुरा नकार्न सकिन्न। चुरे श्रृखला र जैविक विविधता दुबै ज्यादै महत्वपुर्ण विषयहरू हुन। जैविक विविधता संरक्षण गर्नु भनेको दिगो विकासको अवधारणालाई टेवा दिनु हो। दिगो विकासको अवधारणामा सामाजिक, आर्थिक र जैविक पद्धति वीच सन्तुलन कायम राखिन्छ। चुरे श्रृखला भित्र रहेका समुदायहरूमा जैविक विविधताको महत्वबारे ज्ञानै नभएको भने होइन। यहाँका औषधीमूलक र सुगन्धीत वनस्पतिबाट सरकार, समुदाय र निजीक्षेत्रबाट आफ्नो प्रयोग गरी फाइदा लिएको पाइन्छ। वन्यजन्तु संरक्षणबाट पर्यापर्यटन प्रवर्द्धनबाट स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुगेको पाइन्छ साथ जलवायु परीवर्तन न्युनीकरणमा जैविक विविधता संरक्षणवाट टेवा पुगेको पाइन्छ। भूराजनैतिक हिसावले चुरे श्रृखला अर्थात उपल्लो तटिय क्षेत्रमा अवस्थित भएपनी व्यवहारीक र वातावरणीय हिसाबले तल्लो तटीय क्षेत्र नेपालका भावर, तराई, मधेशसंग नङ्ग र मासुको संम्बन्ध रहेको छ। साथै तल्लो तटीय क्षेत्र भारतको उतर प्रदेश र विहारसंग पनी सम्वन्ध रहेको पाइन्छ। १३ किसिमको पारिस्थितिकीय प्रणाली। चुरेको कुल क्षेत्रफल १८, ९८, २६३ हेक्टर मध्ये वन क्षेत्रले १३,७३,७४३ हेक्टर (७२.३ प्रतिशत), अन्य काष्ठ तथा बुट्यान क्षेत्रले २२,६७२ हेक्टर (१.१९प्रतिशत) र अन्य क्षेत्रले ५०१८४८ हे (२६.४४प्रतिशत) भाग ओगटेको छ। चुरेको कुल वन क्षेत्रफल मध्ये संरक्षीत क्षेत्रले १८ प्रतिशत, मध्यवर्ती क्षेत्रले ६ प्रतिसत ओगटेको पाईन्छ। वन क्षेत्रमध्ये संरक्षित क्षेत्र वाहिर ७६ प्रतिसत र संरक्षीत क्षेत्रमा २४ प्रतिशत ओगटेको उक्त प्रतिबेदनमा उल्लेख छ।

**चुरे संरक्षणको वर्तमान चुनौति के हो ?**

यसरी चुरेक्षेत्रमा भईरहेको वन विनाश, अनियन्त्रित गिटी वालुवा निकासी तथा भूक्षयलाई रोकी तराईमा हुन सक्ने सम्धावित मरूभूमीकरणको खतरालाई रोक्न र चुरेको संरक्षण गर्ने उद्देश्यले आ.व. २०६७/६८ मा राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रम P1 राखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम नेपाल सरकारको गौरबको कार्यक्रमको रूपमा कार्यान्वयनमा आएको सर्वविदितै छ। नेपाल सरकारले वातावरण संरक्षण ऐन २०५३ अनुसार चुरेलाई संरक्षित क्षेत्र घोषण गर्नु र विकास समिति ऐन २०१३ अनुसार वन मंत्रालय अन्तर्गत रहने गरि २०७१ साल असार २ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार राष्ट्रपति तराई मधेस संरक्षण विकास समिति गठन हुनु नै चुरे संरक्षणमा चुनौतिको बिजारोपण भएको भनी विभिन्न सरोकारवालाहरूको बुझाई छ।

असार २ गते लाई प्रत्येक वर्ष चुरे संरक्षण दिवस को रूपमा मनाउदै आएपनि संरक्षणका चुनौतिहरू दिनानुदिन बढदै आइरहेको छ। हालै नेपाल सरकारले चुरेको २० वर्षे गुरूयोजना मन्त्रिपरिषदबाट स्वीकृत समेत गरेको छ। नेपालको ३६ जिल्लालाई छुने चुरेक्षेत्रमा नेपालको प्रमुख उत्पादनशील वनक्षेत्र अधिकांश रूपमा सामुदायिक वन पर्दछन। गुरूयोजना अनुसार चुरेलाई संरक्षितक्षेत्र बनाएपछि सामुदायिक वनहरूले आफ्नो विधान र कार्ययाजान अनुसार गर्दै आएको काममा रोक लागेपछि सामुदायिक वन पक्षधरहरू विरूद्धमा उतरेकोले व्यवस्थापनमा चुनौति सावित भएको छ। सरकारले चुरे ऐन ल्याउन नसक्नु र वर्तमान वन ऐन २०४९ अनुसार सामुदायिक वन उपभोक्ता समुहको स्वायत अधिकार सुनिश्चिततामा सिर्जना भएको अवरोधलाई सम्बोधन गर्नु चुनौति रहेको छ। गुरूयोजना अनुसार १९ डिग्रीभन्दा बढी र ३१ डिग्रीभन्दा कम भिरालो भएको वनलाई उपयुक्त संवर्द्धन प्रणालीका आधारमा संरक्षण गरिनेछ। चुरेक्षेत्रका सामुदायिक वनहरू यथावत रहने उल्लेख छ। चुरेका ३६ जिल्लामा ३१ डिग्रीभन्दा बढी भिरालो भएको वनक्षेत्रमा रूख कटानी पूर्णरूपमा रोकिने उल्लेख छ। उक्त क्षेत्रबाट अबदेखि ढलेको, सुकेको र मरेको मात्र रूख निकाल्न पाइने प्रस्ताव छ। ८.५ डिग्रीभन्दा कम भिरालो भएको वनमा कार्ययोजना बनाएर काठ उत्पादन बढाउन सकिने प्रस्ताव समेत गरिएको छ। यस किसिमका व्यवस्थाले वर्तमा वन ऐन २०४८, वन नियमावलि २०५१, सामुदायिक वनबाट काठ दाउरा निकाल्ने कार्यविधि २०७१ बाझिने मात्र नभई सामुदायिक वन उपभोक्ताहरूलाई ऐक्यबद्धता गराउन उतिकै चुनौति देखिन्छ।

नेपालको संविधान २०७२ अनुसार देशमा संघिय लोकतान्त्रिक गणतन्त्र व्यवस्था लागु भईसकेको छ। सोही बमोजिम नेपाल सरकारले आ.व. २०७४/०७५ को बजेटमा वन विभाग, भूसंरक्षण विभाग र वनस्पति विभागबाट पहिले सचालन भइरहेका सामुदायिक वन विकास कार्यक्रम, वृक्षारोपण कार्यक्रम, जेविक विविधता संरक्षण कार्यक्रम, भूसंरक्षण कार्यक्रम आदी स्थानिय तहबाट सचालन गर्ने घोषणा गरेको छ। सामुदायिक वन विकास कार्यक्रम स्थानिय तह अर्न्गात रहने तर राष्ट्रपति चुरे तराइ मधेस संरक्षण कार्यक्रा संघ अन्तर्गत रहने हुनाले चुरेक्षेत्र अन्तर्गतका सामुदायिक वनहरू कस्ले, कुन विधि प्रकृयाद्वारा, कुन ऐन कानुन मार्फत संचालन हुने अन्यौल नै छ। यसले चुरेक्षेत्र भित्र पर्ने र वाहिर पर्ने सामुदायिक वनहरूको व्यवस्थापन, संरक्षण मोडेल के हुने, वितिय व्यवस्था तथा भौतिक संरचना, प्राविधिक व्यवस्थापन इत्यादी कार्य चुनौतिको रूपमा रहेको भान हुन्छ। तराई मधेस अन्तर्गतका चुरे क्षेत्र भित्र र वाहिरका सामुदायिक वन उपभोक्ताहरू फरक वन व्यवस्थापन मोडलले नकारात्मक असर पर्न सक्ने र वन विनाश तिव्र गतिमा हुने अडकल लगाउन सकिन्छ।

अत्यधिक चरचिरण, वन पैदावारको अत्यधिक प्रयोग, चुरे क्षेत्रमा ढुंगा गिटीका खानी जथाभावी सन्चालनको असर तराई मधेशमा देखिएको र त्यसले तराईको अन्न उत्पादनका साथै भविष्यमा वातावरणीय तथा गम्भीर मानवीय संकट निम्त्याउन सक्ने भएको हुँदा तल्लो तटीय क्षेत्रलाई जोगाई राख्न चुरे संरक्षणका लागि नेपाल सरकारबाट विभिन्न नीति, कार्यविधि, गुरूयोजनाहरू लागु भएता पनि यसलाई सधैं राजनीतिक चश्माले हेरिएकाले सबै सरोकारवालाहरूको प्रतिबद्धता हुनु चुनौति रहेको छ।

चुरेको विनाश रोक्न, चुरेमा हरियालि बढाउन र नविकरणीय उर्जा प्रवर्द्धन गरी चुरेमा हुने विनाश कम गराउने उद्देश्यले चुरेको २० वर्षे गुरूयोजान स्वीकृत भए पनि सम्पूर्ण जनताहरू, सम्बन्धित सरोकारवालाहरूको चुरेक्षेत्रका सवालहरू जस्तै : गरीवि, वन जंगल फडानी तथा अतिक्रमण, जैविक विविधता ह्रास, अत्यधिक भू क्षय, बढि तथा नदी कटान, ढंगा, गिटि वालुवाको अव्यवस्थित उत्खनन्, भू उत्पादकत्वमा कमी, अनुपयूक्त खेती प्रणाली, स्रोत संरक्षणमा जनचेतनाको कमी, महत्वपर्ण क्षेत्रहरू मरूभूमीकरणमा तर्फ उन्मुख, चूरे भावर र तराईको एकीकृत व्यवस्थापनमा समन्वयको कमी, चूरे भावर क्षेत्रमा जलस्रोतको सदुपयोगमा व्यवस्थापकीय कमजोरी, वन डढेलोको प्रकोप, अनियन्त्रित चरीचरन आदी को उपयुक्त सम्बोधन गर्न तथा समस्याहरू समाधान गर्न सक्रिय जनसहभागिता सुनिश्चितता गराउन सक्नु नै आजको प्रमुख चुनौति रहेको छ।

*(स.वन अधिकृत, वन विभाग, काठमाण्डौ, हाल: स्नातकोत्तर (वन विज्ञान), कृ.त.व.वि.वि., हेटौडा)*

## कता जान सक्छ...

मधेशी सपुतहरूको संख्यामा कमी आएन। सरकार आन्दोलन दबाएर भएपनि मधेशलाई गलाउने तिरै केन्द्रित भयो। संविधान घोषणा भएको दिन मधेशमा ब्लेक आउट भयो भने वाँकी भू-भागमा दिपावली। नेपाली जनताहरूको वर्षौको सपना भएको दिन सम्पूर्ण नेपाली खुसी हुन सकेन।

लामो समयसम्म आन्दोलनमा रहेका मधेशकेन्द्रित दलहरू शून्य उपलब्धीका साथ निर्वाचनमा जानुपर्ने बाध्यात्मक अवस्थामा रहेको छ। यस्तो अवस्थामा अरू दलहरूले मधेशकेन्द्रित दलहरूको नेतृत्वको क्षमता माथि प्रश्न उठाउँदै यो विषयलाई मधेशी मतदातासँग मत माग्ने मसला नबनाउँला भन्न सकिँदैन। फेरि मधेश केन्द्रित दलहरूको आकर्षण मधेशी मतदाताको माझमा घट्दो क्रममा रहेको छ। मधेशकेन्द्रित दलहरू खाली हात निर्वाचनमा जानु परेकोले आफूलाई विश्वास गर्न आग्रह गर्दै मधेशको त्याग र बलिदानलाई उपलब्धीमा रूपान्तरण गरेरै छाड्ने र मधेशको समग्र विकासमा केन्द्रित हुने प्रतिवद्धतासहित अहिलेको आन्दोलन सफल बनाउन मत माग्नुको विपल्प छैन।

मधेश लामो समयदेखि आन्दोलनमा भएपनि मधेशको माग पूरा नभएकोले मधेशमा असन्तुष्ट मतदाताको जमात बढ्दै छ। असन्तुष्ट जमात कुनै न कुनै रूपमा डा.सीके राउतको अभियानतिर आकर्षित हुन थोलेको छ। अहिले डा.सीके राउतको चुनाव चिन्ह रहेको कोठा वाहिर छाप लगाएर शान्तिपूर्ण रूपमा मतदानमा सहभागी भई जनस्तरबाटै मतदान बहिस्कार भएको सन्देश दिन मधेशी मतदातालाई आग्रह गरेको छ। यस्तो अवस्थामा मधेशकेन्द्रित दलहरूले प्रभावकारी भूमिका खेल्न नसकेमा अन्ततः सिके राउतलाई फाइदा पुग्न सक्छ।

संविधान घोषणा गर्ने बेलामा ९० प्रतिशत र दश प्रतिशतको कुरा निकै उठेको थियो। साथै मधेशकेन्द्रित दलहरूभन्दा अरू दलहरूको जनमत निकै धेरै रहेको प्रचार पनि निकै भयो। यसरी एउटै मुद्दा बोकेर विभाजित भई निर्वाचनमा गएकाले मधेशकेन्द्रित दलहरूले आफ्नो जनमत जोगाउन नसकेको कारण सदन नै उपेक्षित हुनु पर्यो। यसबाट मधेशकेन्द्रित दलका नेतृत्वले पाठ सिके की सिकेनन थाहा पाउन अहिले यिनीहरू निर्वाचनमा कसरी भाग लिन्छ, त्यसबाट नै थाहा हुनेछ।

मधेशकेन्द्रित ६ वटा दलहरू एकीकृत भएर राजपा गठन गरेका छन्। अहिले पनि मधेशकेन्द्रित राजनीति गर्ने दलको संख्या तीन कायमै रहेको छ। यिनीहरू तालमेल नगर्दा यिनीहरूको मत बाँडिन्छ। यसको फाइदा ठूला तीन दललाई हुन्छ। ठूला तीन दलको आ-आफ्नो रिजर्भ मतदाताको संख्या मधेशमा पनि कम छैन। फेरि ठूला दलहरू मधेशमा रहेको असन्तुष्ट मतदातालाई आफ्नो प्रभावमा पार्न सकेमा मधेशको जनमतले यु-टर्न लिन सक्ने सम्भावना छ। सीके राउत पनि आफ्नो अभियान चलाउँदै छ। यस्तोमा असन्तुष्ट मतदाताको संख्या वढेमा फाइदा सीके राउतको अभियानलाई हुने सम्भावना उतिकै रहन्छ। सि.के. राउतको अभियान सफल भएमा मधेशको राजनीतिले अर्को बाटो लिन सक्छ।

सिनुरजोडा-५, धनुषा
lkskeshariaaryan@gmail.com

## निर्वाचन सम्बन्धि अन्तरक्रिया बिथोल्यो

धनुषा। धनुषाको मिथिला नगरपालिकाको ढल्केबरमा आयोजना गरेको निर्वाचन आचार संहियता सम्बन्धि अर्न्तक्रिया कार्यक्रम राष्ट्रिय जनता पार्टी नेपालका नेता तथा कार्यकर्ताले बिथोलेको छ। राजपा नेपालले संविधान संशोधन विना मधेशमा कुनै पनि किसिमको चुनाव हुन नदिने र चुनावी गतिवीधि पनि गर्न नदिने भन्दै बन्द आमहडतालको घोषणा गरेको छ। सोहि अनुरूप चुनावी गतिवीधि गरेको भन्दै राजपाका केन्द्रिय सदस्य तथा पार्टीका नगर बोर्ड प्रतिनीधि समेत रहेका राम कुमार महतोले सो कार्यक्रममा भएको माईनेटिङ्ग नियन्त्रणमा लिइ च्यातेर कार्यक्रम विथोलिएको जनाइएको छ। साथै कार्यक्रम स्थल बाहिर राजपाका नेता तथा कार्यकर्ताले नाराबाजी गर्दै बिरोध प्रदर्शन गरेका थिए। केन्द्रिय सदस्य राम कुमार महतोले कार्यक्रमलाई बहिष्कार गरेको भन्दै प्रहरी प्रशासनले आफु माथी दुर्व्यव्यवहार गरी पक्राउ गरेको बताए। उनले संचारकर्मीसंग कुराकानी गर्दै स्थानिय प्रशासनले देखाएको व्यवहार पुनः दोहऱ्याए कडा प्रतिकार गर्ने चेतावनी समेत दिएको छ। यता प्रहरीले केन्द्रिय सदस्य महतो माथी दुर्व्यव्यवहार गरी पक्राउ गरेको बिरोध गर्दै बुधवार साझ ढल्केबरमा मशाल जुलुश समेत प्रदर्शन गरेको छ। यता, इलाका प्रहरी कार्यलय ढल्केबरको प्रमुख माधव प्रसाद काफले केन्द्रिय सदस्य राम कुमार महतो माथी कुनै किसिमको दुर्व्यव्यवहार नभएको दावी गरे। उनले निर्वाचन विरोधी गतिवीधि गरेको महतोलाई सम्झाई बुझाई छोडेको प्रतिक्रिया दिए।

## आमहडतालले जनजीवन प्रभावित

मो. इमरान खान, कपिलवस्तु। राष्ट्रिय जनता पार्टी नेपाल नेतृत्वको संघीय गठबन्धनद्वारा घोषित मधेश बन्दको क्रममा कपिलवस्तु जिल्ला पूर्णरूपले ठप्प छ। मुख्य व्यापारिक नाका तौलिहवाको जिल्ला प्रशासन अगाडि तथा विद्युत प्राधिकरण अगाडि बिहानैदेखि मुख्य सडकको चौक चौकमा त्यसैगरी बाइपास सडक खण्डको ठाउँ ठाउँमा प्रदर्शन जारी रहेको छ। प्रदर्शनकै क्रममा चार वटा मोटरसाईकलमा तोडफोड भएको छ। जसमध्ये एउटा निर्वाचनमा खाटिएका कर्मचारी लु ३३ प ८११५ को पलसर मोटरसाईकलमा तोडफोड भएको छ। कपिलवस्तुको बजार, शैक्षिक संस्था, सवारीसाधन, प्रतिष्ठान, कलकारखाना ठप्प रहेको राजपा नेपाल कपिलवस्तुका ६ दलीय अध्यक्ष कालिपद शर्मा उर्फ जनसन तथा राजपा नेपाल कपिलवस्तुका संयोजक कैलाश अग्रहारीले जनाएका छन्। आन्दोलन परिचालन समितिका नेता कार्यकर्ताहरू एवं पार्टीका स्थानीय नेता कार्यकर्ताहरू आन्दोलनलाई सशक्त बनाउन बिहानैदेखि सडकमा उत्रेका छन्। चार दिनको बन्दको पहिलो दिन कपिलवस्तु जिल्लापूर्ण रूपले प्रभावित भएको छ।

## संक्षिप्त समाचार

### सशस्त्र प्रहरीद्वारा बालिकाको उद्धार

बाँके। बाँके जिल्लाको नेपालगञ्ज उपमहानगरपालिका १२ स्थित विपिचोकमा मंगलबार बेलुका एक घरको छतबाट खस्दै गरेकी एक बालिकालाई जमिनमा पर्नु अगाडि नै सशस्त्र प्रहरीले समाती सकुशल उद्धार गरेको छ। स्थानीय नफिज करिवालको तीन वर्षिय छोरी जयनत करिवाललाई बेलुका करीव सवा चारबजे दुई तले घरको छतबाट खस्दै गरेको अवस्थामा देखेर त्यही ठाँउमा ड्युटीमा रहेका सशस्त्र प्रहरीले उद्धार गरेको हो। बच्चा छतबाट खस्दै गरेको देखेका सशस्त्र प्रहरी नायव निरीक्षक भीमबहादुर कठायतले ती बालिकालाई जमिनमा पर्नुभन्दा पहिल्यै समातेर उद्धार गरेका थिए। सो ठाउँमा सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा कार्यालय बाँकेबाट निज सशस्त्र प्रहरी नायव निरीक्षक कठायतसहितको एपीएफ टोली ड्युटीमा खटिएको थियो।

### ट्याक्टरबाट खसेर महिलाको मृत्यु

मोरङ। लेटाङ नगरपालिका-७ वारङी बस्ने ५४ बर्षीया हर्कमाया लिम्बुको ट्याक्टरबाट खसेर मृत्यु भएको छ। आइतबार सोही नगरपालिका-६ लामीटार स्थित को.२ त ११८८ नम्बरको ट्याक्टरबाट लडेर गम्भीर घाइते भएकी लिम्बुको उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु थियो। ट्याक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### बन्दुक र हरिणको छालासहित दुई पक्राउ

इनरूवा। सुनसरीको रामधुनी नगरपलिका-७ बाट प्रहरीले भरूवा बन्दुक र हरिणको छालासहित दुई जनालाई बुधबार पक्राउ गरेको छ। पक्राउ पर्नेमा रामधुनी नगरपलिका-७ का हर्कराज राई र उनकै छोरा सिवन राई रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ। इलाका प्रहरी कार्यालय पकलीको टोलीले उनीहरूको घरबाट हरिणको छाला पुरानो एक थान, नयाँ एक थान र हरिणको आलो मासु तथा भरूवा बन्दुक एक थान र फलामको नाल दुई थान बरामद गरेको छ।

### सप्तरीमा दुईको मृत्यु

राजविराज। सप्तरीको छुट्टाछुटै घटनामा परी एक बालिकासहित दुई जनाको मृत्यु भएको छ। सप्तरीको बेल्हीचपेना गाउँपालिका- १ मा करेन्ट लागेर आज साँझ एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय ३५ वर्षीय देवजी मण्डल रहेको प्रहरीले जनाएको छ। उनको आफ्नै घरमा मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेको प्रहरीले जनाएको छ। यस्तै सप्तरीको खडक नगरपालिका- २ स्थित पोखरीमा डुबेर एक जना बालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय मिलन चौधरीको सात वर्षीया छोरी निरूता चौधरी रहेको प्रहरीले जनाएको छ।

### खुकुरी प्रहार गर्नेहरू पक्राउ

बाँके। बैजनाथ गाउँपालिका-५ गुरूवा गाउँ बस्ने ६७ वर्षीया कमला बिकलाई खुकुरी प्रहार गरी घाइते बनाउने कार्यमा संलग्न बैजनाथ-५ बस्ने २५ वर्षीय दिपकनाथ योगी लगायत ३ जनालाई बुधबार प्रहरीले पक्राउ गरेको छ। मादक पदार्थ सेवन गरी बिकको घरमा आएका उनीहरूले खुकुरी प्रहार गर्दा घाइते भएकी बिकलाई उपचारको लागि मेडिकल कलेज कोहलपुर बाँके पठाइएको छ।

### चट्याङ लागेर एकको मृत्यु

सर्लाही। बरहथवा नगरपालिका-१ छसय बिघाह बस्ने १७ वर्षीय रबि वाईबाको चट्याङ लागेर बुधबार मृत्यु भएको छ। रबि र उनका भाई १३ वर्षीय लक्ष्यु वाईबा खेतमा मकै भाँचीरहेको अवस्थामा अचानक चट्याङ लाग्दा घाइते भएपछि उपचारको लागि बरहथवातर्फ लैजाने क्रममा रबिको बाटोमै मृत्यु भएको थियो।

### ट्याक्टरको ठक्करबाट बालकको मृत्यु

चितवन। माडी नगरपालिका-५ राधापुरमा मंगलबार ट्याक्टरको ठक्करबाट एक बालकको मृत्यु भएको छ। ना ५ त २४५६ नम्बरको ट्याक्टरले ठक्कर दिँदा स्थानीय छ वर्षीय सुजन विकको मृत्यु भएको हो। ट्याक्टरको ठक्करबाट गम्भीर घाइते विकको उपचारका लागि भरतपुरतर्फ ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ।

### ट्याक्टर पल्टिँदा बालकको मृत्यु

सर्लाही। बिष्णु गाउँपालिका-५ फेन्हरा टोलस्थित हनुमान चोकमा ज.१ त.१२८० नम्बरको ट्याक्टर मंगलबार पल्टिँदा एक बालकको मृत्यु भएको छ। दुर्घटना हुँदा ट्याक्टरमा सवार सोही ठाउँ बस्ने नन्दकिशोर रायको छोरा १३ बर्षीय मिथिलेशकुमार यादवको घटनास्थलमै मृत्यु भएको छ। हाल फरार रहेका उक्त ट्याक्टरका चालकको खोजी कार्य भइरहेको छ।

### पोखरीमा डुबेर बालिकाको मृत्यु

सप्तरी। पोखरीमा पौडी खेल्ने क्रममा एक बालिकाको मृत्यु भएको छ। खडक नगरपालिका-२ बस्ने मिलन चौधरीकी छोरी ७ वर्षीया निरूता चौधरीको मृत्यु भएको हो। सोही ठाउँस्थित लाली साहको पोखरीमा पौडी खल्ने क्रममा मंगलबार डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ। घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आगलागीबाट चार लाखको धनमाल क्षति

मोरङ। शनिश्चरे नगरपालिका-५ बस्ने ५७ वर्षीय शेरसिंह मगरको टिनको छाना भएको घरमा बिद्युत सर्ट भई मंगलबार आगलागी हुँदा अन्नपात, लत्ताकपडा, भाडाबर्तन, नगद १ लाख र अन्य सामान समेत जलेर करीव ४ लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको छ। म्यादी प्रहरीसमेतको प्रहरी टोली खटि गई स्थानीयबासीको सहयोगमा उक्त आगो नियन्त्रणमा लिएको थियो।

### कांग्रेसका उम्मेदवारको गाडीमा तोडफोड

बाँके। राष्ट्रिय जनता पार्टी नेपाल नेतृत्वको संघीय गठबन्धनले घोषणा गरेको आमहडताललाई उल्लंघन गरेको भन्दै नेपाली कांग्रेसको नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख पदका उम्मेदवार डा सुरेशकुमार कनोडियाको गाडीमा तोडफोड भएको छ। तोडफोड गर्ने राजपा नेपालका एक कार्यकर्तालाई प्रहरीले पक्राउ समेत गरेको छ। बा १४ च १३८७ नम्बरको स्कारपियो गाडीलाई त्रिभुवनचोक, नेपालगन्जमा राष्ट्रिय जनता पार्टीका नेता ललितकुमार रौनियारले ढुङ्गा प्रहार गरी तोडफोड गरेको थियो। गाडी तोडफोड गर्ने रौनियारलाइ प्रहरीले नियन्त्रणमा लिएको छ।

### स्वीमिङ पुलमा डुबेर युवकको मृत्यु

रूपन्देही। स्वीमिङ्ग पुलमा डुबेर एक युवकको मृत्यु भएको छ। तिलोत्मा नगरपालिका-५ मणिग्रामस्थित होटल ड्रिमलेण्डको स्वीमिङ पुलमा पौडी खेल्ने क्रममा शनिबार अचानक डुबेर बेहोस भएका थिए। सोही नगरपालिका-४ बस्ने १७ वर्षीय अनिस थापाको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको छ।

### गाडीको ठक्करबाट किशोरीको मृत्यु

कैलाली। गौरीगंज नगरपालिका-४ राजिपुरस्थित सडकमा भे.१ ज ८४६ नम्बरको गाडीको ठक्करबाट एक किशोरीको मृत्यु भएको छ। शनिबार ठक्कर दिँदा गम्भीर घाइते भएकी सोही ठाउँ बस्ने ११ वर्षीया निरूता चौधरीको सेती अंचल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### लागूऔषध गाँजासहित दुई महिला पक्राउ

रौतहट। लागूऔषध गाँजासहित दुई महिलालाई प्रहरीले पक्राउ गरेको छ। चन्द्रपुर नगरपालिका-८ स्थित चःपुर-गौर सडक खण्डमा ना.१ ज ६८२३ नम्बरको गाडीमा चेकजाँच गर्ने क्रममा गाडीमा सवार मकवानपुर, मनहरि-३ घर बताउने ४० वर्षीया शोभा परियार र ३० वर्षीया बिजुला परियारलाई ३ वटा झोलामा राखेको करीव १२ केजी लागूऔषध गाँजा सहित शुक्रबार प्रहरीले पक्राउ गरेको छ।

# सरकार चुनाव चाहन्छ कि नरसंहार ?



❖ उपेन्द्र झा

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३७१

मधेश १० वर्षदेखि ठगिदै आएको छ। ठग्ने प्रयासमा लागेका तीन दल (नेपाली काँग्रेस, एमाले र माओवादी केन्द्र) पालैपालो मधेशलाई ठगेको छ। आफ्नो माँगको औचित्य अगाडि चुनावलाई स्वीकार गर्न नसकेको मधेशलाई चुनावमा पठाउन सबै शक्ति असफल भएको कुराबाट तीन दल चिन्तित देखिएका छन्।

"जुन जोगी आए कानै चिरेका"। प्रचण्ड सरकारले मधेश मुद्दाप्रति प्रतिबद्धता जाहेर गरेर धोखा दिएपछि काँग्रेसले देखाई रहेको सहानुभूतिप्रति मधेश आशान्वित बनेको थियो। अन्ततः यसले पनि प्रचण्ड पथ कै अनुसरण गरे। मधेशप्रतिको सहानुभूति सत्ता आरोहणमा गएर टुँगिएको देखियो। ज्येष्ठ ३१ गते चुनाव गराउने पूर्व निर्धारित समयलाई आषाढ १४ गते सारेर नेपाली काँग्रेसको सरकारले मधेशलाई विश्वासमा लिएर धोखा दिएको छ। संशोधन प्रस्तावलाई चुनावपछि पास गराउने झुठो आश्वासन दिएर काँग्रेस सरकारले मधेशलाई ठगेको छ।

प्रचण्ड सरकारले मधेशको लागि ल्याएको संशोधन प्रस्तावमा मधेशलाई अल्झाएर सीमाँकन विषयलाई सशक्त आयोगको जिम्मा लगाउन सफल भएका थिए। तत्पश्चात् संशोधन प्रस्तावलाई पनि चुनाव गराउने निहूँमा पछाडि साऱ्यो। काँग्रेस पनि प्रचण्डपथ कै अनुयायी बन्यो। संशोधन प्रस्तावलाई ठाढै विरोध गरेर आएको एमाले अहिले देशको लिडिङ पार्टी बनेको छ। नेपाली काँग्रेस र माओवादी केन्द्र एमालेका अनुयायी पार्टी बनेर पछि पछि पुच्छर हल्लाएर हिंड्ने पार्टीको रूपमा देखिएको छ। यी दुबै पार्टी एमाले बिना केही गर्न नसक्ने, दोश्रो र तेश्रो पंक्तिको, निरीहताको नियति भोगि रहेको पार्टीको रूपमा परिणत भएको छ।

संघीय समाजवादी फोरम चुनावमा भाग लिई सकेपछि मधेश मुद्दालाई उठाउने सम्पूर्ण अभिभारा राजपामाथि आएकोले मित्रशक्ति मात्र होईन, देशको तमाम राजनीतिक शक्ति राजपाको विरोधमा देखिएकोले बडो संयमताका साथ राजपा अहिलेसम्म सटीक निर्णय गर्दै यहाँसम्म आई पुगेको छ। एमाले भनाउँदा शक्तिले भारतीय राजदूतलाई प्रयोग गरेर राजपालाई बिना शर्त चुनावमा भाग लिन दबाव दिन लगाएका थिए। चुनावपछि एमालेको देवत्व चक्षु खुल्ने र मधेशको यावत् समस्या समाधान गरि दिने विश्वास दिलाएर भारतीय राजदूतलाई प्रयोग गर्दापनि राजपा दूतावासको दबाव नमानी लिएको निर्णय प्रशंसनीय थियो। चुनावमय मधेश देखाउन खोजेको सरकारी प्रपंच धुमिल पर्दै गएको छ। राजपाले घोषणा गरेको आन्दोलनको कार्यक्रमका दृश्यहरू सरकारले हेरेको होला नै। चुनावका चहलपहल स्वतः अदृश्य भएको देखियो।

मधेश १० वर्षदेखि ठगिदै आएको छ। ठग्ने प्रयासमा लागेका तीन दल (नेपाली काँग्रेस, एमाले र माओवादी केन्द्र) पालैपालो मधेशलाई ठगेको छ। आफ्नो माँगको औचित्य अगाडि चुनावलाई स्वीकार गर्न नसकेको मधेशलाई चुनावमा पठाउन सबै शक्ति असफल भएको कुराबाट तीन दल चिन्तित देखिएका छन्। माँग पूरा नभईकन सहज रूपमा मधेशमा चुनाव गराउन असम्भव देखिएको हुँदा सरकार चिन्तित बनेको छ। काँग्रेस सरकारले चुनावपछि संशोधन प्रस्ताव पास गर्ने घोषणा गरेदेखि मधेश पूर्ण आक्रोशित अवस्थामा गएको छ। बलपूर्वक चुनाव गराउन खोजे व्यापक नरसंहार हुने निश्चित देखिन्छ। मधेशको मुद्दालाई ठेल्दै पेल्दै भित्तैमा पुऱ्याएपछि मधेशलाई पनि अब निर्णायक संघर्षको विकल्प केही रहेन। भारतको दबाव पनि काम नलागे पश्चात् तीनै दल चिन्तित भएका छन्। मधेशमा चुनाव हुने सम्भावना क्षीण बन्दै गएको छ। चुनाव गराएरै छाड्ने सरकारको तिकडम काम नलाग्ने स्थितिमा पुगेको छ। अब त चुनावको मिति सार्ने वा मधेशमा नरसंहार गराउने सरकारको सामु ठूलो चुनौती छ। आषाढ २ गते सबै जिल्लाको मतदान केन्द्रमा रहेको निर्वाचन कार्यालयमा ताला लगाउने मधेश आन्दोलनको कार्यक्रम निर्धारित छ। सो कार्यक्रम गर्न सशस्त्रसंग प्रत्यक्ष मूठभेड हुने भएकोले आन्दोलनकारी हताहत हुने सम्भावना प्रवल देखिएको छ। नेपाली काँग्रेस सरकारमा आएदेखि मधेशसंग राखिएको सहानुभूति त्यागेर शासकको भाषा बोल्न थालेपछि मधेश झन् आक्रोशित हुन पुगेको छ। अरू जस्तै काँग्रेसले पनि शासकीय प्रवृति देखाउन थालेपछि तीनै दलको एउटै प्रवृति रहेको मधेशले विश्वास गर्नु पऱ्यो। आफनो माँग कसैले नसुन्ने भएपछि आन्दोलन निर्विकल्प बन्दै गयो। मधेशको माँगलाई दृढतापूर्वक उठाउने सहयोगी पात्र उपेन्द्र यादव स्खलित भएपछि राजपाले आफनो जिम्मेवारी बडो संयमताका साथ निर्वाह गर्दै आई रहेको छ। गर्नु पनि पर्दछ।

मधेशलाई वेवास्ता गर्दै चुनाव गराउने सरकारको तिकडमी चाललाई अन्तर्राष्ट्रिय जगतले पनि बडो गम्भीरतापूर्वक हेरि रहेको छ। अस्ति भर्खरै अमेरिकन राजदूत ओलीसंगको भेंटघाटमा "संशोधन प्रस्तावमा त्यस्तो के छ र तपाईंहरू विरोध गर्नु भएको छ" भन्ने प्रश्नको जवाफमा ओलीले अमेरिकन राजदूतलाई चित्त बुझाउन सकेन। अन्तर्राष्ट्रिय जगतले मधेश मुद्दाबारे चासो लिनु सुखद पक्ष हो। लिनु पनि पर्दछ। तीनै दलको षडयन्त्रका कारण मधेश सालौंदेखि आन्दोलनमा रहेको कुरालाई विश्व समुदायले हेरि पनि राखेको छ। द्वन्द्व व्यवस्थापन आफै गर्ने भनेर संयुक्त राष्ट्र संघको प्रतिनिधिलाई पठाएर पनि ६ वर्षमा तीनै दलले द्वन्द्व व्यवस्थापन गर्न सकेन, बरू झन् झन् बढाउने काम नै गऱ्यो। माओवादी द्वन्द्वको चपेटाबाट देश निस्कन नपाउँदै सत्तापक्षले मधेशको द्वन्द्वलाई भडकाएर अन्तहीन संघर्षलाई जन्म दिएको छ। पहिलो संविधान सभादेखि अहिलेसम्म मधेश संघर्षमा रहेको कुरालाई विश्व समुदाय हेरि रहेको छ। द्वन्द्व व्यवस्थापनको दावा गर्ने शक्तिहरू असफल रहेको कुरालाई पनि अन्तर्राष्ट्रिय जगतले नियाल्दै रहेको छ। द्वन्द्व व्यवस्थापनमा असक्षम रहेको कारण नै अन्तर्राष्ट्रिय चासो बढेको हो। यसलाई जसरी व्याख्या गरेपनि अन्ततः अन्तराष्ट्रिय स्तरमा नेपालका राजनीतिक दलहरू निरूत्तर नै रहने कुरा पक्का छ। संघर्ष बिना कारण आउँदैन। त्यसमा पनि लामो समयदेखि मधेशमा चलि रहेको संघर्ष र त्यसमा ज्यान गुमाउने निर्दोष मधेशी जनताको आवाजलाई षडयन्त्रको भरमा निराकरण गर्न सकिंदैन भन्ने कुरा त अब शासकवर्गले पनि मान्न थालेका छन्। एमालेको ढिपीका कारण मधेशको समस्या यथावत् रहेको कुरा जगजाहेर भई सकेको छ।

मधेश आन्दोलनमय भई सकेको छ। चुनावको माहौल एक्कासी विलीन भएको छ। मधेशमा चुनावलाई कसैले रोक्न सक्दैन भन्नेहरूको शब्द अब जिभ्रोमा लट्पटिन थालेको छ। त्यस्ता तत्वहरूप्रति मधेश आक्रोशित देखिएको छ। सत्तापक्षका मतियार बनेर मधेशमा रजाईं गर्नेहरूको बोली अब बन्द हुन थालेको छ। मधेश आन्दोलनको पहिलो दिनको स्वरूपले चुनाव गराउने र भाग लिने सबै शक्तिको हौसला पस्त भएको छ। मधेश फेरि एकपल्ट सिरमा कफन बाँधेर उत्रेको छ। एकछिनका लागि ढाट्ने, ठग्ने कुरा प्रभावी बन्न सक्दछ तर त्यसको स्थायित्व भने हुँदैन। चुनावलाई प्रयोग गरि मधेशलाई ठेल्ने कुरा पहिलो चरणको चुनावमा सफल भएर राजनीतिक दलहरूको उन्मादलाई बढाएको पनि देखियो। सोही उन्मादलाई प्रयोग गरेर दोश्रो चरणको चुनाव गराउने ढिपी भने मधेशमा चलेन। मधेशको आक्रोशले दम्भी तीनैबटा शक्तिलाई पछाडि हट्न बाध्य गरेको छ। पहिलो चरणको चुनावमा पाएको हौसला मधेशको चुनावमा भने पस्त भएको छ। मधेशले वीरतापूर्वक लड्नुबाहेक अर्को कुनै उपाय नछोडेकोले मधेश शहादत दिन तयार भएको छ। भर्खर बनेको नेपाली काँग्रेसको सरकारलाई या त एमाले जस्तै मधेशमा नरसंहार गर्नु पऱ्यो या चुनावको मिति सार्नु पऱ्यो। संविधान संशोधन बिना मधेश चुनावमा भाग नलिनेको औचित्य साबित भई सकेपछि चुनावको मिति सारेपनि संशोधन प्रस्ताव पास नभईकन राजपा चुनावलाई उपयोग नगर्ने अडान दोहोऱ्याई सकेको छ।

एमाले जस्तै नेपाली काँग्रेसको सरकारले जिद्द गर्न खोज्यो भने मधेशमा हुने नरसंहारको सारा जिम्मा यो सरकारमाथि जाने त छँदैछ साथै सरकारको औचित्य पनि समाप्त हुने र मधेशबाट एमाले जस्तै नेपाली काँग्रेस पनि बढारिनेमा शंका छैन। अब निर्णय सरकारको हातमा छ। ***क्रमशः***

janukjha24@gmail.com

# गच्छदारको सत्तारोहण



विजयकुमार गच्छदार

काठमाडौं। नेपाल लोकतान्त्रिक फोरमका अध्यक्ष विजयकुमार गच्छदारले शेरबहादुर देउवाको नेतृत्वमा बनेको नयाँ सरकारमा उपप्रधानमन्त्री पदमा नियुक्त भएसँगै सत्तारोहणको उनको अनवरत प्रयास जारी छ। यसअघि उनी प्रचण्ड नेतृत्वको सरकारमा अन्तिम समयमा आएर उपप्रधानमन्त्री भएका थिए। नया सरकारमा गच्छदारले उपप्रधानसहित संघीय तथा स्थानीय विकास मन्त्रीको जिम्मेवारी सम्हालेसँगै उनी पूर्व मन्त्री हुन नपाउँदै वर्तामान मन्त्री बन्ने सौभाग्य पाएका छन।

स्थानीय तहको पहिलो चरणको निर्वाचन आउन ६ दिन मात्रै बाँकी रहँदा राप्रपाले छाडेर रिक्त रहेको मन्त्रालयको जिम्मा तत्कालीन प्रधानमन्त्री प्रचण्डले गच्छदारलाई दिएका थिए। त्यस बेला गच्छदारसँगै लोकतान्त्रिक फोरमका जितेन्द्र देवले पर्यटन तथा गोपाल दहितले भूमिसुधार मन्त्री भएका थिए।

**१२ वर्षमा गच्छदार १ सय ४२ महिना मन्त्री भएका छन्। पहिलो पटक उनी तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा सहभागी थिए।**

कैलालीको टिकापुर घटनामा परी बन्दी बनाइएका आफ्ना कार्यकर्तालाई रिहा गर्ने सहमतिपछि सरकारमा सहभागी हुन बाटो खुलेको फोरम लोकतान्त्रिकको भनाइ छ।

२०४६ सालको आन्दोलनपछि बनेका सरकारमा गच्छदार निरन्तर कुनै न कुनै मन्त्री हुँदै आएका छन्। १२ वर्षसम्म मन्त्री भएका उनी सबैजसो पार्टीको सरकारको स्वाद लिए। १२ वर्षमा गच्छदार १ सय ४२ महिना मन्त्री भएका छन्। पहिलो पटक उनी तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा सहभागी थिए।

२०४८ सालमा सञ्चार राज्यमन्त्रीबाट सरकारमा प्रवेश गरेका गच्छदार चार पटक उपप्रधानमन्त्री भइसकेका छन्। २०६६ सालमा उनी पहिलो उपप्रधान तथा भौतिक योजना तथा निर्माण मन्त्री भएका थिए। उनी ६ पटक मात्रै भौतिक योजना मन्त्री भए भने एक पटक गृह र दुई पटक जलस्रोतमन्त्री भएका थिए।

२०५६ सालमा पर्यटन मन्त्री भएका गच्छदार अहिले उपप्रधान तथा स्थानीय विकास मन्त्री हुने अवसर पाएका छन्। एमाले अध्यक्ष केपी ओली सरकार विस्थापित भई पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार गठन भएदेखि नै सरकारमा आउने गच्छदारले कसरत गर्दै आएका थिए।

सरकारमा सहभागी हुने विषय झण्डै झण्डै विभाजित हुन लागेको गच्छदार नेतृत्वको पार्टीमा पछिल्लो पटक थ्रेस होल्डका कारण साना पार्टीहरू पनि मिसिन आइ आइपुगेका छन्। गच्छदार नेतृत्वको पार्टीको हाल संसदमा १५ सिट रहेको छ।

# राजपाको आन्दोलन संविधान संशोधनका लागि होइन : नेतृ गिरी



काठमाडौं। संघीय समाजवादी फोरम नेपालकी नेतृ तथा पूर्वमन्त्री सरिता गिरीले राष्ट्रिय जनता पार्टी नेपालको आन्दोलन संविधान संशोधनका लागि नभएको दाबी गरेकी छन्। केही दिन अगाडि फोरम नेपालमा प्रवेश गरेकी नेतृ गिरीले सामाजिक सञ्जाल फेसबुकमा राजपाको आन्दोलन संघीय समाजवादी फोरम नेपालको विरूद्धमा रहेको आरोप लगाएकी छन्। मधेशका जिल्ला-जिल्लामा राजपाका कार्यकर्ताहरूले फोरम नेपालको कार्यालयहरूमा गरेको आक्रमण यथार्थमा मधेशको स्वायत्ततामाथि रहेको उनले दाबी गरेकी छन्। उनले संविधान संशोधनको आन्दोलन त राजपाका सांसदहरूले संसद घेरेको भएको पूरा हुने सामाजिक सञ्जालमा उल्लेख गरेका छन्।

# राजपाका नेतामाथि मुद्दा

राकेश यादव, रौतहट। राष्ट्रिय जनता पार्टी नेपालका पक्राउ परेका तीन जना नेतामाथि रौतहट प्रहरीले मुद्दा चलाएको छ। आसन्न दोस्रो चरणको स्थानीय तहको निर्वाचनको बहिस्कार गर्दै घोषणा गरिएको ४ दिवसीय मधेश थरूहट र लिम्बुवान बन्दको दोस्रो दिन बुधबार सदरमुकाम गौरमा प्रदर्शनमा रहेका बेला पक्राउ परेका राजपा नेपालका केन्द्रीय सदस्य रामेश्वर प्रसाद यादव, कमलेश कुमार सिंह र जिल्ला स्तरीय कार्यकर्ता बच्चू चौबे माथि जिल्ला प्रहरी कार्यालयले केहि सार्वजनिक अपराध मुद्दा दायर गरी कार्यवाही अगाडी बढाएको हो। गौर नगरपालिकाको कवीर चौकमा नारावाजी गरिरहेको प्रदर्शनकारीहरूले बन्दको अवज्ञा गरेको भारतीय नम्बरको गाडीलाई रोक्न खोज्दा प्रहरीले दमन गर्ने प्रयास गर्दा सामान्य झड़प भएको थियो। झड़पको क्रममा प्रहरीले तिनै जनालाई नियन्त्रणमा लिएका थिए। पक्राउ परेका आफ्ना नेता कार्यकर्ताहरूलाई राजपा नेपालका केन्द्रीय अध्यक्षमण्डलका नेताद्वय राजेन्द्र महतो र अनिल कुमार झा बिहीबार विहान भेटनलाइ जिल्ला प्रहरी कार्यालय पुगे पनि प्रहरीले कुनै बस्ता नगर्दै नियन्त्रणमा परेका नेताहरूमाथि सरकारी गाड़ी तोरफोर गरेको अभियोग लगाउदै मुद्दा चलाएको हो। पक्राउ परेका नेतामाथि मुद्दा दायर गरिएको प्रहरी उपरीक्षक यज्ञ विनोद पोखरेलले बताएका छन्। राजपा नेपालका नेता रामेश्वर प्रसाद यादव मधेश आन्दोलनका क्रममा दोस्रो पटक प्रहरी हिरासतमा परेका हुन्। राजपा नेपालका जिल्ला संयोजक रामप्रवेश दासले प्रेस विज्ञप्ति जारी गर्दै पक्राउ परेका नेतालाइ रिहाई नगरे प्रहरीको विरूद्ध कड़ा आन्दोलन गर्ने चेतावनी दिएका छन्। शांतिपूर्ण प्रदर्शन गरिरहेका बेला रौतहट प्रहरीले हस्तक्षेप गरी राजपाका नेताहरूलाई गिरफ़्तार गरेको विज्ञप्ति मार्फत दावी गरेका छन्।

# अहमदिया संघ पर्साले मनायो खिलाफत दिवस

वीरगंज। अहमदिया संघ नेपाल पर्साले एक विशेष कार्यक्रमका बिच खिलाफत दिवस मनाएको छ। पर्साको बिन्दवासनी गाउँपालिका वडा नं. ५ प्रसौनीभाठ्ठामा रमदानको विशेष अवसरमा आयोजित कार्यक्रममा इसलामलाई बलियो र मुसलमानको कमी कमजोरी हटाउने उदेश्यले यो कार्यक्रमको आयोजना गरिएको बताइएको छ। पहिलो नबि मिर्जा गुलाम अहमद कादीयानीको मृत्यु २६ मे १९०८ मा भएको बेला देखि २७ मे १९०८ मा यो दिवस मनाउदै आएको सो अवसरमा जनाइएको थियो। हाल यो दिवस २०९ वटा देशहरूमा मनाउदै आएको छ।

# परराष्ट्रमन्त्री महरा र भारतीय राजदूत पुरीबीच भेटवार्ता



काठमाडौं। उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महरा र नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरीले बीच भेटवार्ता भएको छ। बुधबार परराष्ट्र मन्त्रालयमा परराष्ट्रमन्त्री महरा र राजदूत पुरीबीच भेटवार्ता भएको हो। सो भेटवार्तामा उपप्रधान तथा परराष्ट्रमन्त्री महराले नेपाल-भारतबीच रहिआएको असल सम्बन्ध आगामी दिनमा अझ प्रगाढ हुने विश्वास व्यक्त गरे।

भेटमा नेपालका लागि भरतीय राजदूत पुरीले परराष्ट्रमन्त्री महरालाई भारतीय विदेशमन्त्री सुष्मा स्वराजले भारत भ्रमणको निम्तो दिएको बताइएको छ। यसैगरी, परराष्ट्रमन्त्री महराले दोस्रो चरणअन्तर्गत स्थानीय तहको निर्वाचनपछि हुने प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको सिलसिलामा आफू भारत आउने प्रयास गर्ने बताए।


लोकतन्त्रको विकासका लागि शान्ति अनिवार्य शर्त हो। त्यसैले राष्ट्रिय शान्ति कायम गर्न सबैले यथोचित योगदान दिऔं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व परिवेश

## व्यापक विनाशका लागि एक षडयन्त्रपूर्ण योजना

–अल्लाबक्श

चीनी र पाकिस्तानी शीर्ष नेताहरूले एक साता बेजिङ्गमा अति महत्वकांक्षी वन बेल्ट वन रोड (ओनर) योजनको शानदार ढंगले घोषणा गरेपछि गिल्गिट बाल्टीस्तान व्यापक स्तरमा विरोध प्रदशन हुनु यस कुराको प्रतिक हो कि त्यस योजनाको संचालनले स्थानीय समुदाय तथा त्यस क्षेत्रका लगायत भारत समेतका जनताको सार्वभौम अधिकारहरूको दमन गर्दै आएको छ। गल्लीहरूमा विद्यार्थीहरूले प्रदशन गर्दै त्यो योजना गिल्गिट –बाल्टिस्तानका जनता अधिकार हरण गर्ने एक गैरकानुनी प्रयास भन्दै त्यसलाई "गुलामीको सडक वा गिल्गिट–बाल्टिस्तानका लागि दासत्ता" रूप देखेका थिए। गिल्गिट भरीका विरोधकर्ताहरूले त्यस योजनालाई पाकिस्तानको सहचर्यश चीनद्धारा त्यस क्षेत्रका जनतालाई तिनीहरूको भूमि र घरबाट वंचित गर्ने उद्देश्यले संचालित एक षडयन्त्रपूर्ण योजना मात्र भएको शंका व्यक्त गरेका थिए।

यद्यपि चिनिया नेतृत्वले विगतमा सि.पि.इ.सी. योजना क्षेत्रमा प्रभावित हुने जनताको सार्वभौम अधिकार प्रभावित हुन नदिई त्यसको कदर गर्ने आश्वासन दिए पनि सही अर्थमा चीनले आफ्नो साना छिमेकीहरूमाथि नियन्त्रण गर्न निमित्त सैनिक शक्ति प्रयोग गरी आफ्नो सामु निहुराउँदै दक्षिण चीन समुन्द्रको विवादित क्षेत्रहरूमाथि नियन्त्रण गर्दै आएको छ। कूटनीति र शान्तिपूर्ण सम्झौताहरू सम्बन्धमा त्यस्तै पाकिस्तानका निर्णायक अनभिज्ञ रहेका छन्। त्यसैले तिनीहरूका लागि सि.पि.इ.सी. उपयोगी हुन गाह्रो छ, जो चीनको ठुलो स्वप्न 'वन बेल्ट वन रोड' को अभिन्न अंग रहेको छ भने आफ्नो त्यस लघु योजनाबाट एशिया र यूरोपलाई प्रभावित पार्न आफ्नो सैनिक र आर्थिक प्रभुत्व विस्तारित गर्दै आएको छ। चीनले त्यस क्षेत्रबाट संचालित गर्ने सडक र रेल्वे संरचनाको विकास गर्ने कुनै खास चासो राखेको छैन, उसको एक मात्र उद्देश्य चीनलाई अर्को संयुक्त राष्ट्र अमेरिका बनाउनु रहेको छ। चीनले आगामी दशकमा अमेरिकाको बरारी गर्ने चाहना राख्नु कुनै सजिलो लक्ष्य होइन जो प्राप्त गर्न सकिन्छ। त्यस्तो परिस्थितिमा चीनले त्यसको ठुलो महत्वकांक्षी योजनाको बाटोमा आउने स्थानीय समुदायहरूको हित र मानव अधिकारको उल्लंघन हुने कार्यहरूको वास्तन गर्ने छैन।

यूरोपको संसदका एक सदस्य श्री अलबर्टो सिरिओले यस वर्ष खर्चमा भएको एक विकास सम्बन्धी सम्मेलनमा स्थितिको समीक्षा गर्दै भनेका थिए कि पाकिस्तान सानो अवधिको लाभका लागि भ्रष्ट कियाकलापहरूमा गिल्गिट–बाल्टिस्तान र बलुचिस्तानका जनताको मानव अधिकारको उल्लंघन गर्ने शर्तमा समेत आफुलाई संलग्न गराउदै आएको छ। उनले यो पनि स्पष्ट पारेका थिए कि पाकिस्तानमा कार्यरत रहने चीनका कामदारहरूको संस्था भन्दा पनि त्यस क्षेत्रमा विशेष सुरक्षा संकायमा तैनाथ गरिने सुरक्षाकर्मीहरूको संख्या बढी हुने कुरा ज्यादै प्रश्नसूचक र संवेदनशील रहेको छ। उनले आपत्ति जनाउँदै भनेका थिए कि व्यापक सुरक्षा व्यवस्थाको वास्तविक उद्देश्य स्थानीय समुदायहरूको दमन गर्नु मात्र रहेको छ।

हुन त श्री सिरिओ र अन्य वक्ताहरूले ब्रुसेन्सको सम्मेलनमा सिन्चियांगको अवस्था सम्बन्धमा त्यसरी स्पष्ट पारेनन् जो सि.पि.इ.सी. को शुरूआतको केन्द्रविन्दु हो। यो सबैलाई राम्ररी थाहा छ कि चीनले सैनिक लगाएर कसरी सिन्चियाङ्ग प्रान्तका स्थानीय युधुर मुसलमानहरूलाई बन्दुक र गोलि बारूद समेत प्रयोग गरी शोषण गर्दै आएको छ। युधुर समुदायका मुसलमानहरू चीनको नरकिय जिवनसँग आफ्नो धार्मिक र पारम्पारिकि जीवन पद्धपतिको रक्षा गर्न निमित्त वर्षौदेखि संघर्षरत रहदै आएका छन् तर चीनले तिनीहरूलाई मूलधारालाई अनुपालन गर्न हालसम्म घोर निर्दयतापूर्ण यातना दिदै आएको छ। सयौं युधुर मुसलमानहरू विना कुनै कारण मारिएका छन्। र गुप्त कारावास थुनिएका छन्। ती सबै नृसस्तापूर्वक यातनाहरू आतंकवादलाई परास्त गर्ने नाम दिदै आएका छन्। मुसलमानहरूलाई स्वतन्त्रतापूर्वक आफ्नो धर्म पालन गर्ने स्वीकृत दिएको छैन, तिनीहरूलाई सार्वजनिक रूपमा धार्मिक कार्य गर्ने, बच्चाहरूको नाम इस्लाम अनुसार राख्न दिने, मानिसले लामो दाह्रि राख्ने, आईमाईले बुर्का लगाउने, रमजानको अवधिमा उपवास गर्न पाउने जस्ता सबै कार्य गर्न मनाहि गरिएको छ। चीनले भविष्य झन बढी संकटमा पारेर यातना दिन निमित्त कोरीडोर आफ्नो भू–भागमा 'फ्रन्टिर सर्भिसज ग्रुप' भन्ने सुरक्षा कम्पनीलाई सिन्चियांग र युनान दुबै प्रान्तमा संचालन केन्द्र खोलेर यातना दिन खटाइएको छ। ब्रिटिश इन्डियाद्धारा भारतको अधिनमा रहने तर विभाजनका बखत पाकिस्तानले जबरजस्ती कब्जा गरेको काश्मिर मातहतको विवादित गिल्गिट–बाल्टिस्तान क्षेत्रलाई पाकिस्तान आफ्नो देशको अभिन्न अंग नमानेकोले सो क्षेत्र सर्वोच्च अदालत र राष्ट्रिय सभा समेतको न्यायिक गतिविधि विहिन नै रहेको छ।

गिल्गिट र बाल्टीस्तानका जनताको भाषा र संस्कृतिका दृष्टिले पाकिस्तानसँग कुनै समानता नभएकोले तिनीहरू पाकिस्तानको अंगका रूपमा नरही स्वतन्त्र रहन चाहे पनि त्यस क्षेत्र र त्यहाँका जनतालाई आफ्नो अधिनस्थ राखे पनि त्यस क्षेत्रमा न विकास गरिएको छ न कुनै संवैधानिक अधिकार प्रदान गरिएको छ ? स्थानिय समुदायले सि.पि.इ.सी.को अवरोध गर्दै आएको छ किनकि त्यस योजनाको संचालनका कममा तिनीहरूका धेरै जग्गा उपयोगमा ल्याए पनि त्यसको क्षतिपूर्तिका रूपमा धेरै का भुक्तानी दिइएको छ। सडक निर्माणको क्रममा थुप्रै गाउँहरू विस्तापित गरिएका छन् भने सुरक्षाका नाम सैनिक मुख्यालय स्थापना गर्ने निहुँमा जंगल, नदी–नाला तथा फर्महरू नष्ट पारिएका छन् जसले गर्दा स्थानीयहरू हर दृष्टिले आफुलाई असुरक्षित ठानेका छन् भने काराकोरम राष्ट्रिय राजमार्ग समेत बेला बेलामा भूस्खलन,व्यापक भवन निर्माणका कारण सातासम्म अवरोधित समेत हुने गरेको छ। स्थानीय समुदायको मागहरूलाई अर्को मोड दिन र त्यस क्षेत्रमा भारतको स्थिति विलुप्त पार्न पाकिस्तानले गिल्गिट बाल्टीस्तानलाई आफ्नो नयाँ प्राप्तका रूपमा घोषित गर्ने प्रयास गर्दै आएको छ। तर त्यस क्षेत्रका जनता र भारत समेतले त्यसको जबरदस्त रूपमा विरोध गरेको छ।

यस वर्ष मार्च २३ तारिखका दिन ब्रिटिश संसदले सि.पि.इ.सी. जस्तो योजनाको संचालन विरूद्ध एक जबरदस्त प्रस्ताब पारित गरेको छ। त्यस प्रस्तावमा यस्तो उल्लेख गरिएको छ–''गिलिगट–बाल्टीस्तान भारतीय राज्य जम्मु र कश्मीरको वैधानिक र संवैधानिक भाग भए पनि सन् १९४७ देखि नै अवैधानिक रूपमा पाकिस्तानले त्यसमाथि कब्जा जनाउदै आएको छ।'' त्यस प्रस्तावमा सहि रूपमा यो पनि घोषणा गरिएको छ कि त्यस क्षेत्रको भौगोलिक संरचना परिवर्तनको प्रयास 'स्टेट सबजेक्ट औडीनेन्स' लाई उल्लंघन गर्दै गरिएको थियो भने अहिले जबरजस्ती अवैधानिक रूपमा त्यस विभाजित भू–भागमा 'चीन–पाकिस्तान इकोनोमिक कोरीडोर' निर्माण गरी अर्को हस्तक्षेप गरिएको छ। पाकअधिनस्थ कश्मीर र सिन्धरू समेत त्यस योजनाको विरूद्धमा व्यापक प्रदशन गरिएको छ। पाकअधिनस्थ कश्मीरका जनताले त्यस योजनाको विरोध गर्नुको कारण त्यसको संचालनको कममा तिनीहरूको जग्गा जमिनर जिविकाको साधनबाट तिनीहरूलाई निमुख पारेपनि उचित वैकल्पिक क्षतिपूर्ति दिइएको छैन। त्यस्तै सिन्धमा जेय सिन्ध मुत्ताहिदा महज (जे.एस.एम.एम.) सिन्ध प्रान्तको राष्ट्रिय पार्टीको नेतृत्वमा जोरदार विरोध प्रर्दशन गर्दै पाकिस्तानबाट स्वतन्त्र हुन माग गर्दै त्यस क्षेत्र भएर जाने त्यस योजनालाई तुरून्त बन्द गर्न समेत आवाज उठाएका छन्। सिन्धिहरूले धेरै लामो समयदेखि पाकिस्तानबाट अलग हुने स्वतन्त्रताको माग गर्दै आएका छन्। सैनिक दबाबको जल्दो–बल्दो पीडा शान्ति पूर्वक सहदै आएका सिन्धि समुदायले त्यस योजनालाई –''पंजाबी साम्राज्यवादीहरूको सिन्ध र बलोचिस्तानमाथि अधिपत्य जमाउने विस्तारवादी षडयन्त्र'' ठानेका छन्।

थुप्रै सिन्धी नेताहरूले सि.पि.इ.सी. को संचालन सम्बन्धमा आफ्नो शंका यस प्रकार व्यक्त गरेका छन् :– "यस योजनाले यस क्षेत्रमा अन्तराष्ट्रिय संघर्ष र परमाणु अस्त्रको प्रतिस्पर्धालाई बढाउनुका साथै भारतीय महासमुन्द्रमाथि चिनिया आक्रमणको सैनिक रणनितिक स्वरूप प्रदशित गर्नेछ।'' यस वर्ष मे महिना को सुरूमा ब्रुसेल्समा यसै विषयमा आयोजित एक सम्मेलनमा विश्व सिन्धी कांग्रेसका अध्यक्ष डा.रूबिना ग्रीनबुडले एक मौलिक प्रश्न उठाएकी थिइन– "विकास कसका लागि र किन ?'' उनले बताइन कि सिन्धीहरूसँग कहिले पनि सम्पर्क गरिएन जबकी त्यस योजनामा सिन्धी क्षेत्रको ७५ प्रतिशत संचालित ऊर्जा समाविष्ट रहेको छ। पाकिस्तान सरकारले अल्पसंख्यक जनसंख्याको शोषण गर्दै केहि व्यापारिक संगठन र राजनीतिज्ञहरूलाई लाभान्वित गराउने उद्देश्यले त्यस योजनामा खरबौ लगानी गरेको छ जबकि बहुसंख्यक समुदायको आधारभूत आवश्यकताको स्वच्छ पानी, खाद्यान्न, स्वस्थ्य र शिक्षामा लगानी गनुपर्ने थियो तर त्यसमा नगरेको भनि पाकिस्तान सरकारमाथि आरोप लगाएकि थिइन। देशको पूर्वदेखि बलेचिस्तानका जनताले त्रासयुक्त अवस्था अपहेलित जीवन बीताउदै आएका छन्। पाकिस्तानबाट प्रकाशित अंग्रेजी दैनिक 'डेनी टाइम्स' का एक पूर्व सम्पादक रशीद रहमानले ब्रूसेल्स सम्मेलनमा बलेचिस्तानलाई राज्यद्धारा रित्तो पारिएको छ जहाँ हमेशा यातना, गैरकानुनी जेल सजाय र मृत्युका घटनाहरू बारे कुनै पनि सार्वजनिक जानकारी नदिई गोप्य राख्ने काम शुरूदेखि नै हुदैं आएको छ ? भनि जानकारी गराएका थिए।

सि.पि.इ.सी. योजनाले बलोचका जनताको जीवन झन ज्यादै कष्टमय बनाई दिएको छ र त्यो पाकिस्तानको ज्यादाती र बेवास्ताका कारण आएको हो। ब्रुसेल्स सम्मेलनमा यूरोपिएन यूनियनका लागि विश्व बलोच संगठनका एक प्रतिनिधी श्री नूरदिन रेंगलले पाकिस्तानमाथि आरोप लगाउदै पाकिस्तानले त्यस योजनाको संचालन गर्न "बलोचिस्तानको सम्पति र प्राकृतिक संसाधनहरू सबैलाई रित्याएको'' धारणा व्यक्त गरेका थिए। अन्तमा उनले पाकिस्तानि सेनाद्धारा बलोचिस्तानका जनतामाथी हुदैं आएको घोर अत्याचार र मानव अधिकारको उल्लंघन प्रति विश्वले आँखा चिम्लनु हुदैन किनकी "सेना नै त्यहाँ न्यायधिश, जुरी र संचालक र निर्णायक रहदै आएको छ।'' त्यसैले त्यस क्षेत्रको व्यापक विनाशको दुष्भावनाले संचालित 'सि.पि.इ.सी.' योजनाको संचालन बन्द गर्न विश्वव्यापी स्तरको निषेधात्मक प्रयास हुनु अत्यवश्यक छ।

*– एजेन्सीको सहयोगमा*

# पत्रपत्रिकाबाट...

## सडक निर्माणमा भारतको सहयोग

काठमाडौं। तराई-मधेशमा सडक निर्माणको लागि भारत सरकारको सहयोग रहँदै आएको छ। उक्त सहयोगलाई निरन्तरता दिँदै भारतले सिमाना क्षेत्रमा रेल गुड्ने बाटो निर्माण गर्ने भएको छ। जोगवनी-विराटनगर, जयनगरदेखि-बर्दिवास, नेपालगन्ज रोड-नेपालगन्ज, नौंतनुवा -भैरहवा, जलपैगुढी-काँकरभिट्टासम्म रेलको लागि सडक निर्माण गर्ने भएको छ। त्यसैगरी नेपाल-भारतको सिमानामा संयुक्त रूपमा चेकपोष्ट स्थापना हुने भएको छ। रक्सौल-विरगन्ज, सुनौली-भैरहवा, जागवनी-विराटनगर तथा नेपालगन्ज रोड-नेपालगन्जमा चेकपोष्ट निर्माण गर्ने सहमति भएको छ।

## भारत सरकारद्धारा सहयोग

नयाँदिल्ली। भारत सरकारले काभ्रे जिल्लाको पनौतीमा पुलिस एकेडेमी खोल्नको लागि ५५० करोड सहयोग गर्ने भएको छ। प्रहरीहरूलाई आधारभुत तालिम दिने उद्देश्यले संचालन हुन लागेको उक्त एकेडेमीमा वर्षोनी ४१० जना प्रहरीले प्रशिक्षण पाउनेछन् । हरेक वर्ष ३५० जना नेपाल प्रहरी पशिक्षण लिन भारत जाने गरेकोमा अब यो प्रशिक्षण केन्द्र निर्माणपछि उनीहरूले यही प्रशिक्षण लिन सक्नेछन्।

## सार्क विश्वविद्यालयको दीक्षान्त समारोहमा राजदूत उपाध्याय

काठमाडौं। भारतका लागि नेपालको राजदुत दीपकुमार उपाध्याय दक्षिण एसियाली (सार्क) विश्वविद्यालयको दोस्रो दीक्षान्त समारोहमा सोमबार सहभागी हुनुभएको छ। दीक्षान्त समारोहमा मन्तव्य दिँदै राजदूत उपाध्यायले विश्वविद्यालय दक्षिण एसियाली क्षेत्रमा ज्ञान र शिक्षाको श्रीवृद्धिमा महत्वपूर्ण मञ्चका रूपमा स्थापित भएको बताउनुभयो। 'दक्षिण एसियाको गहन क्षेत्रीय सहकार्य र कनेक्टिभिटीको साझा चाहना पूरा गर्न विश्वविद्यालयले महत्वपूर्ण भूमिका खेलेको छ', उहाँले भन्नुभयो। विश्वविद्यालयबाट स्नातकोत्तर उत्तीर्ण विद्यार्थीलाई बधाई दिँदै उपाध्यायले यस क्षेत्रको विकास, शान्ति, सामाजिक एकता र भ्रातृत्वका लागि योगदान दिन आह्वान गर्नुभयो। 'गरिबी र पछौटेपन दक्षिण एसियाका मुख्य चुनौती हुन्। यी चुनौती पार गर्न युवा विद्यार्थीको भूमिका अग्रपंक्तिमा आउँछ', उहाँले भन्नुभयो। दीक्षान्तमा भारतीय परराष्ट्र राज्यमन्त्री एमजे अकबर, सार्कका महासचिव अमजाद सियाललगायतले सम्बोधन गर्नुभएको थियो। यस वर्ष विभिन्न विषयमा स्नातकोत्तर उत्तीर्ण १ सय ८५ जना विद्यार्थीलाई राजदूत उपाध्यायले डिग्री प्रदान गर्नुभएको थियो। तीमध्ये १६ जना नेपाली थिए। दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका सदस्यले क्षेत्रीय सहकार्यको भावनाअनुसार विश्वविद्यालय स्थापना गरेका हुन्।

## भारतले दोस्रो चरणको चुनावमा सघाउँछ : सुद

काठमाडौं। नेपाल मामिलाका जानकार पूर्वराजदूत राकेश सूदले भारतले स्थानीय चुनाव सम्पन्न गर्ने प्रधानमन्त्री देउवाको कोसिसलाई सहयोग गर्न जरूरी रहेको बताएका छन्। यो स्थानीय चुनावले झण्डै २५ वर्षयताको माओवादी द्वन्द्व र गणतन्त्रमा रूपान्तरणको संक्रमणमा गुज्रिएको नेपाललाई स्थायित्व प्रदान गर्ने सूदको विश्लेषण छ। सुदले भनेका छन्-'त्योभन्दा पनि महत्वपूर्ण, मोदीको छिमेकी पहिलो नीतिको कार्यान्वयनका लागि पनि भारतले नेपाललाई दिने भनेको एक अर्ब डलरभन्दा धेरै सहयोग तत्कालै दिन सुरू गर्नुपर्नेछ।'नेपालमा चीनको सहयोग बढिरहेको भन्दै पूर्वराजदूत सूदले अब भारतले नेपालसँगको सम्बन्ध सुधार गर्नुका साथै सहयोग एवं मित्रता बढाउनुपर्ने सुझाव मोदी सरकारलाई दिएका छन्। सूदले भारतीय पत्रिका द हिन्दुमा सोमबार एक लेखमार्फत् भनेका छन् कि चुनावमा आएनन् भने मधेसी दलहरू एक्लिने छन् र उनीहरूलाई घाटा हुनेछ।

## तेलबाट चल्ने सवारी हटाउँदै भारत

नयाँदिल्ली (एजेन्सी) । हाल भारत विश्वमै सबैभन्दा बढी तेल आयातकर्ता मुलुकहरूमध्येको तेस्रो स्थानमा पर्छ। तेलको आयातलाई शत प्रतिशत घटाउनका लागि विद्युतीय सवारीको प्रयोग एक मात्र विकल्प भएको मन्त्री गोयलको भनाई छ। भारतको एक तथ्यांक अनुसार भारतमा इन्धन आयातमा वार्षिक रूपमा १ खर्ब ५० अर्ब भारतीय रूपैयाँ बराबरको खर्च हुने गरेको छ भने वार्षिक १० लाख मानिसहरूको मृत्यु वातावरण प्रदुषणका कारण हुने गरेको छ। विद्युतीय सवारीको प्रयोगले पूर्ण रूपमा वातावरण प्रदुषणको असरलाई नियन्त्रण गर्ने लक्ष्यका साथ सरकारले यस्तो निती ल्याउने लागेको हो। विद्युतीय सवारीको उत्पादनको सुरूवातको २ वर्षसम्म भारत सरकारले उत्पादक कम्पनीलाई आर्थिक सहयोग गर्ने मन्त्री गोयलले बताए। भारतको ग्रीन स्पेस नामक संस्थाले गरेको एक अनुसन्धान अनुसार भारतमा वातावरण प्रदुषणका कारण मृत्यु हुनेहरूको संख्या धुम्रपानका कारण मृत्यु हुनेहरू भन्दा थोरैले मात्र कमी रहेको छ। दिनप्रति दिन बढ्दै गएको वातावरण प्रदुषणको श्रृङखलालाई न्यून गर्नका लागि भारत सरकारले सन् २०१६ मा सवारी साधनको प्रयोगमा जोर बिजोर प्रणाली समेत अपनाएको थियो। वातावरण प्रदुषणलाई न्यून गर्ने सवालमा यो उपाय पनि केही मात्रामा प्रभावकारी भएतापनि यसबाट शत प्रतिशत समाधान हुन नसकेको मन्त्री गोयलको बताए।

विश्व स्वास्थ्य संगठनले गरेको एक अनुसन्धान अनुसार अत्याधिक रूपमा वायु प्रदुषण हुने विश्वका २० मुलुकहरू मध्ये भारत १३ स्थानमा परेको छ।

# जिल्ला समाचार

## बुटवल उपमहानगरपालिका सर्बोत्कृष्ट घोषणा

चन्द्रकान्त खनाल, रूपन्देही। देशभरका सबै नगरहरूलाई पछाडी पार्दै बुटवल उपमहानगरपालिका लगातार पांचौ पटक पनि देशकै सर्बोत्कृष्ट नगर घोषणा भएको छ। संघीय तथा स्थानीय विकास मन्त्रालय अन्तरगत वित्तिय आयोगले गरेको मुल्यांकनका आधारमा देशभरका सबै नगर,उप तथा महानगरपालिकामध्ये बुटवल उत्कृष्ठ बनेको हो। ०६९ साल यता बुटवल लगातार सर्बोत्कृष्ट हुंदै आएको छ। अघिल्लो बर्ष बुटवल र धनकुटाले बराबर ९१ अंक ल्याएर प्रथम भएकाथिए। आयोगले नगरपालिकाहरूले पालना गर्नुपर्ने न्युनतम शर्त मापनका १० र कार्य सम्पादनका ४० सुचक गरी गरी दुवैमा ५० , ५० अंक मापन गरेर मुल्यांकन गरेको थियो। प्रथम भएलगत्तै नगरपालिकामा आउने अनुदानमा बृद्धि हुने प्राबधान छ। सुशाशन, कार्यविधि,समूदाय परिचालन, योजना कार्यान्वय लगायतका मूल्यांकनको कुल एक सय अंकमा नगरपालिकाले उक्त अंक प्राप्त गरेको हो। उपमहानगरपालिकाले प्रत्येक टोलमा टोल विकास समिति गठन गरेर उनीहरूमार्फत टोलको विकास, निकास र सरसफाइमा उदाहरणीय काम गरेको छ।

## सयौं कार्यकर्ता फोरम नेपालमा प्रवेश

सुनसरी। नेपाली कांग्रेस मधेश विरोधी रहेको आरोप लगाउँदै कांग्रेसका मेयर पदका बलियो दाबेदार संघीय समाजवादी फोरम नेपालमा प्रवेश गरेका छन्। सुनसरीको गौतमपुर गाउँपालिकाको अध्यक्ष पदका सक्षम दाबेदार नेपाली कांग्रेसका प्रभावशाली नेता हेम नारायण मेहता फोरम नेपालमा भित्रिएका छन्। कांग्रेससहित नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राजपा, राप्रपाका पनि सयौं कार्यकर्ताले आ-आफ्नो पार्टी परित्याग गरी फोरम नेपालले लिएको नीति, सिद्यान्त र अडानलाई समर्थन गर्दै पार्टीको सदस्यता लिएका हुन्। नवप्रवेशी नेता कार्यकर्ताहरूलाई संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले फूलमालाले स्वागत गर्दै पार्टी प्रवेश गराएका छन्। संघीय समाजवादी फोरम नेपाल सुनसरीले हरिनगराको गौतमपुरमा बुधबार आयोजना गरेको पार्टी प्रवेश एवं चुनावी सभामा मेहतासहित कांग्रेसका सयौं कार्यकर्ता फोरम नेपालमा प्रवेश गरेका छन्। कांग्रेस परित्याग गरेका मेहतालाई फोरम नेपालले गौतमपुर गाउँपालिकाको अध्यक्षमा उठाउने चर्चा छ। गौतमपुर गाविसमा दुई पटक विजयी भइसकेका मेहता सुनसरीमा चर्चित एवं प्रभावशाली नेताको रूपमा चिनिएका छन्। यसैगरी, नेपाली कांग्रेसका नेता प्रवीण कुमार गुप्ता, सुनैनादेवी गुप्ता, इनूस अन्सारी, एमालेका चन्दादेवी मण्डल, माओवादी केन्द्रकी राधादेवी दास, राजपा नेताहरू किर्तन ठाकुर र दिलिप गुप्ता फोरम नेपालमा प्रवेश गरेका छन्। पार्टी प्रवेश कार्यक्रममा फोरम नेपालका केन्द्रीय सचिव परशुराम बस्नेत, केन्द्रीय सदस्यहरू पद्म अधिकारी, शिवबहादुर बस्नेत र जिल्ला अध्यक्ष महेन्द्र यादव लगायतको उपस्थिति रहेको थियो।

## बारामा सर्वदलीय अन्तरक्रिया

कलैया। स्थानीय तह निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालय बाराले बुधबार सर्वदलीय अन्तरक्रिया आयोजना गरेको छ। अन्तरक्रियाको उद्‌घाटन गर्दै प्रमुख जिल्ला अधिकारी विजयनारायण मानन्धरले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउन सबै राजनीतिक दल, सञ्चारकर्मीले आ-आफ्नो दायित्व पूरा गर्नुपर्ने बताए। उनले निर्वाचन आचारसंहिताको सही पालना गरेमा स्वच्छ, निष्पक्ष एवम् भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने विश्वास व्यक्त गरे। मुख्य निर्वाचन अधिकृत एवम् जिल्ला न्यायाधीश रितेन्द्र थापाले निर्वाचन आचारसंहिताबारे प्रकाश पार्दै उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले आचारसंहिता पालना गर्नुपर्ने, सवारी साधनको प्रयोग, निर्वाचन खर्च, आमसञ्चार माध्यम, गैरसरकारी संस्था एवम् निर्वाचन पर्यवेक्षकले आचारसंहिताको पूर्ण पालना गर्नुपर्ने बताए।

## कुर्मीद्वारा कम्प्युटर हस्तान्तरण

वीरगंज। राष्ट्रिय जनता पार्टी नेपालका केन्द्रीय सदस्य एवं सांसद रमेश कुर्मीले कुर्मी सशक्तिकरण मञ्च पर्सालाई तीन थान कम्प्युटर हस्तान्तरण गरेका छन्। मञ्च पर्साले होटल सम्झनामा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि कुर्मीले समाजको आर्थिक विकासमा जोड दिँदै शिक्षाको स्तर बढाउन धारणा राखेका थिए। सकारात्मक सोच राखि समाजिक कार्य गर्न सुझाव दिँदै समाजभित्र रहेको विकृति विसंगति निर्मुल पार्न आआफ्नो क्षेत्रबाट लाग्न आग्रह गरेका थिए। एक फरक प्रसंगमा विना संविधान संशोधन मधेशमा स्थानीयको निर्वाचन नहुने ठोकुआ गर्दै पुन: मधेश मुद्दालाई ओझेलमा पार्न खोजे विद्रोह हुने चेतावनी दिएका थिए।

## आधुनिक नगर बनाउने प्रतिबद्धता

राकेश यादव, रौतहट। राजदेवी एफ एम् ९३.२ मेगाहर्जका अध्यक्ष एवं आसन्न दोस्रो चरणको स्थानीय तहको निर्वाचनमा गौर नगरपालिकाका मेयरको प्रत्यासी शम्भू साहले गौरलाइ सुन्दर, आकर्षक नगर बनाउने इच्छा रहेको बताएका छन्। चुनावको मिति नजिकिँदै जाँदा मतदाता भेटघाटमा व्यस्त रहेका साहले नयाँ सोच नयाँ उमंग र नयाँ सोचको साथ चुनावमा आएको प्रष्ट पारे। सामाजिक कार्य तथा गरीब असहाय, दलित, मुस्लिम, मठ, मन्दिर, साधु संतलाई सहयोग गर्दै समाजसेवीको पहिचान स्थापित गरेका साह पहिलो पटक राजनीतिमा प्रवेश गरी मेयर पदमा चुनाव लड्ने तयारी गरेका हुन्। भारतीय सीमासँग जोडिएका गौर जिल्लाको सदरमुकामको रूपमा रहेको छ। पूर्वमा बागमती नदी, पश्चिममा लालबकैया नदीको कारण विकासमा समुन्नत बन्न नसकेकाले मेरो सोच यसलाइ सुन्दर स्वच्छ एवं पर्यटकीय नगरी बनाउने रहेको खुलासा गरे।

## सामूहिक इफ्तारी एवं चुनावी छलफल

वीरगंज। नेशनल मेडिकल कलेजका प्रबन्धक/निर्देशक एवं समाजसेवी बसरूदिन अंसारीले वीरगंज महानगरपालिकाको वडा नं. १७ अलौंमा इफतारी एवं स्थानियबासीहरूसंग चुनावी छलफल कार्यक्रम सम्पन्न गरेका छन्। मुस्लिम समुदायको महान पर्व रमदानको अवसरमा शुक्रबार अलौंस्थित अहिलेहदिस जामे मस्जिदमा नेशनल मेडिकल कलेजका एमडि बसरूदिन अंसारी, स्थानिय हाजी मैनुदिन अंसारी, हाजी ईमाम साहेब, अब्दुल रहमान अंसारी, अफजल अंसारी, आकाश एफएमका एमडि आशिक अंसारी लगायत स्थानिय मुस्लिम समुदायका रोजा गर्ने सर्वसाधारणहरूले सामूहिक रूपमा इफ्तारी गरेका थिए।

## छ सय ८९ जनप्रतिनिधि निर्वाचित हुने

धनगढी। स्थानीय तहको निर्वाचनमा कैलाली जिल्लावाट ६८९ जना प्रतिनिधि निर्वाचित हुन लागेका छन्। क्षेत्रीय निर्वाचन कार्यालय धनगढीका अनुसार, १३ स्थानीय तह रहेको कैलालीमा सबैभन्दा बढी धनगढी उपमहानगरपालिकाबाट १०० प्रतिनिधि निर्वाचित हुन लागेका हुन्। यसैगरी टिकापुर नगरपालिका र भजनी नगरपालिकाबाट ५०/ ५०, लम्कीचुहा नगरपालिकाबाट ५५, गोदावरी नगरबाट ६५, गौरीगङ्गा नगरबाट ६० र घोडाघोडी नगरपालिकाबाट ६५ जना प्रतिनिधि निर्वाचित हुनलागेका छन्। त्यस्तै कैलारी र जानकी गाउँपालिकाबाट ४९/४९ जना, चुरे र बर्दगोरिया गाउँपालिकाबाट ३४/३४ जना, जोशीपुर र मोहन्याल गाउँपालिकाबाट ३९/३९ जना जनप्रतिनिधि निर्वाचित हुन लागेका छन्।

## सवैला खुल्ला दिशामुक्त घोषणा

धनुषा। सबैला नगरपालिका खुल्लामुक्त घोषणा गरिएको छ। साविक सवैला गा.वि.स.१ देखि ९ तथा हाल सवैला नगरपालिकामा रहेका वार्ड १,२ र ३ लाई एक कार्यक्रम गरि खुल्ला दिशा मुक्त घोषणा गरिएको छ। यस साविक गा.वि.स.मा भने २०६९ साल ज्येष्ठ ५ गते नै गाविस स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति भैसकेको भए पनि निष्क्रिय रहेकोले खुल्ला दिशा मुक्त घोषणा हुन पाएको थिएन। तर क्लब मनोकामनाको सक्रियता तथा गैरसरकारी संस्था जानकी महिला जागरण समाजको सहयोगमा उक्त कार्यक्रममा सफलता पाएकोले हरियो झण्डा समेत फहराइएको छ।

## अतिक्रमण रोक्न जग्गा अधिग्रहण

कपिलवस्तु। पुरातात्विक महत्वको तिलौराकोट दरबारपछि गोटिहवामा पनि जग्गा अधिग्रहणको प्रक्रिया सुरू भएको छ। मानवीय अतिक्रमणका कारण महत्वपूर्ण अवशेष विस्तारै नष्ट हुदै गएको भन्दै लुम्बिनी विकास कोषले अधिग्रहण कार्य अघि बढाएको हो। मौर्य सम्राट अशोकले गाडेको अशोक स्तम्भका साथै क्रकुछन्द बुद्धको जन्मथलो रहेको त्यहाँथुप्रै पुरातात्विक स्थल छन्।

facebook


देशको वर्तमान राजनीतिक अवस्थामा समस्त आन्दोलनकारी शक्तिहरूलाई समेत सहमतीमा ल्याई तेस्रो चरणको निर्वाचनमा भाग लिने वातावरण बनाउनुपर्ने आजको आवश्यकता छ। **रामेश्वर राय यादव**


संविधान रक्षाको झण्डा एमालेको हातमा र संशोधनको झण्डा मधेशी मोर्चाको हातमा भएसी जतिपटक चुनाव सारेपनि २ नम्वरमा कांग्रेसले चुनाव जित्न कठिन छ। **शंकर पोखरेल**


चुनाव सार्न कसरत गर्नेहरूले स्पष्ट गरून् : कति पटक सारे पछि राजपा निर्वाचनमा आउँछ ? ग्यारेन्टी के छ ? अनि मध्य असारको चुनाव अझ सारेर कहिले गर्ने ? खेलवाड किन ? **नारायणकाजी श्रेष्ठ**


संघीय समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी बीच देखिएको तिक्ततालाई कम गर्ने दिशामा कार्य गरौं। निर्वाचन अब निश्चित प्राय: छ। मधेश र मधेशी जनतालाई क्षति पुऱ्याउने दिशामा कोई पनि अग्रसर नहोउँ। संसदीय व्यवस्थामा सहभागी भए पश्चात् यसका नियमहरूलाई मान्नै पर्दछ। समयको माग हो, राजपा चुनावमा सहभागी भई चुनावलाई नै आन्दोलन र जनमत संग्रहको रूपमा प्रयोग गरोस्। **सरिता गिरी**


मधेशको अवस्था : उपेन्द्र, गच्छदार बाहिर र हजारौं-हजार मधेशी युवा म्यादी प्रहरीमा भए पनि मधेश ठप्प छ, आन्दोलनकारीसँगै म्यादी प्रहरी समेत जय मधेशको नारा लगाउँदैछन्। संबिधान जारी गरी केहि मधेशी दललाई राष्ट्रिय मूलधारमा तानेर मधेशलाई कमजोर गर्ने र मधेश उपर समेत यो संविधान लाद्ने डा.बाबुरामको सपना। **पुरन गुप्ता**


मधेशमा जनाधिकार गुमाउँदै गएको राजपाको माग सम्बोधनका लागि भन्दै २ नम्बर प्रदेशमा निर्वाचन सार्नु कांग्रेस र माओवादी केन्द्रको गम्भीर भुल हो। अब नेता हैन जनताको युग आएको छ, २ नम्बर प्रदेशका जनता निर्वाचनको बिरोधमा छैनन् भने राजपाका ६ नेताले मात्र किन अन्योल सृजना गर्दैछन् ??? **तेजेन्द्र काफ्ले**


राजपा नेपालले प्रदेश न.२ मा मात्रै यदि निर्वाचन सार्ने सहमति गरेको छ भने राजपाले समग्र मधेश र कैलाली, नेपालगन्ज, भैरहवा लागायतको मधेशी जनता र शहिदहरूसँग उपेन्द्र यादवले भन्दा पनि ठुलो गद्दारी गरेको छ। मधेश आन्दोलनको मुल एजेन्डा "सिमांकन" प्रति राजपाले आधिकारिक आत्मसमर्पण गर्दै गद्दारी गरेको ठहरिने छ। **ललित मल्लिक**


अहिलेको आन्दोलन राजपाको मात्र होइन, संशोधन विना चुनाव हुनुहुँदैन भनेर मत राख्ने सम्पूर्ण मधेशी जनताको हो। विगतमा भएको हरेक मधेश आन्दोलनमा मधेश मुद्धाको लागि संघर्षरत दलहरूले जसरी नेतृत्व गरेका थिए त्यसरी नै यसपालिको आन्दोलनको नेतृत्व राजपाले अवश्य लिएका छन्। **सरोज राय**


राजपा र फोरम नेपालबिचको लडाई कुनै सिद्धान्त र विचारको होईन्। यो लडाई नेपाल भित्रको पनि होइन, परिवर्तन बचाउन उपेन्द्र यादव चुनावमा गएका होईनन् वा परिवर्तन समाप्त गर्न राजपाले चुनाव वहिष्कार गरेको पनि होइन। **विकास ठाकुर**


म मधेसी हुँ, मधेसी स्वाभिमान र अधिकारको लडाई मेरो पनि लडाई हो। तर, राजपाको आन्दोलन प्रति मेरो समर्थन छैन। **मनिष झा**

## एमालेको चुनावी छलफल तथा कार्यकर्ता भेला

वीरगंज। नेकपा एमालेको भातृ संगठन अखिल नेपाल महिला संघद्धारा वीरगंजमा स्थानीय तहको निर्वाचन सम्बन्धित बृहत चुनावी छलफल तथा कार्यकर्ता भेला सम्पन्न भएको छ। वीरगंजमा भएको भेलाबाट स्थानिय तहको निर्वाचनमा पार्टीको रणनिति, कार्ययोजना लगायतको बारेमा चर्चा गर्दै सहभागीहरूले एमालेका सम्पूर्ण उम्मेदवारहरूलाई आ-आफ्नो ठाउंबाट इमान्दारीपूर्वक सहयोग गरी जिताउनु पर्नेमा जोड दिएका थिए। कार्यक्रमलाई सम्बोधन गर्नु हुदै नेकपा एमालेबाट वीरगंज महानगरपालिकाको मेयरको उम्मेदवार बसरूदिन अंसारीले पार्टीको मुल्य मान्यता र सिद्धान्त अनुसार सबैले अगाडि बढनु पर्नेमा जोड दिदै एमालेका नगर, वडा देखि मेयर सम्मको सम्पूर्ण उम्मेदवारहरू बिजयी भए मात्र पर्सा जिल्लाको चौतर्फी विकास हुने दाबी गारे। भर्खरै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आज सत्तारूढ दल र राजपाका शीर्ष नेताबीचको छलफलले अन्य प्रदेशमा असार १४ गते नै निर्वाचन गर्ने र प्रदेश नं २ मा निर्वाचन आयोगको परामर्शमा तेस्रो चरणमा गर्ने समझदारी गरेकोमा दु:ख व्यक्त गर्दै सरकारले २ नं. प्रदेशका जनतामाथि अन्याय गरेको चर्चा गर्नु हुदै नेता अंसारीले चाडै भन्दा चाडै सम्पूर्ण राजनीतिकदलहरूलाई चुनावमा सहभागी हुने गरी स्थानिय तहको चुनाव गराउनु पर्नेमा जोड दिए।

# कमला नहर सिँचाइ निर्माण कार्य द्रूतगतिमा

सिरहा। करिब ५७ वर्षदेखि अलपत्र अवस्थामा रहेको कमला नहर सिँचाइ योजना निर्माण कार्य अहिले द्रूतगतिमा अगाडि बढाइएको छ। २०१७ सालमा तत्कालीन सिँचाइ मन्त्री गणेशमान सिँहले कमला नहर सिँचाइ योजना शिलान्यास गरेका थिए। सिरहाको ४० गाविस र धनुषाका ३६ गाविसमा सिँचाइ गर्ने सरकारी लक्ष्य बजेट अभावका कारण नहर व्यवस्थापन र निर्माण कार्य पूरा नभएको स्थानीय बासिन्दाको भनाइ छ। कमला नदीको व्यवस्थापन नहुँदा बर्सेनि आउने बाढीले सिरहा, धनुषा र सीमावर्ती क्षेत्र भारतको बिहारमा डुबान हुनुका साथै धनमालको ठूलो क्षति हुने गरेको बताइन्छ। तर विगत तीन वर्षदेखि सिँचाइ मन्त्रालयले योजनावद्ध रूपमा बजेटको व्यवस्था गर्दा कमला नहरको निर्माण कार्य एवम् प्रभावकारी रूपमा व्यवस्थापन कार्य अगाडि बढाइएको छ।

# विराटनगरका दुई सय बढी उद्योगी व्यापारी फोरम नेपालमा प्रवेश



विराटनगर १, असार। देशको सबैभन्दा विशाल औद्योगिक नगरी विराटनगरका प्रतिष्ठित उद्योगी व्यापारीहरू संघीय समाजवादी फोरम नेपालमा प्रवेश गरेका छन्। फोरम नेपालको उठाउँदै आएको राजनीतिक एजेन्डासँग सहमत हुँदै दुई सय बढी चर्चित उद्योगी, एमाले र कांग्रेसका नेताहरूले पार्टीको सदस्यता लिएका छन्। स्थानीय तहको दोस्रो चरणको चुनाव नजिकिँदै गर्दा प्रदेश नं. १ मा पर्ने विराटनगरका उद्योगी व्यापारीसहित राजनीतिक नेतृत्वको प्रवेशले मोरङमा फोरम नेपाल झन् बलियो बनेको छ।

विराटनगरको जलजला चोकमा बिहिबार आयोजित पार्टी प्रवेश एवं चुनावी सभामा नवप्रवेशी उद्योगी व्यापारी एवं एमाले र कांग्रेस लगायतका नेताहरूलाई फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव स्वयंले स्वागत गर्दै पार्टीमा भित्र्याएका छन्।

नेकपा एमालेका पूर्व निर्वाचित वडा अध्यक्ष चन्द्र शेखर चन्दू, मारवाडी सेवा समितिका सचिव अशोक अटल, एमालेका वडा इकाई कमिटि अध्यक्ष कमलेश शर्मा फोरम नेपालमा प्रवेश गरेका छन्। नेपाली कांग्रेसकी नेता बिना कर्ण, राकेश कर्ण लगायत दुई सय भन्दा बढी राजनीतिक नेतृत्व र उद्योगी व्यापारीहरू पार्टीमा आबद्ध भएका छन्।

## सर्लाहीका अफजललाई उत्कृष्ट राष्ट्रपति पुरस्कार

काठमाडौं। सर्लाहीका माछापालक कृषक अफजल हुसेनलाई उत्कृष्ट राष्ट्रपति कृषक पुरस्कार प्रदान गरिएको छ। रू दुई लाख राशिको उक्त पुरस्कार मंगलबार कृषि विकास मन्त्रालयमा राष्ट्रिय किसान आयोगका अध्यक्ष चित्रबहादुर श्रेष्ठले हुसेनलाई प्रदान गरेका हुन्। वि.सं. २०७० सालदेखि यो पुरस्कार वितरण गरिँदै आएको छ। सर्वोत्कृष्ट एक र उत्कृष्ट चार जनालाई जनही रू एक लाखरूपैया राशिको उक्त पुरस्कार पत्रकारिता पेसा छोडेर कृषिमा लागेका थमबहादुर रजाली मगर, कृषि विषय पढेर कृषिमा लागेका सुमेरसम्शेर जबरा, विदेश जानबाट रोकिएकी इन्द्रकुमारी लावती र रोजेर कृषि पेसा गरेका खडकसिंह विष्टलाई प्रदान गरिएको छ।

## भैरहवा पर्यटकीय हव : कांग्रेसका उम्मेदवार

ललितपुर। नेपाली काँग्रेस सिद्धार्थनगर नगरपालिकाका मेयर पदका उम्मेदवार मातृकाप्रसाद यादवले भैरहवालाई पर्यटकीय नगरको रूपमा विकास गरिछाड्ने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले गौतम बुद्धको जन्मस्थल लुम्बिनीको प्रवेशद्वारमा रहेको सिद्धार्थनगरलाई हरियालीयुक्त, प्रदुषणमुक्त, पार्किङ्ग व्यवस्थापन, फन पार्क, वनभोज स्थल, मनोरञ्जन स्थल र खेलकुद मैदानको निर्माण लगायतका पूर्वाधार विकास गरी पर्यटकीय नगर बनाउने योजना सार्वजनिक गरेका छन्।

नगरपालिकाका मेयर उम्मेदवार यादवले नगरभित्रका सम्पूर्ण सडकलाई पक्की बनाउने, पिछडिएका क्षेत्रमा पनि विकासको गति बढाउने, बिद्युतको समस्याको दिर्घकालीन समाधानका लागि पनि योजनाबद्ध तरिकाले काम गर्ने उल्लेख गरे। उनले नगरपालिकाको समग्र विकासकालागी आवधिक गुयोजना तयार गरी बाहिरी चक्रपथको निमार्ण, नगरपालिकालाई उपमहानगरपालिकामा रूपान्तरण, फोहोरको दीर्घकालीन व्यवस्थापन, घुम्ती शौचालय सेवा सचालन सहितका कार्यक्रमहरू सार्वजनिक गरेका छन्। नेपाली काँग्रेस क्षेत्र नं २ रूपन्देहीका सभापति समेत रहनुभएका यादवले यस क्षेत्रको भाषा, साहित्य, कला समग्र क्षेत्रको बिकासकालागी काम गर्दै नगरका युवालाई लक्षित गरी स्वरोजगार, आयमूलक तथा सीपमूलक तालिमको बिशेष प्याकेज ल्याउने घोषणा गरे। त्यस्तैगरी नेपाली काँग्रेसकै तर्फबाट उपमेयरकी उम्मेदवार माधवी शर्मा वाग्लेले महिला ससक्तिकरण एवं आयआर्जनकालागि सीपमूलक अवसरहरू प्रदान गरिने बताए। उनले नगरमा रहेका अति विपन्न, सिमान्तकृत समुदाय, अपाङ्ग एवं असक्तका हितमा कल्याणकारी योजना ल्याउने बताए। उपमेयरकी उम्मेदवार बाग्लेले नगर, बडामा शान्ति एवं मेलमिलाप केन्द्र गठन गरी प्रभावकारी ढगंले सेवा प्रदान गर्ने, वडा नं ७ र १२ मा बाल एवं बृद्धाआश्रम सयुक्त रूपमा सचांलनगरी बाल एवं मातृत्व भाव अभिबृद्धि गर्ने, वडा एवं नगरमा बैज्ञानिक एवं समय सापेक्ष कर प्राणाली लागुगरी आर्थिक रूपमा नगरलाई सवल बनाउने प्रतिवद्धता व्यक्त गरेका छन्।

## आर्थिक समाचार

### एनसेलले ल्यायो "वानप्लान"

काठमाडौं। एनसेल प्राइभेट लिमिटेडले सुलभ दरमा गुणस्तर सेवाप्रदानगर्ने आफ्नो प्रतिबद्धता बमोजिमआकर्षक साप्ताहिक 'वानप्लान'कम्बो प्याकल्याएको छ। यस अन्तर्गत एनसेलका सबै ग्राहकहरूले सुलभ दरमा भ्वाइस, डेटा, एसएमएस र योण्डर म्युजिक सेवाको मजा एकै प्याकमार्फत लिन सक्नेछन्। असार १ गते देखि लागु भएको वानप्लानप्याकएनसेलका सबै प्रिपेड र पोष्टपेड ग्राहकका लागि मान्य हुनेछ। यसका साथ-साथै यो योजनाअन्तर्गत प्याक सुचारू गर्ने ग्राहकले एक हप्तासम्म योण्डर म्युजिक एपमा नि:शुल्क अनलाइन गीतसंगीतको मजा लिन सक्नेछन्। वानप्लान योजनाअन्तर्गत, एनसेलका ग्राहकले आफ्नो आवश्यकताअनुसार वानप्लान १५०, वानप्लान ३०० र वानप्लान ५०० गरी तीन वटा प्याकहरू लिन सक्नेछन्। वानप्लान १५० प्याकमाग्राहकले एक हप्ताको प्याक रू १५० मा लिएर ५०० एमबी डेटा, १०० मिनेट अन नेट टक टाइम र २०० वटा अन नेट एसएमएस सेवाको मजालिन सक्नेछन्। त्यस्तै वानप्लान ३०० अन्तर्गत ग्राहकले रू ३०० मा १५०० एमबी डेटा, ३०० मिनेट अन नेट टक टाइम र ६०० वटा अन नेट एसएमएस पाउनेछन्। त्यसैगरी, ग्राहकले वानप्लान ५०० अन्तर्गत मात्र रू ५०० मा ३००० एमबी डेटा, ६०० मिनेट अन नेट टक टाइम र १२०० वटा अन नेट एसएमएस सेवा प्राप्त गर्नेछन्। वानप्लान योजनाअन्तर्गत कुनै पनिप्याक सुचारू गरेकाग्राहकले एक हप्तासम्म योण्डर म्युजिकमा नि:शुल्क अनलाइन गीतहरूको मजा लिन सक्नेछन्। योण्डर म्युजिकएप १५,००० भन्दा बढि नेपाली गीतसंगीतहरू सहित२ करोडभन्दा बढि गीतहरू समावेश गरिएको डिजिटल म्युजिक लाइब्रेरी हो। उल्लेखित वानप्लान प्याकका शुल्कहरू सबै कर सहित हुन् र प्याक सुचारू भएको दिन देखि एक हप्ताको लागिमान्य हुनेछ।"डेटाको साथै भ्वाइस र एसएमएस सेवाको बढ्दो मागलाई संबोधन गर्नका लागि हाम्रा ग्राहकहरू माझ यी कम्बो प्याकहरू ल्याउन पाउदा हामी खुसि छौ।यसले ग्राहकलाई थप लाभ प्रदान गर्नेछ," कम्पनीकाकर्पोरेट संवाद विज्ञ मिलनशर्माले भने।

### ग्लोबल आईएमईको निशुल्क आस्वा

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडले बिभिन्न कम्पनीहरूले निष्काशन गरेको आईपिओ तथा एफपिओमा आस्वा (एप्लिकेशन सपोर्टेड बाइ ब्लक्ड एमाउण्ट) प्रणालीमार्फत सेयरमा आवेदन गर्दा नि:शूल्क सेवा दिने निर्णय गरेको छ। जसअनुसार, अब आस्वा प्रणालीबाट ग्राहकहरूले ग्लोबल आइएमई बैंकबाट नि:शुल्क र सहज रूपमा बैंकमा रहेको मौज्दात रकम रोक्का गरेर धितोपत्र निष्काशनको लागि आवेदन दिन सक्नेछन्। आस्वा प्रणाली मार्फत सेयरमा लगानी गर्दा ग्राहकले सेयरमा लगानी गर्न चाहेको कित्ता बराबरको रकम ग्राहकको खातामा नै रोक्का हुनेछ भने उक्त रकमको ब्याज समेत ग्राहकले प्राप्त गर्नेछन्। यस नि:शुल्क सेवाबाट आस्वा प्रणाली मार्फत शेयरमा आवेदन गर्न ग्राहकहरू थप अभिप्रेरित हुने विश्वास बैंकका रहेको छ। यो सेवा बैंकका सबै ९५ शाखाहरूबाट उपलब्ध हुनेछ। साथै ग्लोबल आईएमई बैंकको मोबाईल बैकिङ्ग एप "ग्लोबल स्मार्ट" तथा इन्टरनेट बैंकिङ्ग सुविधा "ग्लोबल अनलाईन" सेवाबाट पनि ग्राहकहरूले आईपिओ तथा एफपिओको लागि आवेदन दिन सक्नेछन्।







मिथिला दर्शन टीभी
कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं